# अध्याय-एक

# शोध परिचय

## १.१ विषय परिचय

उपन्यासकार तारानाथ शर्मा नेपाली साहित्यका क्षेत्रमा विशिष्ट योगदान दिने प्रखर स्रष्टा हुन् । उनको जन्म वि.सं. १९९१ आषाढ ९ गते निर्जला एकादशीका दिन इलाम जिल्लाको बरबोटे भन्ने गाउँमा भएको हो । उपन्यासकार शर्माको शिक्षा-दीक्षा दार्जिलिङ्गबाट आरम्भ भएको हो । अङ्ग्रेजी विषयमा इङ्ल्यान्डबाट एम.ए. र भाषाविज्ञानमा अमेरिकाबाट विद्यावारिधि समेत गरेका शर्माको शैक्षिक व्यक्तित्व विशिष्ट बनेको छ । उनले पद्मकन्या क्याम्पस, त्रिभुवन विश्वविद्यालय, त्रिचन्द्र कलेज, पाटन कलेज र सरस्वती कलेजमा अङ्ग्रेजी र नेपाली विषयको प्राध्यापन गरेको देखिन्छ । यही प्राध्यापन र निरन्तरको स्वअध्ययनले गर्दा उपन्यासकार शर्माको साहित्यिक व्यक्तित्व फस्टाएको देखिन्छ । वि.सं. २००८ साल वैशाखको 'साथी' साप्ताहिकमा प्रकाशित 'इलाम' शीर्षकको प्रबन्धबाट साहित्यिक यात्रा प्रारम्भ गरेका शर्माले नेपाली साहित्यका कथा, उपन्यास, निबन्ध, कविता र समालोचना विधामा कलम चलाएका छन् । यसरी विविध विधामा कलम चलाउन सफल शर्मा बहुमुखी प्रतिभा भएका साहित्यिक व्यक्तित्व हुन् ।

प्रबन्ध विधाबाट साहित्यिक फाँटमा प्रवेश गरेको शर्मा निबन्ध विधामा नै बढी चर्चित र सिद्धहस्त देखिन्छ । साहित्यकार शर्माको औपन्यासिक यात्रा भने वि.सं. २०२३ सालमा प्रकाशित 'ओझेल पर्दा' शीर्षकको उपन्यासबाट आरम्भ भएको हो । शर्मा नेपाली उपन्यास परम्पराको आलोचनात्मक यथार्थवादी धाराको उपन्यासकार हुन् । उपन्यासकार शर्माको 'ओझेल पर्दा' (२०२३), 'मेरो कथा' (२०२३), 'सुली' (२०३०), 'झझल्को' (२०४५) र 'नेपालदेखि अमेरिकासम्म' (२०४९) जस्ता औपन्यासिक कृतिहरू प्रकाशित भएको देखिन्छ । नेपाली भाषाको प्रवर्द्धनका लागि 'झर्रोवाद' जस्ता भाषिक आन्दोलन समेत चलाएका शर्मा रत्नश्री सुवर्ण पदक, मदन पुरस्कार, साझा पुरस्कार, महेन्द्र विद्याभूषण 'क' जस्ता पदक र

पुरस्कारद्धारा सम्मानित भएको देखिन्छ ।

आधुनिक नेपाली साहित्यका विभिन्न विधामा योगदान दिने स्रष्टा शर्माको लेखनका विभिन्न आयामहरू छन् । उनले योगदान दिएका विधाहरूमध्ये उनको निबन्ध विधामा सर्वाधिक अध्ययन अनुसन्धान भएको पाइन्छ । तर उनको उपन्यास विधाको कुनै कृतिमा अध्ययन अनुसन्धान भएको पाइँदैन । त्यसैले यस शोधमा उनको 'नेपालदेखि अमेरिकासम्म' उपन्यासको अध्ययन विश्लेषण गरिएको छ । वि.सं. २०३८ सालतिर लेखिएको मानिने यस उपन्यासको प्रकाशन भने वि.सं. २०४९ सालमा मात्र भएको हो । तत्कालीन पञ्चायती शासनको राजनैतिक परिवेशलाई आधारभूमि बनाएको 'नेपालदेखि अमेरिकासम्म' उपन्यासको विश्लेषण उपन्यासको विधातात्त्विक सैद्धान्तिक मान्यताका आधारमा गरिएको छ ।

## १.२ समस्याकथन

नेपाली साहित्यका विविध विधामा कलम चलाउने तारानाथ शर्मा नेपाली साहित्यका चम्किला तारा हुन् । उनको जीवनी, व्यक्तित्व, कृतित्व र अन्य विधामा शोध, अनुसन्धान भइसकेको छ तर उनको 'नेपालदेखि अमेरिकासम्म' उपन्यासका बारे वर्तमान पुस्ताका साहित्यिक पाठकहरू त्यति परिचित छैनन् । उपन्यासकार शर्माको 'नेपालदेखि अमेरिकासम्म' उपन्यासबारे विभिन्न समालोचनात्मक कृतिहरूमा विभिन्न लेखकहरूले सङ्क्षिप्त टिप्पणी मात्र गरेको देखिन्छ । उनको यस उपन्यासको समग्र अध्ययन-विश्लेषण गर्नु यस शोधपत्रको प्रमुख समस्या रहेको छ । प्रस्तुत शोधको समस्यालाई निम्नानुसार स्पष्ट पार्न सकिन्छ :

क) 'नेपालदेखि अमेरिकासम्म' उपन्यासको वस्तुविधान के कस्तो रहेको छ ?

ख) 'नेपालदेखि अमेरिकासम्म' उपन्यासको पात्रविधान के कस्तो रहेको छ ?

ग) 'नेपालदेखि अमेरिकासम्म' उपन्यासको परिवेश विधान के कस्तो रहेको छ ?

घ) 'नेपालदेखि अमेरिकासम्म' उपन्यासको उद्देश्य र भाषाशैली के कस्तो रहेको छ ?

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्य 'नेपालदेखि अमेरिकासम्म' उपन्यासको अध्ययन विश्लेषणमा केन्द्रीत रहेको छ । माथि समस्याकथनमा उल्लेख गरिएका समस्याहरूको समाधान गर्नु नै यस शोधपत्रको उद्देश्य हो । तसर्थ यो शोधकार्य निम्नलिखित उद्देश्य प्राप्ति तर्फ केन्द्रीत रहेको छ :

क) 'नेपालदेखि अमेरिकासम्म' उपन्यासको वस्तुविधानको अध्ययन विश्लेषण गर्नु ।

ख) 'नेपालदेखि अमेरिकासम्म' उपन्यासको पात्रविधानको अध्ययन विश्लेषण गर्नु ।

ग) 'नेपालदेखि अमेरिकासम्म' उपन्यासको परिवेश विधानको अध्ययन विश्लेषण गर्नु ।

घ) 'नेपालदेखि अमेरिकासम्म' उपन्यासको उद्देश्य र भाषाशैलीको अध्ययन विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यका विविध विधामा कलम चलाउने तारानाथ शर्माका बारेमा अध्ययन अनुसन्धान ज्यादै कम मात्रामा भएको पाइन्छ । हालसम्म "तारानाथ शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन" (२०४०) र "तारानाथ शर्माका निजात्मक निबन्धको कृतिपक अध्ययन" (२०५९) शीर्षकमा शोधकार्यको भएको देखिन्छ । उनको जीवनी र व्यक्तित्व र कृतित्व सम्बन्धी शोधकार्यले वि.सं. २०४० भन्दा अगाडिको औपन्यासिक यात्रालाई  मात्र समेटेको छ । वि.सं. २०४० भन्दा पछिको औपन्यासिक यात्राका सम्बन्धमा कुनै अध्ययन हुन सकेको छैन । यसरी उनको उपन्यासकारिताको विषयमा थोरै मात्र अध्ययन अनुसन्धान भएको पाइन्छ । यसका साथै उनको 'नेपालदेखि अमेरिकासम्म' उपन्यासमा केन्द्रीत रहेर भने हालसम्म कुनै पनि अध्ययन अनुसन्धान भएको देखिँदैन । तसर्थ यहाँ उपन्यासकार शर्माको उपन्यासकारिताका साथै 'नेपालदेखि अमेरिकासम्म' उपन्यासका सम्बन्धमा

प्राप्त पूर्वकार्य सम्बन्धी सामग्रीहरूलाई कालक्रमिक रूपमा निम्नानुसार प्रस्तुत गरिन्छ :

- **घट्टराज भट्टराई** : 'प्रतिभैप्रतिभा र नेपाली साहित्य' (२०४०) नामक कृतिमा 'ओभ्रेल पर्दा', 'मेरो कथा' र 'सुली' जस्ता तिन उपन्यास कृतिको स्रष्टाका रूपमा प्रस्तुत गर्दै शर्माको यथार्थवादी र स्पष्टवादी व्यक्तित्व कृतिमा झल्किएको टिप्पणी गरिएको छ ।
- **जगदीशचन्द्र भण्डारी** : 'तारानाथ शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन' (२०४०) शीर्षकको स्नातकोत्तर स्तरीय शोधमा तारानाथ शर्माको उपन्यासकारिताको परिचय दिँदै उनको 'ओभ्रेल पर्दा', 'मेरो कथा' र 'सुली' उपन्यासको विश्लेषण गरेका छन् । तर 'नेपालदेखि अमेरिकासम्म' उपन्यास यस शोधकार्यभन्दा पछि प्रकाशित कृति भएकाले यसको चर्चा भएको छैन ।
- **घट्टराज भट्टराई** : 'नेपाली साहित्यकार परिचय कोश' (२०५१) नामक कृतिमा नेपाली नेपाली साहित्यकारहरूको परिचय दिँदै तारानाथ शर्माको साहित्यिक व्यक्तित्वको चर्चा गरी उनको 'नेपालदेखि अमेरिकासम्म' उपन्यासको नाम उल्लेख गरिएको छ ।
- **कृष्णचन्द्रसिंह प्रधान** : 'नेपाली उपन्यास र उपन्यासकार' (२०५५) नामक कृतिमा उपन्यासकार शर्मालाई आलोचनात्मक यथार्थवादी धाराका सशक्त उपन्यासकारका रूपमा मात्र चर्चा गरिएको छ ।
- **कृष्णहरि बराल र नेत्र एटम** : 'उपन्यास सिद्धान्त र नेपाली उपन्यास' (२०५८) नामक कृतिमा तारानाथ शर्मालाई आलोचनात्मक यथार्थवादी धाराका सशक्त उपन्यासकारका रूपमा टिप्पणी गर्दै उनको 'नेपालदेखि अमेरिकासम्म' उपन्यास भ्रमणसँग सम्बन्धित कृति भनेर उल्लेख गरिएको छ । यसका साथै यस उपन्यासलाई देशभक्ति र संस्कृतिप्रेमले युक्त यति राम्रो उपन्यास नेपालीमा अर्को छैन भनी टिप्पणी गरिएको छ ।

## १.५) शोधको औचित्य, महत्त्व र उपयोगिता

उपन्यासकार तारानाथ शर्माको उपन्यासकारिताको बारेमा हालसम्म विस्तृत रूपमा अध्ययन अनुसन्धान भएको देखिँदैन । प्रस्तुत 'नेपालदेखि अमेरिकासम्म' उपन्यासका सन्दर्भमा समालोचनात्मक कृतिहरूमा सङ्क्षिप्त टिप्पणीहरू प्राप्त भए पनि समग्र कृतिको अध्ययन भने हालसम्म भएको छैन । यस अर्थमा पनि यस शोधको विशिष्ट महत्त्व रहने देखिन्छ । यस उपन्यासका बारेमा जान्न चाहने पाठक तथा अनुसन्धानकर्ताका लागि यो शोध एउटा उपयोगी सामग्री ठहरिएको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्यमा उपन्यासकार तारानाथ शर्माको 'नेपालदेखि अमेरिकासम्म' उपन्यासको विधातात्त्विक मान्यताका आधारमा विश्लेषण गरिएको छ । यही नै शोधको सीमाङ्कन हो ।

## १.७ शोधविधि

प्रस्तुत शोध तयार गर्दा सामग्री सङ्कलनका लागि मुख्य रूपमा पुस्तकालयीय अध्ययनलाई अँगालिएको छ । प्रस्तुत शोधका क्रममा प्राप्त समीक्षा, समालोचना तथा अन्य सन्दर्भ सामग्रीहरूको अध्ययन गरी विवेच्य उपन्यासको विश्लेषण गरिएको छ । यस शोधकार्यको विश्लेषणको प्रमुख आधार विधातत्त्वलाई बनाइएको छ ।

## १.८ शोधपत्रको रूपरेखा :

प्रस्तुत शोधलाई निम्न लिखित अध्यायमा सङ्गठित गरिएको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : 'नेपालदेखि अमेरिकासम्म' उपन्यासको वस्तुविधान

अध्याय तिन : 'नेपालदेखि अमेरिकासम्म' उपन्यासको पात्रविधान

अध्याय चार : 'नेपालदेखि अमेरिकासम्म' उपन्यासको परिवेश विधान

अध्याय पाँच : 'नेपालदेखि अमेरिकासम्म' उपन्यासको उद्देश्य र भाषाशैली

अध्याय छ : सारांश तथा निष्कर्ष

# अध्याय : दुई

# नेपालदेखि अमेरिकासम्म उपन्यासको वस्तुविधान

## २.१ उपन्यासमा वस्तुविधान सम्बन्धी अवधारणा

उपन्यासमा सिलसिलेबार रूपमा घटित हुने घटनाहरूको शृङ्खला नै वस्तु हो । जसलाई कथावस्तु वा कथानक पनि भनिन्छ । घटित घटनाहरूको व्यवस्थित विन्यास नै कथावस्तु हो । कथावस्तु आख्यानात्मक विधाको आत्म हो । तसर्थ यसलाई उपन्यास संरचनाको आधारशीला मानिन्छ । उपन्यासभित्र घटित घटनाहरूको योजनावद्ध ढाँचा नै उपन्यासको कथावस्तु हो । यसमा आउने घटनाहरू कार्यकारण सम्बन्धमा कसिएका र व्यवस्थित गरिएका हुन्छन् ।[१] कथावस्तुभित्र घटना, चरित्र, विचार, कल्पना आदि तत्त्वहरूको उपस्थितिबाट वस्तुविधान निर्माण भएको हुन्छ । यसरी निर्माण भएको कथावस्तु वा वस्तुविधानबाट नै उपन्यास गतिशील हुन्छ । तसर्थ कथावस्तु उपन्यासको गति हो । यसले उपन्यासलाई सुरूदेखि अन्त्यसम्म क्रियाशील बनाउँदछ । कथावस्तुको भूमिका चरित्रप्रधान उपन्यासमा कम जस्तो देखिए पनि कथावस्तुविना उपन्यासले मूर्तरूप प्राप्त गर्न सक्दैन । तसर्थ यो उपन्यासको आधारभूत संरचक तत्त्व हो । जसमा विभिन्न घटना, कार्यव्यापार, परिवेश र परिस्थितिको अन्विति हुन्छ । तसर्थ कथावस्तु अनुशासन विहिन, कलात्मक विहिन र विचार विहिन हुँदैन ।[२] जसबाट उपन्यासको कथावस्तु घटनाहरूको व्यवस्थित विन्यासमा आवद्ध भएको हुन्छ भन्ने कुरा स्पष्ट हुन्छ । कथावस्तुमा द्वन्द्व र द्वन्द्वबाट उत्पन्न हुने क्रियाको महत्त्वपूर्ण भूमिका हुन्छ । द्वन्द्व र क्रियाले नै कथावस्तुमा नयाँ-नयाँ मोडको सिर्जना हुन्छ । जसको अभावमा कथावस्तुको रचना सम्भव हुँदैन ।[३] द्वन्द्वको आधारभूमिमा क्रियाशील हुने

---

१ कृष्णहरि बराल र नेत्र एटम, उपन्यास सिद्धान्त र नेपाली उपन्यास, दो.सं., (काठमाडौँ : साझा प्रकाशन, २०५८), पृ २२ ।

२ ऋषिराज बराल, उपन्यासको सौन्दर्यशास्त्र, दो.सं., (काठमाडौँ : साझा प्रकाशन, २०६३), पृ. ३१ ।

३ कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ .२६ ।

कार्यव्यापारबाट नै उपन्यासको कथावस्तु गतिशील बन्दछ ।

उपन्यास लेखनका क्रममा लेखकले कुनै न कुनै स्रोतबाट कथावस्तु लिएको हुन्छ । यस्ता स्रोतहरू सामान्यतः इतिहास, यथार्थमूलक, मिथक, रागात्मक, सौन्दर्य र स्वैरकल्पना हुन् । [४] यसरी विभिन्न स्रोतबाट प्राप्त कथावस्तुलाई आदि, मध्य र अन्त्यको शृङ्खलामा समुचित विन्यास गरिन्छ । जसलाई कथावस्तुको आङ्गिक विकास भनिन्छ । कथावस्तुले विभिन्न पाँच चरण पार गरेपछि मात्र कथानकको आङ्गिक विकासले पूर्णतः प्राप्त गर्दछ । ती पाँच चरणहरू हुन् : आरम्भ, सङ्घर्ष विकास, चर्मोत्कर्ष, सङ्घर्षह्रास र उपसंहार । त्यस्तै गरी कथावस्तुलाई मुख्यतः सरल र जटिल, मुख्य र सहायक, सुगठित र अव्यवस्थित गरी वर्गीकरण गर्न सकिन्छ । यसरी यी विभिन्न शृङ्खलाको व्यवस्थित विन्यासबाट उपन्यासको वस्तुविधान निर्माण हुन्छ ।

## २.२ नेपालदेखि अमेरिकासम्म उपन्यासमा आयोजित वस्तुविधानको विश्लेषण

**नेपालदेखि अमेरिकासम्म** उपन्यासको कथावस्तु पञ्चायत कालको राजनैतिक परिवेशका कारण नेपाली युवायुवतीले विदेसिनु परेको बाध्यात्मक परिस्थितिमा आधारित रहेको छ । कीर्तिपुरको होस्टलमा बस्ने ६ जना छात्राहरू विवाह पश्चात् श्रीमान्हरूसँग पढाइका लागि अमेरिका प्रस्थान गरेको यात्राक्रम यस उपन्यासको मूल आधार बनेको छ । पञ्चायत कालको नराम्रा कुराहरूको भण्डाफोर गर्दै प्रजातन्त्रको वकालत गर्नु यस उपन्यासको कथावस्तुको मूल मर्म हो । [५] वि.सं. २०३५ सालितरको विद्यार्थी आन्दोलनका साथै पञ्चायत कालको निरङ्कुश शासन प्रणालीले सिर्जित अवस्थालाई उपन्यासको मूल कथावस्तुका रूपमा समेटिएको छ । उपन्यासमा चित्रित पात्रहरुको मनमा रहेको नेपाल र अमेरिकाको साँस्कृतिक द्वन्द्वमा नेपाली राष्ट्रिय संस्कृतिको विजय भएको देखाएको छ । यस उपन्यासको कथावस्तुको बुनोट देशप्रेम र संस्कृतिप्रेमको सेरोफेरोमा बुनिएको छ । मुख्यतः देशप्रेम र संस्कृतिप्रेम उजागर गर्नु विवेच्य उपन्यासको कथावस्तुगत मूल मर्म हो ।

---

४ ऐजन, पृ. २५ ।

५ ऐजन, पृ. १२२ ।

विवेच्य उपन्यासको कथावस्तु कविता, नीलिमा, सम्पा, छाया र कामिनीकोकीर्तिपुर छात्रावासको बसाइँका साथै यिनीहरूको अमेरिकासम्मको यात्रामा संरचित रहेको छ । यसका साथै एकोहोरो प्रेमको आशक्तिमा विक्षिप्त बनेको श्यामलालको विकृत मनोदशा, शेखरको पाशविक व्यवहार, मोहनमुनि र शोभाको सम्बन्ध, तत्कालीन राजनैतिक परिवेश आदि उपन्यासको कथावस्तुमा जोडिएर आएको छ । कीर्तिपुर छात्रावासको बसाइँका साथै यिनीहरूको अमेरिकासम्मको यात्रामा संरचित यस उपन्यासको कथावस्तुको स्रोत यथार्थमूलक अनुभवबाट लिएको देखिन्छ । पञ्चायत कालको निरङ्कुशता, तत्कालीन समयको शैक्षिक व्यवस्था, युवायुवतीको विदेश पलायन आदि तत्कालीन समयको यथार्थ हो । जुन उपन्यासको मूल मर्म बनेको छ । विदेसिएका युवायुवतीमा रहेको देशप्रेम र संस्कृतिप्रेम उपन्यासमा जीवन्त बनेर आएको छ । एकोहोरो प्रेमको आशक्तिले जन्मेको विकृत मनोदशा कस्तो हुन्छ भन्ने कुरा पनि यस उपन्यासको कथावस्तुमा उनेर आएको छ । यसका साथै विवेच्य उपन्यासले नारी स्वतन्त्रतालाई वकालत गरेको देखिन्छ । नीलिमाले शेखरसँगको वैवाहिक जीवन असफल भएपछि अशेष ढुङ्गानासँग फेरि नयाँ दाम्पत्य जीवन सुरू गर्नु, कामिनी आफ्नो श्रीमान् रत्नप्रकाशको व्यवहारबाट असन्तुष्ट भएपछि पूर्वप्रेमी मणिरत्नसँग पोइल जानु र यस कुरालाई कामिनीका साथीहरूले सकरात्मक रूपमै लिनु जस्ता आदि कुराले नारी स्वतन्त्रतालाई जोड दिएको देखिन्छ । यसरी विविध घटनाक्रमबाट विवेच्य उपन्यासको कथावस्तुलाई जोड दिएको देखिन्छ । यसरी विविध घटनाक्रमबाट विवेच्य उपन्यासको कथावस्तु निर्माण भएको देखिन्छ । यस उपन्यासको कथावस्तुमा घटनाहरू सुगठित रूपमा प्रस्तुत गरिएको छ । रैखिक ढाँचामा संरचित यात्रा संस्मरण जस्तो देखिने विवेच्य उपन्यासको कथावस्तुको विकासलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

### २.२.१ आदि भाग

#### क) आरम्भ

- दार्जिलिङ्गको शिक्षा, दीक्षा र सुसंस्कारमा हुर्के बढेकी कविता श्रेष्ठ अध्ययनको सिलसिलामा कीर्तिपुरको विश्वविद्यालय आइपुग्नु,

- कीर्तिपुरको विश्वविद्यायमा कविताको भेट कामिनी, नीलिमा, सम्पा र छायासँग हुनु र छात्रावासमा स्नातक तहमा अध्ययनरत अछामे शोभा प्रधानसँग बस्नु,
- शोभाले कवितालाई आफ्नो भावी भाउजूका रूपमा देख्नुका साथै कविताका साथीहरू कामिनी, नीलिमा, सम्पा र छायाले शोभाको दाजु श्यामलालसँग जोडेर कवितालाई जिस्क्याउनु र दृढ स्वभावकी कविताले शोभाको आशय बुझी शोभाबाट टाढै रहने निश्चय गर्नु,
- सात वर्ष रूस बसेका र चार बर्ष अघि विदामा आउँदा नीलिमासँग एक घण्टा वातचित गरेर विवाह गर्ने वाचा समेत गरेको इन्जिनियर शेखर शर्माको स्वागत गर्न नीलिमा र उसका साथीहरू सबै एयरपोर्ट जानु,
- शेखरको नेपाल आगमन पश्चात्, नीलिमा र शेखरको विवाहको कुरा चल्नु, उसका साथीहरुले नीलिमा भाग्यमानी भएको उल्लेख गर्नु तर कविताले भने नीलिमालाई हतारमा निर्णय नलिन आग्रह गर्नु,
- नीलिमा बाहेक अरू सबै परीक्षाको तयारीमा जुट्नु तर नीलिमाले भने पढाइ नै छाडेर शेखरसँग विवाह गरी दाम्पत्य जीवन सुरू गर्नु,

**ख) सङ्घर्ष विकास**

- देश खाइ शेष भएका र चार वर्ष अघि दिएको विवाहको वचनसमेत नबिर्सेकाले शेखरलाई धेरै स्नेही र उदार होला भन्ने सोचेकी नीलिमाले दाम्पत्य जीवनको केही महिनामै दुःखदायी परिस्थितिको सामना गर्नुपर्नु र सबै साथीहरू परीक्षा सकाएर घर गएकाले नीलिमाले आफ्नो पीडा अरूसँग बाँड्न नपाइ भित्रभित्रै जल्नु,
- शेखरले रक्सी खाएर नीलिमालाई दिन दिनै शारीरिक यातनाका साथै मानसिक यातना समेत दिनु,
- अञ्चलाधीस भइसकेका बाबुको इज्जत माटामा मिलाउन र उद्योगपति ससुराको कुलधरानलाई अरूले खिल्ली उडाएको हेर्न

नसक्ने भएकाले र आफ्नो संस्कारजन्य परिवेश, साँस्कृतिक आचार र धार्मिक परम्परालाई लत्याउन नसक्नाले नीलिमा एक शिक्षिता नारी भएर पनि कामपिपासु शेखरको हिंस्रक व्यवहार सहन विवश हुनु,

- हरितालिका तीजमा माइत गएकी नलिमाको भेट सम्पासँग हुनु, पञ्चमी नुहाउन नीलिमा साथी सम्पाका साथै आमा, ठूली भाउजू र अन्य नातेदारसँग बाग्मतीमा जानु, बाग्मती नदीमा नुहाउन लाग्दा सम्पाले शरीरको नीलडामबारे साधे पछि नीलिमाले आफ्नो मनभरिको पीडा, वेदना सम्पालाई सुनाउनु,
- तीजमा माइत गएकी नीलिमालाई तीजको रमझमले छुनुको साटो मनमा अनेक तर्कहरू उठ्नु, कामपिपासु शेखरको कामतीर्खाको अग्निकुण्डमा चौध वर्षे कलिली कान्छी परी होली भन्ने ठूलो चिन्ता पर्नु र दर्के पानी परिरहेको बेला पनि माइतमा कसैलाई केही नभनी पुतली सडकबाट आफ्नो घरतिर लाग्नु र घरमा शेखरलाई कान्छीको साथ रङ्गे हात पक्डनु,
- कामपिपासु शेखरले दिएको शारीरिक तथा मानसिक पीडाले व्याकुल भएकी नीलिमाले शेखरको हातमा आफूलाई सुम्पेर जीवन खेर फाल्नु कायरता हो भन्ने सम्झनु,

### २.२.२ मध्य भाग

#### क) सङ्कटावस्थाको शृङ्खला

- पहिलो पङ्तिमै यो प्रेमपत्र होइन, भनेर लेखेको अमेरिकाबाट प्रेषित श्यामलालको प्रेमपत्र कविताले छात्रावास आउने वित्तिकै प्राप्त गर्नु र पत्र पढेपछि कविता बेचैन हुनु,
- श्यामलालको प्रेमपत्रले कविता जस्ती गम्भीर र दृढ युवतीलाई पनि केही बेचैन बनाए पनि कसैको याचनामा क्षणभरमै पग्लिहाल्ने र आत्मसमर्पण गरिहाल्ने केटी नभएकाले कवितालाई उक्त पत्रले केवल

चिन्तित मात्र बनाउनु र श्यामलालको अपेक्षा अनुरूप कवितामा प्रभाव नपर्नु,

- कविताले श्यामलालले पठाएको पत्रबारे आफ्नो साथीहरूलाई सुनाए पछि साथीहरूले जिस्क्याउनु र यस्तै माहोलमा नीलिमा आएर कविताको काखमा घोप्टिएर रुनुका साथै आफ्नो सारा पीडा सुनाइ साथीहरूसँग सल्लाह माग्नु र साथीहरूले शेखरसँग पाचुके गर्न सल्लाह दिनु,
- नीलिमालाई शेखरको पाशविक व्यवहारबाट छुटकारा दिलाउन दुई वर्ष बेलायतमा अध्ययन गरी नेपाल भरखर फर्केका दाजु देवमणिले समेत नीलिमाले पाचुके गर्नुपर्ने सल्लाह दिनु,
- साथीहरू र दाजु देवमणिको सुझाव अनुरूप नीलिमाले दृढ निश्चयका साथ आफूलाई शारीरिक तथा मानसिक यातना दिएको, घरमा राखेको चौध वर्षे नोकर्नी कान्छीसँग अवैध सम्बन्ध राखेको र आफुलाई माइतैमा आएर बलजफतीपूर्वक लछार पछार र कुटपिट गरको प्रमाण समेत पेश गरी नीलिमाले शेखरसँग पाचुके गर्नु,
- शेखरसँग पाचुके गरेपछि नीलिमाले पुनः विश्वविद्यालयमा आफ्नो अध्ययन कार्य सुरू गर्नु र पहिलाभन्दा लगनशील र मेहेनती भएर अध्ययन कार्यमा क्रियाशील हुनु,
- उता शोभाका दाजु श्यामलाल शोधकार्यका सिलसिलामा नेपाल फर्किनु र कविता तथा कविताका साथीहरूसँग भेटघाट गर्नु,
- कविताको रूप, सौन्दर्य देखेर मुग्ध भएको श्यामलालले कवितालाई एकतर्फी प्रेम गर्न थाल्नु र कवितालाई हरतरह भेट्न, बोल्न मात्र खोज्नु,

**ख) चर्मोत्कर्ष**

- तत्कालीन पञ्चायत सरकारले लागू गर्न खोजिएको नयाँ शिक्षाको विरोधमा आयोजित सभामा देवमणि, नीलिमा, कामिनी, सम्पा र

छाया सहित छत्तिस जना विद्यार्थी नेताहरू पक्राउ गरी हनुमान ढोकामा थुन्नु र दर्जनौ घाइते हनु तर कविता भने श्यामलालसँग लुक्दा सभाहलभित्रै थुनिनु,

- सभाकक्षमा थुनिएपछि दुई घण्टाको प्रयासले श्यामलाल र कविता निस्कन सफल हुनु तर छात्रावास जान सक्ने सम्भावना नभएकाले कविता पनि श्यामलालसँगै संस्कृति विभागको प्रोफेसर मोहनमुनि दाहालको घर घट्टेकुलो जानु र त्यहाँ पुगेपछि दुवैको नाममा पक्राउ पूर्जी काटिएको कुरा थाहा पाउनु र मोहनमुनिले गृहमन्त्रीलाई अनुरोध गरेर पूर्जी फिर्ता गराउने आश्वासन दिनु,
- नेपालमा पटक-पटकको विद्यार्थी आन्दोलन केही दिनमै सेलाउने गरेको भए पनि यसपालिको विद्यार्थी आन्दोलन राष्ट्रिय स्तरमा देखा पर्नु, काठमाडौँ लगायत देशभरका विद्यालय क्याम्पसमा समेत हड्ताल सुरू गर्नु,
- विद्यार्थी आन्दोलनलाई देशभरिका विद्यार्थी, बुद्धिजीवी, शिक्षकवर्ग र अभिभावकवर्गले पूर्ण रूपमा समर्थन गरे पनि पञ्चायत सरकार टसको मस नहुनु र आन्दोलनले केही परिवर्तन ल्याउन नसक्नु,
- पञ्चायत सरकारले नयाँ शिक्षाको विरोध गर्ने छपन्न जना वरिष्ठ प्राध्यापकलाई समेत जागिरबाट निस्कासन गर्नुका साथै दर्जनौ शिक्षकहरूलाई घरपायक नपर्ने टाढा टाढा ठाउँमा जबरजस्ती सरूवा गर्नु र दसैको विदा सुरू हुनुभन्दा बीस दिन अगावै देशभरको क्याम्पसहरू बन्द गरी जनआन्दोलनलाई निमट्यान्न पार्नु,
- कठोर र निर्ममताका साथ अति निर्दयीपूर्वक आफ्नो अञ्चलभित्रका विभिन्न क्याम्पसको विद्यार्थी आन्दोलनमा हस्तक्षेप गरी विद्यार्थीहरुलाई समात्दै जेल चलान गर्न व्यस्त विराटनगरका अञ्चलाधिस विश्वमणि बराल आफ्नो छोरा देवमणि र छोरी नीलिमा समेत काठमाडौँमा पक्राउ परेको खबरले मर्माहत हुनु,

- देवमणिका पिता विश्वमणि बराल तत्कालीन शासनको दक्ष, इमान्दार र कर्तव्यनिष्ठ कर्मचारी भए पनि आफ्नो छोराछोरीले देशको शासन प्रणाली विरुद्धमा बोलेकाले जेलबाट छुटाउन कुनै कसरत गर्न नसक्नु,
- छाया जेल परेको समाचार सुनेर मर्माहत भएको छायाको प्रेमी शिशिर राणाले शिक्षामन्त्रि र राजदरबारको सैनिक सचिव पदमा रहेको मामाको सहायतामा छाया सहित नौ जना छात्राहरूलाई जेलबाट छुटाउनुका साथै नीलिमाको दाजु देवमणिलाई समेत नयाँ शिक्षा राम्रो छ भनी एउटा कागज गराएर जेलमुक्त गराउनु,
- उता श्यामलाल कविताको सहमति विना नै विवाहका लागि एकोहोरिनु र कवितालाई आफ्नो जीवन सङ्गिनीका रूपमा दिउँसै सपना देख्न थाल्नु,
- दसैँ विदा अगावै शैक्षिक संस्थाहरू सरकारले सम्भावित विद्यार्थी आन्दोलनलाई मध्यनजर गरी बन्द गरेकाले श्यामलालको आँखाको नानी कविता विराटनगर जानु र श्यामलाललाई अझ छट्पटि थपिनु,
- अमेरिकाली विद्वतवृत्ति समेत प्राप्त गरी शोधकार्य गर्न आएको श्यामलाल कविताको सम्झनामा पागल भएकाले उसको शोधकार्य गौण भए जस्तो देखिनुका साथै श्यामलाल शोधार्थी कम र भावुक प्रेमी बढी देखिनु,
- कविताजस्ती रूपवती र शालिन युवतीलाई  आफ्नो जीवन सङ्गिनी बनाउन लागी परेको श्यामलालले मोहनमुनि जस्तो दुष्टले आफ्नो इसारामा बहिनी शोभालाई नचाएको देखे पनि बहिनीलाई सम्झाएर सचेत गराउन नसक्नुले श्यामलाल आफ्नी बहिनीको अभिभावकत्त्वको कर्तव्यबाट विचलित भएको देखिनु,
- कविता विराटनगर गएपछि छट्पटिएको श्यामलालले कवितालाई चिठी पठाउनु र चिठीको प्रत्युत्तरमा कविताले श्यामलालसँग विवाह गर्न नसक्ने कुरा गर्नु र कविताको प्रत्युत्तर पाएपछि श्यामलालको छट्पटिमा आगोमा घिउ थपेझैँ हुनु,

- उता कविता, नीलिमा, छाया, देवमणि र शिशिर दार्जिलिङ्ग घुम्न जानु र दार्जिलिङ्गको यात्राले कविता र देवमणिबीच आत्मीयता बढ्नुका साथै बाघेडाडाँको सूर्योदय अवलोकनले अचेतन रूपमा दुवैमा प्रेम अङ्कुरित हुनु,
- दसैका विदा सकेर कविता लगायत सबै जना काठमाडौँ फर्किनु र फेरि श्यामलालले कवितालाई भेट्न हरप्रयत्न गर्नु तर हात लागी शून्य हुनु, संयोगवश एकदिन नयाँ सडकमा छाता किन्दै गरेकी कवितालाई एक्लै भेट्नु र कविता जति नै त्यहाँबाट उम्किन खोजे पनि उम्किन नसक्नु, श्यामलालले कविता आफुसँग विवाह गर्न मञ्जुर नभए जबरजस्ती आफ्नो बनाएरै छाड्ने अड्डी कस्नु र त्यति नै खेर शिशिर त्यहाँ आइपुगेकाले कविता त्यहाँबाट निस्कन सफल हुनु,
- एम. ए अन्तिम वर्षको परीक्षा सञ्चालन हुनु र परीक्षा सकिएको भोलिपल्ट सम्पा, छाया, कामिनी र नीलिमा श्यामलालको कुदृष्टिबाट बचाउन कवितालाई समूहको बीचमा राखेर पुस्तकालय जानु, पुस्तकालय जस्तो सार्वजनिक स्थानमा कविता सुरक्षित रहेको सम्झेर सबै साथीहरू दायाँ बायाँतिर लाग्नु तर श्यामलालले त्यही मौका छोपी कविताको टाउकाभरि सिन्दुर खन्याएर पोते समेत लगाइदिनु,
- सिन्दुरपोते लगाएपछि कविता आफ्नी श्रीमती भएको कुरा श्यामलालले गर्नु र त्यसपछि कविताका सबै साथीहरू आएर श्यामलाललाई कुट्नुका साथै श्यामलाललाई बचाउन आएको मोहनमुनिलाई समेत कुट्नु, अनि नेवार भएर पनि आफ्नो संस्कारको ज्ञान नभएको भन्दै कविताका साथीहरूले जगल्टाउँदै पिट्नु,
- श्यामलालले सिन्दुर पोते लगाइदिँदैमा कविताको विवाह नहुने र कविताको कुमारीत्व भङ्ग नहुने कुरा उल्लेख गर्दै कविताको अगाडि अब यस्तो कुकृत्य कहिल्यै नगर्ने वाचा गर्न लगाई श्यामलाललाई कविता सामू माफ माग्न लगाउनु,

- नेवारी समाजमा रजस्वला हुनुपूर्व वेलसँग विवाह गरेपछि विवाह भएको मानिने र वेललाई नै पतिको प्रतीक मानी वेल नफुटेसम्म सिन्दुर पोते, काँचका चुरा लगाउन पाउने परम्परा भए पनि नेपाली समाजमा सिन्दुर पोते लगाएपछि विवाह भएको ठान्ने र जसको हातबाट सिन्दुर पोते लगाएको हो उसैको श्रीमती हुने भन्ने संस्कारले गर्दा नेवार परिवारकी कविता जस्ती सुसंस्कृत र पवित्र हृदयकी युवती पनि व्यथित हुनु,
- कविताका साथीहरूको कुटाइबाट घाइते भएको श्यामलालको शरीर केही दिनमै स्वस्थ भए पनि मन भने घाइते नै भइरहनु र सम्पूर्ण नेपाली जातिमाथि नै विश्वास लाग्न छोड्नु,

### २.२.३ अत्य भाग

#### क) सङ्घर्षह्रास

- मानसिक रूपमा घायल भएका श्यामलाललाई अमेरिकन बुढालाई समेत पट्याउन सफल भएकी धूर्त चर्चा श्रेष्ठले भोटाहिटीको श्रेष्ठ परिवारको नानुहिरा नाम गरेकी केटी विवाहका लागि देखाउनु,
- श्यामलालको अमेरिका फर्कने दिन नजिकिदै आएकाले नानुहिरालाई विवाह गरी अमेरिका उड्नु तर नानुहिरा श्यामलालले सोचेको जस्ती केटी नभई अल्छी र आफ्नो सरसफाइ समेत नगर्ने फोहोरी हुनु,
- श्यामलालले नानुहिरालाई विवाह गरेर अमेरिका उडेपछि सफा गर्नुपर्ने कसिङ्गर हावाले उडाएर लगेको टिप्पणी गरी श्यामलालले भविष्यमा खडा गर्न सक्ने खतराबाट मुक्त भएको कविता र उसका साथीहरूले महसुस गर्नु,
- श्यामलालले आफू अमेरिका उड्नु अघि बहिनी शोभालाई मोहनमुनिको सङ्गत छोडेर छात्राबासमै बसी राम्ररी पढ्नु भनी सम्झाए पनि शोभा मोहनमुनिसँग हिड्न नछोड्नु र अन्तमा दुवैले

विवाह गर्नु, सुरूमा श्यामलालले नस्विकारे पनि आफ्नो टुहुरी बहिनीको मायाले गर्दा पछि स्विकार्नु,

- विश्वविद्यालयको परीक्षाफल धमाधम प्रकाशित हुनु, नीलिमा सबैलाई उछिनेर प्रथम हुनु, कामिनी, सम्पा र छाया पनि प्रथम श्रेणीमा उत्तीर्ण हुनु र कविता अङ्ग्रेजी विभागको सर्वोकृष्ट स्थानमा उत्तीर्ण हुनु,
- कविता, सम्पा, छाया र कामिनीले काठमाडौँको कन्या क्याम्पसमा पढाउन थाल्नु र कविता त्यस क्याम्पसकै छात्राबासकी सुपरीवेक्षक भएर त्यही बस्नु थाल्नु,
- छाया र शिशिर राणाको विवाह भएको केही दिनमै सम्पा र प्रसन्न सुवेदीको पनि विवाह हुनु, अनि त्यसको केही महिनापछि कविता र देवमणिको विवाह हुनुका साथै देवमणिका अनन्य मित्र तथा वकिल र प्राध्यापन पेशामा संग्लन अशेष ढुङ्गानासँग नीलिमाको पनि विवाह हुनु,
- उता श्यामलालले नानुहिरालाई जति नै प्रशिक्षण दिए पनि आफू अनुकूल र अमेरिकाको रहनसहन र वातावरणमा घुलिमल हुन सक्ने गरी परिवर्तन गर्न नसक्नु, केही वर्षमै नानुहिराले छोरी प्रीतिको जन्म दिनु, छोरी जन्मिएपछि पनि नानुहिरा परिवर्तन नभएपछि श्यामलाल आजित भई नानुहिरा र आफ्नो मुटुको टुक्रा प्रीतिलाई पनि काठमाडौँ पठाउनु,
- दुई वर्षको अमेरिका बसाइपछि नेपाल फर्केकी नानुहिराले आफ्नो पति श्यामलाललाई जति चिठी पठाए पनि त्यसको जवाफ नपाउनु, छोरी प्रीति दुई वर्षकी जति हुन लाग्दा छोरी अमेरिकामै जन्मेकीले छोरीको संरक्षकका रूपमा रहेर सधैँका लागि अमेरिका बस्न पाउने प्रक्रिया मिलाउन छोरीलाई अमेरिका पठाउनु भनी श्यामलालले पत्राचार गर्नु र केही महिनामै सम्पूर्ण प्रक्रिया मिलाएर नानुहिरालाई पनि अमेरिका झिकाउने वाचा गरेको श्यामलालले छोरी अमेरिका

पुगेपछि नानुहिरालाई एउटा चिठी पनि नलेख्नु र केही समयपछि अमेरिकाबाटै नानुहिरासँग पाचुके गरी शीला नामकी अमेरिकन केटीसँग विवाह गर्नु,

- अल्छी र फोहोरी भएकै कारणले आफ्नी श्रीमती नानुहिरालाई बाध्य भएर त्यागेको श्यामलालले केही समय पश्चात् आफ्नो बहिनी शोभा र ज्वाइँ मोहनमुनिलाई समेत अमेरिका झिकाइ बस्ने व्यवस्था मिलाउनु,
- परराष्ट्र मन्त्रालयमा कार्यरत शिशिर र प्रसन्न कार्यका सिलसिलामा अमेरिका पुगेपछि छाया र सम्पा पनि पतिहरूका साथ अमेरिका पुग्नु, पछि अशेष पनि छात्रवृत्ति पाएर अध्ययनको लागि अमेरिका उडेपछि पतिसँगै नीलिमा पनि अमेरिका उड्नु,
- आफ्नै खर्चमा भाषाविज्ञान विषयमा पि.एच.डी. गर्न अमेरिका उडेको पति देवमणिका साथ कविता पनि अमेरिका पुग्नु र अन्तिममा आफूले मन पराएको केटासँग विवाह गर्न परिवारले स्वीकृति नदिए पछि आमा बुबाले नै खोजी दिएको केटा रत्नप्रकाशसँग विवाह गरी कामिनी पनि अमेरिका उड्नु,
- बोलक्कड, घुमक्कड र साथीभाइलाई नजिक राख्न रुचाउने कामिनी पति रत्नप्रकाशको कतै घुम्न नजाने र कसैसित पनि भेटघाट नगर्ने एकलकाटे स्वाभाव देखेर आजित हुनु र कामिनीले आफ्नो पूर्वप्रेमी मणिरत्नको सहायतामा काम खोजेर काम गर्न थाल्नु,
- अमेरिकाको बसाइका पहिलो दसैँमा छाया र शिशिर आफ्नो एक छोरा र एक छोरीका साथ, सम्पा र प्रसन्न दुई छोराहरूका साथ नीलिमा र अशेष एक छोरा र दुई छोरीका साथ, कामिनी पति रत्नप्रकाश र पूर्वप्रेमी मणिरत्नका साथ कविता निवासमा जम्मा हुनु, कविता र देवमणिको दुई छोराहरू समेत गरी जम्मा बीस जना भेला भई धुमधाम सँग दसैँ मनाउनु,

- छाया र सम्पाको अनुरोधमा दसैँका केही महिनापछि कविता र नीलिमाको सपरिवार र कामिनी पनि सम्पा निवासमा भेला हुनु, र आफ्नै दाजुद्वारा बेचिएकी शिखा नामकी केटीलाई आफ्नो श्रीमान्ले उद्दार गरेको कुरा सम्पाले आफ्नो साथीहरुलाई सुनाइ संसारका जुनसुकै स्थानमा पनि नारी कुनै न कुनै किसिमको दुष्चक्रमा फसिने कुरा गर्नु,
- नेपाल छँदा सिङ्गार पटार, तडकभडक त्यति नगर्ने कामिनीले कुमारी कालमा कल्पमषरहित जीवन बिताए पनि विवाह पछि अमेरिका पुगेर भने शारीरिक र मानसिक रूपमा आफ्नो पति रत्नप्रकाशसँग असन्तुष्ट रहेकोले कामिनी पूर्वप्रेमी मणिरत्नसँग हिड्न थाल्नु,
- एकदिन कामिनीले आफ्नो साथीहरू सबैलाई आफ्नो निवासमा बोलाएर भेटघाट गर्नु र त्यस भेलामा शोभाको परिवार समेत सामेल हुनु, शोभाबाट उसको दाजु श्यामलाल शीला नामकी कुइरिनी पत्नीको थिचोमिचोमा परेको यथार्थ थाहा पाउनु,
- आफ्नो श्रीमान्सँग असन्तुष्ट भएकी कामिनी अन्ततः रत्नप्रकाशको जीवनमा भुँइचालो आउने गरी मणिरत्नको हात समाइ मणिरत्नसँग नयाँ जीवन सुरू गर्न क्यानडा जानु,
- कामिनी मणिरत्नसँग पोइल गएको भन्ने कुरा थाहा पाएर पनि उसलाई मणिरत्नले फसाएको हो भनी रत्नप्रकाशले कविता र देवमणिसँग कामिनीलाई क्यानडामा भेट्न जाऊँ भनी हैरान गर्नु, कविता र देवमणिले रत्नप्रकाशलाई सम्झाउन नसकेपछि बाध्य भएर रत्नप्रकाशको खर्चमा कविता, देवमणि र रत्नप्रकाश क्यानडा उड्नु,
- कामिनी निवास पुगेपछि कामिनीलाई फर्काउन रत्नप्रकाशले लाख कोसिस गरे पनि कामिनी फर्किनुको साटो कामिनीको वचनको चोटले रत्नप्रकाशको मन छियाछिया हुनु र एक्लै अमेरिका फर्किनु, कविता र देवमणि भने केही दिन क्यानडा घुमफिर गरेर मात्र अमेरिका फर्किनु,

- सम्पा र छाया आफ्नो श्रीमान्‌हरूको सरुवा फेरि काठमाडौँमा भएकाले नेपाल फर्किनु, कविता र देवमणि पनि आफूले पी.एच.डी गरेको विषयमा सम्मानयुक्त जागिर नपाउने भएकाले अन्य काम गरेर अमेरिकामा नबस्ने कुरा गर्नु, तर नीलिमा र शेखर भने विद्यार्थी भिसा सकिन लागेकाले नेपाल फर्किनु पर्ने कुराले चिन्तित हुनु,
- कविता र देवमणिलाई देशप्रेमले तानिरहनु र त्यसैबेला पाकिस्तानको एकाउन्न वर्षीय प्रजातन्त्रवादी नेता जुल्फिकार अलि भुट्टोलाई झ्याखानामै फाँसी दिएको विरोधमा नेपालमा पनि जुलुस निस्कनु, उक्त जुलुसमा प्रहरीले दमन गर्नुका साथै अस्कल क्याम्पसमा अनुशासितपूर्ण सभा भइरहेको ठाउँमा प्रहरीले हस्तक्षेप गरी निर्मम रूपमा कुट्पिट र धरपकड गर्नु, दजैनौँ विद्यार्थीहरू घाइते हुनुका साथै केही विद्यार्थीहरूले वीरगति प्राप्त गर्नु र यसको विरोधमा अधिराज्यभर आन्दोलन चर्कनु तथा प्रहरीले उस्तै दमन गर्नु,
- नेपालको यस्तो खबर सञ्चार माध्यमले प्रसारण नगरेकाले कविता, नीलिमा, देवमणि र अशेषले भरखरै अमेरिका आइपुगेका सम्पाका दाजु कृष्णहरि काफ्लेबाट थाहा पाउनु,
- आफ्नो देशमा चर्किरहेको विद्यार्थी आन्दोलनको खबरले मर्माहत हुनुका साथै कविता र देवमणि भित्रको देशभक्ति अझ उर्लेर आउनु र नेपाल फर्कन थप उर्जा प्राप्त गर्नु,

**ख) उपसंहार**

- आफ्नो मातृभूमिको मायाको अगाडि विदेशमा उपलब्ध भौतिक सुखलाई तिन कौडी नठान्ने कविता र देवमणि नेपाल फर्किने भएपछि नीलिमा र अशेष पनि योग्यताको कदर नभए पनि, बेइजती खप्नु परे पनि, काम नपाएर खिसिक्क पर्नु परे पनि, भोकै बस्नु परे पनि आफ्नो मातृभूमिमा बाँच्नु उचित ठानेर नेपाल फर्किने अठोट गर्नु,

- नेपाल फर्किने तयारीमा जुटिरहेका कवितालाई मुमाको शल्यक्रियाका लागि लन्डन पुगेका छायाले सल्यक्रिया सफल भएकाले चाँडै नेपाल फर्किने कुरा अवगत गराउँदै नेपालको ताजा समाचार समेत सुनाउनु,
- नेपालमा विद्यार्थी आन्दोलनले चर्को रूप लिएर विभिन्न ठाउँमा आगलागी र तोडफोड भए पनि प्रहरीले नियन्त्रण गर्न नसकेपछि सशस्त्र प्रहरी खटाई गोली चलाउने आदेश दिनु, र दर्जनौ विद्यार्थी घाइते हुनुका साथै वीरगति प्राप्त गर्नु, अन्ततः राजाले जनतालाई बहुदलीय शासन चाहिएको हो वा चलेकै शासन पद्धतिमा सुधार गर्दै लाने हो भनी जनमत सङ्ग्रहको घोषणा गरेको कुरा छायामार्फत कविताले थाहा पाउनु,
- कविताले नेपालमा जनमत सङ्ग्रह हुने घोषणा भएको कुरा देवमणि, अशेष र नीलिमालाई सुनाउनु, यस कुराले सबैजना आश्चर्य चकितका साथै खुसी हुनु र नेपाल फर्किन अब कुनै दोधार र संसय नभएको उल्लेख गर्दै खुसियालीको उत्सव मनाउनु,

यस प्रकार **नेपालदेखि अमेरिकासम्म** उपन्यासको कथावस्तुलाई कार्य कारण शृङ्खला पहिल्याउँदै आदि, मध्य र अन्त्यसम्मको अवस्थितिमा विभिन्न पाँच विकास अवस्थामा राखेर हेर्न सकिन्छ । यस दृष्टिले उपन्यासको कथावस्तुलाई हेर्दा प्रमुख पात्र कविताको परिचय र उसको काठमाडौँ प्रवेशका साथै विश्वविद्यालयको साथीहरूको चिनजानको प्रसङ्गबाट कथावस्तुको आरम्भ भएको छ । त्यसैगरी कविताको साथी नीलिमाको पीडादायी वैवाहिक जीवनको प्रसङ्ग पश्चात् कथावस्तुमा पहिलो सङ्घर्ष विकासको सुरूवात भएको देखिन्छ । कथावस्तुको यही आरम्भ र सङ्घर्ष विकासको सुरुवातिलाई विवेच्य उपन्यासको आदि भाग भन्न सकिन्छ । यसपछि वैवाहिक जीवनले पीडित भएकी नीलिमाले पति शेखरसँग पाचुके गर्नुका साथै अमेरिकाबाट शोधकार्यका लागि नेपाल आएको श्यामलालको कविता प्रतिको एकतर्फी पागल प्रेमको प्रसङ्ग कथावस्तुको सङ्कटावस्थाको चरण हो । यसैगरी नयाँ शिक्षा लागू भएको विरोधमा देशव्यापी रूपमा चर्केको आन्दोलनमा

सरकारी पक्षले गरेको निर्मम दमनका साथै श्यामलालको एकतर्फी प्रेमका कारण कवितामाथि भएको दुर्व्यवहारको प्रसङ्ग कथावस्तुको चर्मोत्कर्ष चरण हो । यही सङ्कटावस्था र चर्मोत्कर्षको चरण नै विवेच्य उपन्यासको मध्य भाग हो । कविताको देवमणिसँग विवाह हुनुका साथै नीलिमा लगायतका सम्पा, कामिनी, र छायाको समेत विवाह भएको प्रसङ्ग र विवाह पश्चात् सबै जना आ-आफ्ना पतिका साथ अमेरिका गएको प्रसङ्ग कथावस्तुको सङ्घर्षह्रासको चरण हो । यसैगरी, फेरि नेपालमा विद्यार्थी आन्दोलन भई जनमत सङ्ग्रहको घोषणा भएको प्रसङ्ग र मातृभूमिको मायाले उपन्यासका पात्रहरू कविता, देवमणि, नीलिमा र अशेष नेपाल फर्किने तयारीमा जुटेको प्रसङ्ग कथावस्तुको उपसंहार खण्ड हो । विवेच्य उपन्यासको यही सङ्घर्षह्रास र उपसंहार खण्डका घटनाक्रमले कथावस्तुको अन्त्य भाग निर्माण भएको छ ।

## २.३ निष्कर्ष

समग्रतामा भन्नु पर्दा, **नेपालदेखि अमेरिकासम्म** उपन्यासमा तत्कालीन पञ्चायत शासन कालको राजनैतिक घटनाक्रम र कीर्तिपुरको छात्रावासमा बस्ने छ जना छात्राहरूको अमेरिका यात्रा नै कथावस्तुको मूल आधार बनेर आएको छ । यस उपन्यासको कथावस्तु देशप्रेम र संस्कृतिप्रेमको आधारभूमिमा निर्माण भएको छ । विवेच्य उपन्यासको कथावस्तुले कथानक आङ्गिक विकासको पाँच चरणलाई नै आत्मसात् गरेको देखिन्छ । आदि, मध्य र अन्त्यको अवस्थितिमा बाँधिएको यस उपन्यासको कथावस्तु कार्यकारण शृङ्खलामा संरचित रहेको छ । उपन्यासको मूल कथानकभित्र सहायक कथाहरू पनि जोडिएर आएको देखिन्छ । मूल कथानकमा सहायक कथाहरूको मिश्रण भए पनि घटनाक्रमको सिलसिलेबार प्रस्तुतिले कथानकको ढाँचा रैखिक बन्न पुगेको छ । यस अर्थमा विवेच्य उपन्यासको वस्तुविधान सबल रहेको छ भन्न सकिन्छ ।

# अध्याय : तिन

# नेपालदेखि अमेरिकासम्म उपन्यासको पात्रविधान

## ३.१ विषय परिचय

उपन्यासमा घटित घटनाहरूलाई गतिशील बनाउन आएका मानव वा मानववेत्तर प्राणीहरू चरित्र हुन् भने उक्त पात्रहरूको क्रियाकलापबाट घटित हुने घटनाहरूको सविस्तार कथावाचनका लागि कथायिताले उभिन रोजेको ठाउँ नै दृष्टिविन्दु हो । यसरी चरित्रचित्रण र दृष्टिविन्दुको बीचमा अन्योन्याश्रित सम्बन्ध भएकाले चरित्रचित्रण र दृष्टिविन्दु दुवैलाई पात्रविधान अर्न्तगत राखेर अध्ययन विश्लेषण गर्न सकिन्छ । विवेच्य **नेपालदेखि अमेरिकासम्म** उपन्यासको पात्रविधानलाई  निम्न शीर्षक उपशीर्षकमा राखेर विश्लेषण गर्न सकिन्छ ।

## ३.२ उपन्यासमा चरित्रचित्रण सम्बन्धी अवधरणा

चरित्र उपन्यासको अभिन्न संरचक घटक हो । यसले कथावस्तुलाई गतिशील बनाउँदछ । यसलाई पात्र, भोक्ता वा सहभागी पनि भनिन्छ । चरित्रबाट नै घटनाहरू जन्मछन् र यथार्थको उद्घाटन हुन्छ । उपन्यासको सम्पूर्ण कार्यव्यापार चरित्रको कार्यकलापबाट नै क्रियाशील हुन्छ । चरित्रहरू कथावस्तुको गतिको संवाहक हुन् र कथानकको गति र कार्य अनुरूप चरित्रको चित्रण, विकास, व्यवहार, आरोह अवरोहका क्रियाकलापहरू नै चरित्रीकरण हो । [१] तसर्थ चरित्र उपकरण हो भने चारित्रीकरण कार्यव्यापार हो भन्न सकिन्छ । उपन्यासमा घटित हुने घटनाहरू चरित्रकै क्रियाकलापको उपज हुन् । यसरी उपन्यासको कथावस्तु र चरित्रका बीच सम्बन्ध रहने हुनाले घटनाहरू घटित हुँदै जाँदा उपन्यसमा चरित्रहरू पनि चित्रित हुँदै जान्छ । चरित्रहरूको क्रियाकलाप र संवाद आदिका माध्यमबाट उपन्यासले गति प्राप्त गर्दछ । उपन्यासमा मानव जीवनको व्यापकतालाई समेट्न बहुल चरित्रको प्रयोग गरिएको हुन्छ । जसको माध्यमबाट उपन्यासकारले आफ्नो विचार पाठकसामु

१ ऋषिराज बराल, पूर्ववत्, पृ. ३२ ।

सम्प्रेषण गर्दछ । उपन्यासकारले उपन्यासमा के भन्न चाहन्छ, उसको जीवनदृष्टि कस्तो छ भन्ने कुरा चरित्रको प्रस्तुति तथा तिनबाट प्रस्तुत हुने निष्कर्षबाट थाहा पाउन सकिन्छ । वास्तवमा पात्रहरू विचार सम्प्रेषणका माध्यम हुन् र चरित्र चित्रण उपन्यासकारको कलाकारिताको चिनारी हो । [२] उपन्यासमा प्रयुक्त पात्रहरू मानवीय र मानवेत्तर दुवै प्रकारका हुन्छन् । उपन्यासमा प्रयोग हुने चरित्रहरूलाई गतिशील र गतिहीन, यथार्थ र आदर्श, अन्तर्मुखी र बहिर्मुखि, गोला र च्याप्टा, सार्वभौम र आञ्चलिक, पारम्परिक र मौलिक गरी वर्गीकरण गर्न सकिन्छ । [३] यसका साथै लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आवद्धता जस्ता विभिन्न आधारमा पनि पात्रहरूलाई वर्गीकरण गर्न सकिन्छ ।

## ३.३ नेपालदेखि अमेरिकासम्म उपन्यासमा आयोजित पात्रविधानको विश्लेषण

**नेपालदेखि अमेरिकासम्म** उपन्यास घटनाप्रधान उपन्यास भएपनि यस उपन्यासमा चरित्रचित्रण उत्तिकै सबल बनेर आएको छ । यस उपन्यासमा बहुल पात्रको प्रयोग गरिएको छ । उपन्यासको हरेक घटना चरित्रकै सेरोफेरोमा घटित हुने भएकाले हरेक उपन्यासमा चरित्रचित्रण महत्वपूर्ण अवयव बनेको हो । प्रस्तुत विवेच्य उपन्यासमा पनि हरेक घटनाहरू पात्रहरूकै क्रियाशीलतामा जीवन्त बनेको छ । उपन्यासकारको वैयक्तिक रोजाइको पात्रहरू प्रयोग भएको यस उपन्यासको पात्रहरूको आ-आफ्नै विशेषता रहेको छ । तसर्थ यस उपन्यासको पात्रहरूलाई विभिन्न आधारमा वर्गीकरण गर्दै प्रमुख र अन्य केही उल्लेख्य पात्रहरूका चारित्रिक विशेषताहरूको विश्लेषण गर्नु उपयुक्त देखिन्छ ।

### ३.३.१ चरित्रको वर्गीकरण

मझौला आकारमा संरचित **नेपालदेखि अमेरिकासम्म** उपन्यासमा बुहल पात्रको प्रयोग भएको छ । यस उपन्यासमा विभिन्न चारित्रिक विशेषताले युक्त पात्रहरूको सहभागिता रहेको छ । यस उपन्यासमा प्रयोग भएका पात्रहरू यस प्रकार

---

२ ऐजन, पृ. ३३ ।

३ कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. ३ ।

रहेका छन् : कविता, देवमणि, नीलिमा, श्यामलाल, शेखर, कामिनी, छाया, सम्पा, शिशिर, अशेष, प्रसन्न, शोभा, मोहनमुनि, नानुहिरा, विश्वमणि बराल, चर्चा श्रेष्ठ, रत्नप्रकाश, मणिरत्न, कृष्णहरि काफ्ले, किशोरचन्द्र उपाध्याय, बरालनी बुढी, रविकान्त शर्मा, समरजङ्ग थापा, सुवर्णलाल जोशी, अच्युत सुवेदी, प्रीति, शीला, ठूली भाउजू, माइली, कान्छो, आना, कात्या, रमेश रिजाल, इन्जिनियर पराजुली, शिखा, हर्कबहादुर, ट्याक्सी ड्राइभर, शिखाको दाइ, सुन्तला बेच्ने बुढी आमा, कविताको आमा-बुबा र दाजु-भाउजू, शोभाको बुबा, वसन्तमणि, छायाको हजुरआमा, लालभाइ, विद्यार्थी आन्दोलनका सहभागीहरू, राजा, रानी, गृहमन्त्री, शिक्षामन्त्री, सैनिक, सचिव, पञ्चायतका अगुवाहरू, डा. आस्टिन हेल, डा.पर्सेल, म्याक्स विलिम्सन, याण्डी शटर, जेफी लान्सवर्गर, कन्या क्याम्पसकी प्राध्यापिका, बाग्मतीमा पञ्चमी नुहाउन आएका आइमाईहरू, कविताको दुई छोरा , नीलिमाको दुई छोरा र एक छोरी, छायाको एक छोरा र एक छोरी, शम्पाको दुई छोरा, स्पेनियाँ भाषी ठिटीहरू, युरोपेली आइमाईहरू आदि । विवेच्य उपन्यासमा प्रयुक्त यी पात्रहरूलाई  निम्न विभिन्न आधार  वर्गीकरण गर्न सकिन्छ ।

**क) लिङ्गका आधारमा**

लिङ्गले पात्रको प्राकृतिक जात छुट्याउने गर्दछ । यस आधारमा विवेच्य उपन्यासका पात्रहरूलाई  दुई भागमा वर्गीकरण गर्न सकिन्छ । स्त्री पात्र अर्न्तगत कविता, नीलिमा, कामिनी, छाया, सम्पा, शोभा, नानुहिरा, चर्चा श्रेष्ठ, बरानी बुढी, प्रीति, शीला, ठूली भाउजू, माइली, कान्छी आना, कात्या, शिखा, सुन्तला बेच्ने बुढी आमा, कविताकी आमा र भाउजू, छायाको हजुरआमा, आन्दोलनमा सहभागी छात्राहरू, रानी, कन्या क्याम्पसकी प्राध्यापिका, बाग्मतीमा पञ्चमी नुहाउन आएका आइमाईहरू, नीलिमाकी छोरी, छायाकी छोरी, स्पेनियाँ भाषी ठिटीहरू, युरोपेली आइमाईहरू, आदि पर्दछन् । पुरुष पात्र अर्न्तगत देवमणि, श्यामलाल, शेखर, शिशिर, अशेष, प्रसन्न, मोहनमुनि, विश्वमणि बराल, रत्नप्रकाश, मणिरत्न, कृष्णहरि काफ्ले, किशोरचन्द्र उपाध्याय, रविकान्त शर्मा, समरजङ्ग थापा, सुवर्णलाल जोशी, अच्युत सुवेदी, रमेश रिजाल, इन्जिनियर पराजुली, हर्कबहादुर, ट्याक्सी ड्राइभर, शिखाको दाइ, कविताको बुबा र दाजु, शोभाको बुबा, वसन्तमणि, विद्यार्थी आन्दोलनमा

सहभागी छात्रहरू, राजा, गृहमन्त्री, शिक्षामन्त्री, सैनिक सचिव, पञ्चायतका अगुवाइहरू, जुल्फिकार अलि भुट्टो, शसस्त्र प्रहरीहरू, शिक्षक तथा प्रध्यापकहरू, डा. अस्टिन हेल, डा.पर्सेल, म्याक्स विलिम्सन, याण्डी शटर, जेफी लान्सवर्गर, कविताको दुई छोरा, नीलिमाको दुई छोरा, छायाको एक छोरा, सम्पाको दुई छोरा आदि पर्दछन् ।

**ख) कार्यका आधारमा**

कार्यका आधारमा पात्रहरू प्रमुख, सहायक, र गौण गरी तिन प्रकारका हुन्छन् । उपन्यासमा सबै पात्रहरूको समान भूमिका हुँदैन । तसर्थ सबैभन्दा बढी भूमिका भएको पात्र प्रमुख हुन्छ । त्यस्तै गरी प्रमुख पात्रको भन्दा कम भूमिका भएको पात्र सहायक हुन्छ भने ज्यादै थोरै भूमिका भएको र त्यसलाई झिके पनि कथानकमा खासै क्षति नपुऱ्याउने पात्र गौण हुन्छ ।

**नेपालदेखि अमेरिकासम्म** उपन्यासमा विभिन्न प्रकारका पात्रहरू प्रयोग गरिएको छ । ती सबै पात्रहरूको समान प्रकारको भूमिका छैन । पात्रहरूले वहन गरेको कार्यहरूका आधारमा प्रस्तुत उपन्यासको पात्रहरूलाई प्रमुख, सहायक र गौण गरी तिन वर्गमा वर्गीकरण गर्न सकिन्छ । स्वतन्त्र र केन्द्रीय भूमिका भएका पात्रहरूलाई  प्रमुख पात्रका रूपमा लिन सकिन्छ । यस आधारमा हेर्दा कविता, देवमणि र श्यामलाल यस उपन्यासका प्रमुख पात्रका रूपमा देखा पर्दछन् । यस उपन्यासका सम्पूर्ण कथावस्तु कविताकै केन्द्रीयतामा सञ्चालित छ । उपन्यासमा कवितालाई  रूप र सौन्दर्यको घमण्डले मत्त नभएकी निर्भीक, साहसी, स्वाभिमानी र दूरदर्शी नारी पात्रका रूपमा प्रस्तुत गरिएको छ । कवितालाई  अमेरिका पुग्ने रहर भए पनि अमेरिका जानका लागि श्यामलाल जस्तो पागल प्रेमीको साहारा लिइनन् र श्यामलालले आफूप्रति गरेको दुर्व्यवहारबाट पनि विचलित भइनन् । अमेरिका जस्तो भौतिक सुख सम्पन्नताको मुलुकमा पनि कविताले आफ्नो मुटुभित्र देशप्रेमलाई मार्न सकिनन् । यति मात्र नभएर देवमणिको हरेक पाइलामा साथ दिएर कविता असल जीवन सङ्गिनी समेत बन्न सफल भएकी छिन् । तसर्थ कविता विवेच्य उपन्यासकी सर्वाधिक महत्त्व भएकी प्रमुख नारी पात्र हुन् ।

देवमणि विवेच्य उपन्यासको प्रमुख पुरुष पात्रका रूपमा देखा परेको छ । देवमणिले कामपिपासु शेखरको दुर्व्यवहारबाट छुटकारा दिलाउन बहिनी नीलिमालाई पाचुके गर्न लगाई नयाँ जीवन सुरूवात गर्न सहयोग गरेको छ । सार्वजनिक ठाउँमा श्यामलालले जबरजस्ती सिन्दुरपोते पहिर्‍याएर कविताको बेइजती गराएपछि कवितालाई सम्झाउने प्रयास देवमणिले गरेको छ । कसैको हातबाट सिन्दुरपोते लगाएपछि विवाहित भएको ठान्ने हाम्रो नेपाली समाजको अगाडि देवमणिले कवितालाई आफ्नो जीवनसाथीको रूपमा स्वीकार गरी आफ्नो महानता प्रस्तुत गरको छ । यसका साथै अन्तर जातीय विवाहलाई सहजै स्वीकार गर्न नसक्ने नेपाली समाजमा कवितासँग अन्तर जातीय विवाह गरी देवमणिले आफू परिवर्तनको पक्षधर रहको कुरा स्पष्ट पारेको छ । आन्दोलनमा सहभागी भई देशमा परिवर्तन चाहनु र भौतिक सुखले सम्पन्न मुलुक अमेरिकामा पुगेर पनि मातृभूमिको प्रेमले नेपालतिरै फर्किन खोज्नुले देवमणिको चारित्रिक विशेषता र औपन्यासिक भूमिका प्रमुख रहेको देखिन्छ । औपन्यासिक घटना सञ्चालनका दृष्टिले श्यामलालको भूमिका पनि उल्लेखनीय देखिन्छ । आफूले मन पराएको केटी यदि स्वेच्छाले मान्दिन भने त्यसलाई जबरजस्ती भए पनि आफ्नो बनाउन चाहने श्यामलालले कवितालाई जबरजस्ती सिन्दुरपोते पहिर्‍याएर आफ्नो बनाउन खोजेको छ । श्यामलालको यही पागलपनले कविता र देवमणिको सम्बन्धलाई नयाँ मोड दिएको छ । यसरी श्यामलालको कार्यकलापले कथावस्तुमा गति आएको छ । यस दृष्टिले श्यामलाललाई उपन्यासको प्रमुख खलपात्रको रूपमा लिन सकिन्छ ।

नीलिमा र शेखर यस उपन्यासको प्रमुख सहायक पात्रहरू हुन् । नीलिमा र शेखरको वैवाहिक जीवनबाट नै उपन्यासमा सङ्घर्षको विकास भएको छ । शेखरको कोमल स्नेहको अपेक्षा गरेकी नीलिमा शेखरको कामाग्निमा जल्न पुगेपछि घायल बन्छिन् । नीलिमाले आफ्नो सिङ्गो जीवन शेखरको क्रुर हातमा सुम्पनु कायरता सम्झन्छिन् र शेखरसँग पाचुके गरी नयाँ जीवनको सुरूवात गर्दछिन् । यी घटनाहरू घट्नुमा नीलिमा र शेखर दुवैको महत्वपूर्ण भूमिका रहेको छ । यस उपन्यासमा तत्कालीन पञ्चायत सरकार प्रत्यक्ष रूपमा नदेखिए पनि नेपथ्यमा सहायक पात्रका रूपमा उपस्थित रहेको छ । नयाँ शिक्षाको विरोधमा उठेको

आन्दोलनमा दमन गरी सयौँ विद्यार्थीलाई जेलमा थुन्ने काम पञ्चायत सरकारले गरेको छ । यस अर्थमा पञ्चायत सरकारलाई पनि विवेच्य उपन्यासको सहायक पात्रका रूपमा लिन सकिन्छ । त्यस्तै गरी कामिनी, छाया, सम्पा, मोहनमुनि, शोभा, शिशिर, अशेष, प्रसन्न, नानुहिरा, विश्वमीण बराल, चर्चा श्रेष्ठ आदि कम भूमिका भएका सहायक पात्रहरू हुन् । यी बाहेक ज्यादै कम भूमिका भएका र प्रासाङ्गिक रूपमा आएका पात्रहरूलाई गौण पात्र अन्तर्गत राख्न सकिन्छ । यस्ता पात्रहरूमा रत्नप्रकाश, मणिरत्न, कृष्णहरि काफ्ले, प्रीति, शीला, अच्युत सुवेदी, बरालनी बुढी, ठूली भाउजू, कान्छी, माइली, शिखा, कात्या, आना, आन्दोलनका सहभागीहरू, प्रहरीहरू, पञ्चमी नुहाउन बाग्मती आएका आइमाईहरू आदि रहेका छन् ।

**ग) प्रवृत्तिका आधारमा**

प्रवृत्तिका आधारमा पात्रलाई अनुकूल र प्रतिकूल गरी दुई वर्गमा विभाजन गर्न सकिन्छ । उपन्यासका पात्रहरूको भूमिका सकारात्मक र नकारात्मक दुवै खालका हुन्छन् । सकारात्मक भूमिका वहन गरी पाठकको सहानुभूति प्राप्त गर्ने पात्र अनुकूल हो भने नकरात्मक भूमिका वहन गरी पाठकको घृणा प्राप्त गर्ने पात्र प्रतिकूल पात्र हो ।[४] यसलाई सत् पात्र र असत् पात्र गरेर पनि वर्गीकरण गर्न सकिन्छ ।

**नेपालदेखि अमेरिकासम्म** उपन्यासमा प्रयुक्त पात्रहरूलाई प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल गरी दुई वर्गमा विभाजन गर्न सकिन्छ । यस दृष्टिले हेर्दा अनुकूल पात्र अर्न्तगत कविता, देवमणि, नीलिमा, कामिनी, छाया, सम्पा, शिशिर, अशेष आदि उल्लेखनीय पात्रहरू हुन् । प्रतिकूल पात्रहरूमा मुख्यतया श्यामलाल, शेखर, मोहनमुनि, शोभा, र तत्कालीन पञ्चायत सरकारका अगुवाइहरू रहेका छन् । कविता स्वच्छ र निष्कपट हृदयकी नारी पात्र हुन् । कविताले सबैप्रति समभाव राखेकी छिन् । कविताले सबै साथीहरूले शोभाको उछित्तो काढे पनि शोभालाई नराम्रो दृष्टिले हेरेकी छैनन् । शोभालाई अरू साथीहरूसँग घुलिमिल हुन र समय

---

४ ऐजन, पृ. ३२ ।

अनुकूल परिवर्तन हुन कविताले सिकाएकी छिन् । एकतर्फी प्रेममा पागल बनेको श्यामलालले आफूमाथि दुर्व्यवहार गरे पनि कविताले श्यामलाललाई शत्रुकै रूपमा लिएकी छैन । त्यसैले कविता उपन्यासको सकरात्मक विचार बोकेकी अनुकूल पात्र हो । त्यस्तै, बहिनी नीलिमालाई शेखरको क्रुर पञ्जाबाट बचाएर नयाँ जीवन सुरुवात गर्न सहयोग गर्ने देवमणि अनुकूल चरित्र हो । एक चोटी कसैको हातबाट सिन्दुरपोते लगाएपछि विवाह भएको ठान्ने नेपाली समाजको अगाडि श्यामलालले जबरजस्ती सिन्दुरपोते पहिऱ्याइ दिएका कवितालाई जीवनसाथीका रूपमा स्वीकार गर्ने देवमणि उपन्यासको अनुकूल र प्रमुख पुरुष पात्र हो । पञ्चायत सरकारको विरोध आन्दोलनमा सहभागी भएर परिवतर्नको चाहाना राख्नु र भौतिक सुखले सम्पन्न मुलुक अमेरिका पुगेर पनि देशप्रेमले नेपालितर आकर्षित हुनुले पनि देवमणि विवेच्य उपन्यासको प्रमुख सत् पात्र मान्न सकिन्छ । त्यस्तै, वैवाहिक बन्धनमा बाँधी पाचुके गरेर बसेकी नीलिमालाई विवाह गर्ने अशेष र आन्दोलनका सिलसिलामा थुनामा परेका छात्राहरूका साथै देवमणिलाई थुनामुक्त गराउने शिशिर पनि अनुकूल चरित्र हुन् ।

कविता जस्ती कञ्चन स्वभावकी युवतीलाई जबरजस्ती आफ्नो जीवनसाथी बनाउन खोज्ने श्यामलाल सुरूमा अनुकूल पात्र जस्तो देखिएको छ तर कविताले आफ्नो प्रेमको याचनालाई स्वीकार नगरे पछि श्यामलाल प्रतिकूल पात्रको रूपमा देखा परेको छ । आफूले मन पराएको केटीलाई जुनसुकै षडयन्त्र गरेर भए पनि आफ्नो बनाउन खोज्ने र नारीको स्वतन्त्र अस्तित्वलाई सम्मान गर्न नसकेर कवितामाथि दुर्व्यहार गर्ने श्यामलाल विवेच्य उपन्यासको प्रतिकूल पात्र हो । श्यामलाललाई कविताले प्रेम गर्छिन् भनेर झुटो कुरा सुनाउने शोभा र कवितामाथि दुर्व्यवहार गर्न उक्साउने मोहनमुनि प्रतिकूल पात्र हुन् । यति मात्र नभएर शोभा र मोहनमुनिले पञ्चायत सरकारको समर्थन गरी नयाँ शिक्षाको विरोधमा निस्केको विद्यार्थी आन्दोलनको विरोध गरेका छन् । तसर्थ शोभा र मोहनमुनि पनि विवेच्य उपन्यासको प्रतिकूल पात्र हुन् । विद्यार्थी आन्दोलनमाथि निर्मम दमन गर्ने प्रहरीहरूका साथै पञ्चायत सरकारका अगुवाहरूलाई समेत प्रतिकूल चरित्रका रूपमा लिन सकिन्छ । त्यस्तै, नीलिमालाई केवल यौनप्यास मेट्ने साधन ठानी अमानवीय

व्यवहार गर्ने शेखर पनि विवेच्य उपन्यासको प्रतिकूल चरित्र हो । यसरी हेर्दा विवेच्य उपन्यास अनुकूल र प्रतिकूल दुवै प्रकारका पात्रहरूको संयोजनबाट संरचित देखिन्छ ।

**घ) स्वभावका आधारमा**

स्वाभावका आधारमा पात्रहरू गतिशील र गतिहीन गरी दुई वर्गमा वर्गीकरण गर्न सकिन्छ । उपन्यासमा परिस्थिति अनुसार परिवर्तन भइरहने पात्र गतिशील पात्र हो भने परिस्थिति बद्लिए पनि परिवर्तन नहुने तटस्थ स्वाभावको पात्र गतिहीन पात्र हो ।

**नेपालदेखि अमेरिकासम्म** उपन्यासका पात्रहरूलाई स्वभावका आधारमा गतिशील र गतिहीन गरी दुई वर्गमा विभाजन गर्न सकिन्छ । गतिशील पात्र अर्न्तगत नीलिमा, कामिनी, विश्वमणि बराल, चर्चा श्रेष्ठ, आदिलाई लिन सकिन्छ । त्यस्तै, कविता, देवमणि, श्यामलाल, शेखर, छाया, सम्पा, मोहनमुनि गतिहीन पात्रका रूपमा देखा परेका छन् । अन्य कम भूमिका भएका पात्रहरू स्वभावका दृष्टिले खासै चर्चा योग्य देखिँदैन । नीलिमा विवेच्य उपन्यासको प्रमुख सहायक पात्र हो । विदेशमा पढेको केटा र अमेरिका भनेपछि हुरूक्कै हुने नीलिमा रुसमा पढेर फर्केका शेखरसँगको वैवाहिक जीवनबाट सन्तुष्ट हुन नसकेपछि नीलिमाको जीवनमा उतरचढाव आएको देखिन्छ । चञ्चले र उत्ताउलिने नीलिमा असफल वैवाहिक जीवन पश्चात् गम्भीर, दृढ र लगनशील बन्न पुगेकी छिन् । शेखरसँग विवाह भएपछि पढाइलाई गौण ठानेकी नीलिमाले शेखरसँग पाचुके गरेपछि पढाइलाई निरन्तरता दिएकी छिन् । जसले गर्दा नीलिमाको सोचाइ र व्यवहारमा परिवर्तन आएको देखिन्छ । त्यसैले नीलिमालाई गतिशील पात्रका रूपमा लिन सकिन्छ । त्यस्तै, स्वभावका दृष्टिले गतिशील पात्रका रूपमा कामिनीको चरित्र उल्लेख्य देखिन्छ । कामिनीले घरपरिवारले खोजेको केटा रत्नप्रकाशसँग विवाह गरेर पनि अमेरिका पुगेपछि भूतपूर्व प्रेमी मणिरत्नसँग पुनः सम्बन्ध बढाएको देखिन्छ । यति मात्र नभएर कामिनीले अन्तमा रत्नप्रकाशलाई छोडेर पूर्वप्रेमी मणिरत्नसँग पोइल गएकी छिन् । यसरी कामिनीको कार्यकलाप परिवर्तनशील देखिन्छ । तसर्थ कामिनीलाई गतिशील

पात्रका रूपमा लिन सकिन्छ ।

पञ्चायत शासनको अञ्चलाधिस बनेको विश्वमणि बराललाई पनि गतिशील पात्रका रूपमा लिन सकिन्छ । विद्यार्थी आन्दोलमा निर्मम रूपमा दमन गर्न क्रियाशील विश्वमणि आफ्नो छोरा देवमणि र छोरी नीलिमा थुनामा परेको खबरले चिन्तित भएको देखिन्छ । जसले गर्दा विश्वमणि बरालको विचारमा केही परिवर्तन भएको देखिन्छ । त्यस्तै, चर्चा श्रेष्ठलाई पनि गतिशील पात्रकै रूपमा लिन सकिन्छ । नेपालमा अमेरिकन बुढोको भान्से भएर काम गरेकी चर्चा अमेरिकन बुढोलाई आफ्नो हातमा पारेर अमेरिका उड्न सफल भएकी छिन् । यति मात्र नभएर अमेरिका पुगेपछि अमेरिकन बुढोलाई छोडेर आफूभन्दा धेरै कम उमेरको अमेरिकन युवकसँग वैवाहिक सम्बन्ध गाँसेकी छिन् । तसर्थ चर्चालाई उपन्यासमा परिवर्तनशील पात्रको रूपमा चित्रण गरिएको छ भन्न सकिन्छ ।

कविता र देवमणि स्थिर स्वभावका पात्रका रूपमा देखा परेको छ । कविता उपन्यासको आदिँदैखि अन्त्यसम्म दृढ, निर्भीक, स्वाभिमानी नारी चरित्रको रूपमा चित्रित रहेको छ । भौतिक सुखलाई गौण ठान्ने र देशप्रेमलाई सदैव मुटुभित्र साँचेर राख्ने देवमणिको चरित्र पनि एकैनासको रहेको छ । देवमणिको विचारधारामा कुनै उतारचढाव आएको छैन । नीलिमाको स्वच्छ र स्वच्छन्द जीवनमा विष घोल्ने शेखरको चरित्रमा कुनै परिवर्तन आएको छैन । नीलिमाले बारम्बार माफी दिएर सुध्रने मौका दिए पनि शेखरले नीलिमालाई यौनप्यास मेट्ने साधनभन्दा बढी ठानेको छैन । त्यस्तै, पञ्चायती सरकारको समर्थन गर्ने मोहनमुनिको विचारमा पनि कुनै परिवर्तन आएको छैन । भौतिक सुख र विकासको चर्मोत्कर्षले सम्पन्न मुलुक अमेरिका पुगेर पनि मोहनमुनिको वैचारिक चरित्रमा कुनै परिवर्तन आएको देखिँदैन । तसर्थ यिनीहरू गतिहीन पात्रहरू हुन् । यसरी हेर्दा, **नेपालदेखि अमेरिकासम्म** उपन्यासमा गतिशील र गतिहीन दुवै खालको स्वभाव भएका पात्रहरू प्रयोग गरिएको देखिन्छ ।

**ङ) जीवनचेतनाका आधारमा**

जीवनचेतनाका आधारमा पात्रहरूलाई वर्गीय र व्यक्तिगत गरी दुई वर्गमावर्गको प्र्रतिनधित्व गर्ने पात्रलाई वर्गीय र आफ्नो निजी स्वभाव, वैशिष्ट्य र वैयक्तिकताको प्रतिनधित्व गर्ने पात्रलाई व्यक्तिगत पात्र अर्न्तगत राख्न सकिन्छ । विवेच्य **नेपालदेखि अमेरिकासम्म** उपन्यासको देवमणि, शेखर, मोहनमुनि, विश्वमणि बराल र नानुहिरालाई वर्गीय पात्रका रूपमा लिन सकिन्छ । यी बाहेक कविता, नीलिमा, कामिनी, छाया, सम्पा, श्यामलाल, शोभा, लगायतका अन्य पात्रहरूलाई व्यक्तिगत पात्रका रूपमा लिन सकिन्छ ।

**नेपालदेखि अमेरिकासम्म** उपन्यासको प्रमुख पुरुष पात्र देवमणि वर्गीय पात्र हो । नारी स्वतन्त्रतालाई गौण ठान्ने नेपाली समाजको अगाडि अरूले जबरजस्ती सिन्दुरपोते पहिऱ्याएका र परम्परित नेपाली समाजका नजरमा जात नमिल्ने कवितासँग अन्तर जातीय विवाह गरी देवमणिले परिवर्तनमुखी नवपुस्ताको प्र्रतिनधित्व गरेको छ । परम्परित सङ्कुचित विचारमा परिवर्तन गर्न खोज्ने देवमणिलाई परम्परामुखि समाजका अगाडि चुनौती दिने आधुनिक युगको युवापुस्ताको प्र्रतिनधि पात्रका रूपमा लिन सकिन्छ । त्यस्तै, नारीलाई केवल यौनप्यास मेट्ने साधन ठान्ने शेखर विदेशमा पढेर फर्केका चरित्रहीन र बिग्रेकाहरूको प्र्रतिनधि पात्रका रूपमा आएको छ । भौतिक सुविधाले सम्पन्न मुलुक अमेरिका पुगेर पनि आफ्नो विचारको धरातलबाट माथि उठ्न नसकेको मोहनमुनि तत्कालीन पञ्चायत शासनको चाकरी चाप्लुसी गर्ने वर्गको प्र्रतिनधि पात्र हो भन्न सकिन्छ । त्यस्तै, नयाँ शिक्षाको विरोधमा निस्केको विद्यार्थी आन्दोलनमाथि निर्मम दमन गर्ने अञ्चलाधिस विश्वमणि बराललाई पञ्चायत शासनको प्र्रतिनधि पात्रको रूपमा लिन सकिन्छ । सरसफाइमा ध्यान नदिने र समय अनुकूल परिवर्तन हुन नसकेकी नानुहिरालाई काठमाडौँको नेवारी समाजको प्र्रतिनधि पात्रका रूपमा खडा गरिएको छ ।

विवेच्य उपन्यासको प्रमुख नारी पात्र कविता जीवनचेतनाका दृष्टिले व्यक्तिगत पात्र हो । कवितामा कुनै वर्ग विशेषको चारित्रिक गुण देखिँदैन । त्यस्तै

नीलिमा, कामिनी, सम्पा, छाया, श्यामलाल लगायतका अन्य पात्रहरूबाट पनि कुनै वर्गविशेषको प्रीतिनधित्व नभएकाले यिनीहरूलाई व्यक्तिगत जीवनचेतना भएका पात्रका रूपमा लिन सकिन्छ ।

**च) आसन्नताका आधारमा**

**नेपालदेखि अमेरिकासम्म** उपन्यासका पात्रहरूलाई आसन्नताका आधारमा मञ्चीय र नेपथ्य गरी दुई वर्गमा विभाजन गर्न सकिन्छ । उपन्यासको कथावस्तुमा हुने पात्रहरूको उपस्थितिलाई आसन्नता भनिन्छ । उपन्यासमा उपस्थित भई कार्यव्यापार वा संवाद प्रस्तुत गर्ने पात्रहरूलाई मञ्चीय पात्रका रूपमा लिन सकिन्छ । मञ्चीय पात्रहरूको कार्यकलापबाट घटनाहरू क्रियाशील हुने हुँदा यिनीहरूको कथावस्तुसँग प्रत्यक्ष सम्बन्ध हुन्छ । त्यस्तै कथायिता वा अन्य पात्रले नामोच्चारण मात्र गरिएको र प्रत्यक्ष कार्यव्यापारमा संलग्न नदेखिएका पात्रहरू नेपथ्य पात्र हुन् । यस दृष्टिले विवेच्य उपन्यासमा दुवै प्रकारका पात्रहरू प्रयोग भएको देखिन्छ ।

आसन्नताका आधारमा हेर्दा यस उपन्यासको पात्रहरूमध्ये कविता, देवमणि, नीलिमा, श्यामलाल, शेखर, कामिनी, छाया, सम्पा, शिशिर, अशेष, प्रसन्न, शोभा, मोहनमुनि, नानुहिरा, बरालनी बुढी, समगरजङ्ग थापा, अच्युत सुवेदी, हर्कबहादुर, ट्याक्सी ड्राइभर, सुन्तला बेच्ने बुढी आमा, विद्यार्थी आन्दोलनका सहभागीहरू आदि मञ्चीय पात्रहरू हुन् । यी पात्रहरूले उपन्यासमा स्वयम् उपस्थित भई कार्यव्यापार सञ्चालन गरका छन् । यी बाहेका किशोरचन्द्र उपाध्याय, रविकान्त शर्मा, सुवर्णलाल जोशी, प्रीति, शीला, ठूली भाउजू, माइली, कान्छी, आना, कात्या, रमेश रिजाल, इन्जिनियर पराजुली, शिखा, कविताको आमा-बुबा र दाजु-भाउजू, वसन्तमणि, लालभाइ, याण्डी, राजा, रानी, गृहमन्त्री, शिक्षामन्त्री, डा.अस्टिन हेल, डा.पर्सेल आदि नेपथ्य पात्रहरू हुन् । यी पात्रहरूको उपन्यासमा मञ्चीय भूमिका नभई यिनीहरूको अन्य पात्रबाट नामोच्चारण मात्र भएकाले यिनीहरू नेपथ्य पात्रका रूपमा चित्रित छन् । यसरी विवेच्य उपन्यासमा मञ्चीय र नेपथ्य दुवै प्रकारका पात्रहरूको सहभागीता रहेको देखिन्छ ।

**छ) आवद्धताका आधारमा**

**नेपालदेखि अमेरिकासम्म** उपन्यासमा प्रयुक्त पात्रहरूलाई बद्ध र मुक्त गरी दुई वर्गमा विभाजन गर्न सकिन्छ । जुन पात्रलाई उपन्यासबाट झिक्दा कथानकीय संरचना भत्किन्छ, त्यसलाई बद्ध पात्र अन्तर्गत राख्न सकिन्छ भने जुन पात्रलाई झिक्दा पनि कथानकीय संरचना भत्किदैन त्यस्ता पात्रलाई मुक्त पात्र अन्र्तगत राख्न सकिन्छ । बद्ध पात्रका कथानकसँग प्रत्यक्ष सम्बन्ध हुन्छ । मुक्त पात्रलाई कथावस्तुमा महत्त्वपूर्ण स्थान दिएको हुँदैन । आबद्धताका आधारमा विवेच्य उपन्यासमा यी दुवै खाले पात्र प्रयोग भएको देखिन्छ ।

आवद्धताका दृष्टिले विवेच्य उपन्यासको कविता, देवमणि, नीलिमा, श्यामलाल, शेखर, कामिनी, छाया, सम्पा, शिशिर, अशेष, प्रसन्न, शोभा, मोहनमुनि, नानुहिरा, विश्वमणि बराल, रत्नप्रकाश, मणिरत्न, चर्चा श्रेष्ठ, कान्छी, प्रीति, शिला, गृहमन्त्री, शिक्षामन्त्री, आन्दोलनकारी विद्यार्थीहरू, सशस्त्र प्रहरीहरू, जुल्फिकार अलि भुट्टो आदि बद्ध पात्रहरू हुन् । यी पात्रहरूविना उपन्यासको कथावस्तुले पूर्णता प्राप्त गर्न सकिदैन । कविताको केन्द्रीयतामा बुनिएको विवेच्य उपन्यासमा देवमणि, श्यामलाल, नीलिमा, शेखर, कामिनी, सम्पा, छाया, शोभा, मोहनमुनि लगायतका बद्ध पात्रहरूको महत्वपूर्ण भूमिका रहेको छ । त्यस्तै गरी कृष्णहरि काफ्ले, किशोरचन्द्र उपाध्याय, बरालनी बुढी, रविकान्त शर्मा, समरजङ्ग थापा, सुवर्णलाल जोशी, अच्युत सुवेदी, ठूली भाउजू, माइली ,आना, कात्या, लगायतका गौण पात्रहरू विवेच्य उपन्यासका मुक्त पात्रहरू हुन् । यी पात्रहरूलाई उपन्यासबाट अलग्याएर पनि उपन्यासको कथानक खासै नखज्मजिने देखिन्छ । तसर्थ यिनीहरू विवेच्य उपन्यासका मुक्त पात्रहरू हुन् ।

### ३.३.२ प्रमुख र अन्य उल्लेख्य पात्रहरूको चरित्रचित्रण

**नेपालदेखि अमेरिकासम्म** उपन्यास चरित्रचित्रणका दृष्टिले सबल देखिन्छ । यस उपन्यासको कार्य भूमिकाको आधारमा तिन जना पात्रहरूलाई प्रमुख पात्रका रूपमा लिन सकिन्छ । ती हुन्- कविता, देवमणि र श्यामलाल । यी पात्रहरूको आ-आफ्नै प्रकारका चारित्रिक विशेषता रहेको छ । त्यस्तै, नीलिमा, शेखर, कामिनी,

शिशिर, शोभा, मोहनमुनि, विश्वमणि बराल पनि विवेच्य उपन्यासको महत्वपूर्ण पात्रहरू हुन् । यिनीहरूको चारित्रिक विकास र विशेषताबारे विस्तृत रूपमा अध्ययन गर्नु वाञ्छनीय देखिन्छ ।

**क) कविता**

कविता **नेपालदेखि अमेरिकासम्म** उपन्यासको प्रमुख नारी चरित्र हो । कविताको केन्द्रीयतामा यस उपन्यासको सम्पूर्ण घटनाहरू सञ्चालित भएको देखिन्छ । कविताका साथै उसका साथीहरूको नेपालदेखि अमेरिकासम्मको यात्रालाई कथानक विषय बनाएको यस उपन्यासमा कवितालाई प्रमुख पात्रका रूपमा उभ्याइएको छ । उपन्यासमा कवितालाई दृढ स्वभावकी निर्भीक र आत्मस्वाभिमानी, आँटिली र शिष्ट नारी चरित्रको रूपमा चित्रण गरिएको छ ।

कविता नेवारी समुदायको श्रेष्ठ कुलमा जन्मिएकी एक मध्यम वर्गीय परिवारकी छोरी हुन् । चैनपुरको रमाइलो बजारमा जन्मेर हुर्केकी कविता पिता रामबहादुर श्रेष्ठसँग विराटनगर बसाइँ सरेको देखिन्छ । पढाइको सिलसिलामा सानै उमेरमा दार्जिलिङ्ग पुगेकी कविताको बाल्यकालको अधिक समय दार्जिलिङ्गमै बितेको देखिन्छ । दार्जिलिङ्गको लरेन्टो कन्भेन्टमा विद्यालय स्तरको पढाइ सकाएर कविताले सन्त जोसेफ महाविद्यालयमा स्नातक गरेकी छिन् । कविता स्नातकोत्तर तहको पढाइका लागि काठमाडौँ आएकी हुन् । दार्जिलिङ्ग जस्तो उदार, पठित र शिष्ट समाजमा शिक्षा पाएर हुर्केकी कविता स्वभावैले मिलनसार, सहनशील र हक्की रहेकी छिन् । कविता काठमाडौँ आइपुग्दा भरखर एक्काइस वर्ष टेक्दै गरेकी केटी भए पनि वैचारिक र व्यवहारिक रूपमा परिपक्व बनिसकेकी देखिन्छ ।

कीर्तिपुरको छात्रावासमा कविता अछामकी शोभा प्रधान नामकी स्नातक तहमा अध्ययनरत केटीसँग बस्न पुग्छिन् । शोभाले कवितालाई देखेपछि आफ्नो भावी भाउजूका रूपमा सोचेर अध्ययनका सिलसिलामा अमेरिका पुगेको दाजु श्यामलालको अनावश्यक वयान गरी कवितालाई आकर्षित गर्न खोजेको देखिन्छ । तर कवितालाई शोभाको कुराले प्रभाव पार्न सकेको देखिँदैन । अमेरिका जाने रहर भएकी कविता श्यामलालको सहारामा अमेरिका जान सक्ने भए पनि श्यामलालले

अमेरिका बाट पठाएको प्रेमपत्रलाई कविताले स्वीकार गरेकी छैन । श्यामलाल नेपाल आएर कवितासँग प्रेमको याचना गरे पनि एकतर्फी प्रेममा पागल बनेको श्यामलालको प्रेमजालमा कविता नफसेको देखिन्छ । श्यामलालले कवितालाई जबरजस्ती सिन्दुरपोते पहिऱ्याएर आफ्नो बनाउन खोजे पनि कविताले श्यामलाललाई पतिका रूपमा स्विकारेकी छैन । श्यामलालको जबरजस्ती र बलजफतीमा पनि कविता अडिग रहेको देखिन्छ । यस अर्थमा कविता दृढ र आत्मस्वाभिमानी भएककी नारी चरित्र हो भन्न सकिन्छ ।

श्यामलालको एकोहोरो पागल प्रेममा नफसे पनि पहिलो भेटमा नै कवितामा देवमणिप्रति प्रेम अङ्कुरित भएको देखिन्छ । अन्ततः कविताको विवाह देवमणिसँग नै भएको छ । विवाह पश्चात् कविता सच्चा जीवन सङ्गिनी र सिपालु गृहणीको रूपमा देखा परेको देखिन्छ । विवाह भएको केही समय पश्चात अध्ययनका सिलसिलामा अमेरिका उडेको पतिका साथ कविता पनि अमेरिका उडेको देखिन्छ । अमेरिकाको भौतिक सुख सम्पन्नतामा कविताले आफ्नो स्वअस्तित्वलाई विलयन गरेकी छैन । कविताले आफ्नो जन्मभूमि जति नै अव्यवस्थित भए पनि आफ्नो देशलाई चटक्कै बिर्सेकी छैन । साथीहरूसँग अति नै मिल्ने र सबैप्रति समभाव राख्ने कविता अमेरिका जस्तो भौतिक सुखले सम्पन्न मुलुकमा पुगेर पनि देशप्रेम र संस्कृति प्रेमले बेचैन बनेको देखिन्छ । यस आधारमा कवितालाई भौतिक सुख सम्पन्नतामा पनि आफ्नो मातृभूमिलाई नभुल्ने र आफ्नो देशलाई चटक्कै माया नमारी मुटुभित्र देशप्रेम साँचेर राख्ने देशप्रेमी र संस्कृतिप्रेमी नारी पात्रका रूपमा लिन सकिन्छ ।

कविताले तत्कालीन पञ्चायत कालमा लागू गर्न खोजेको नयाँ शिक्षाको खुलेर विरोध गरेकी छिन् । उपन्यासमा कवितालाई परिवर्तनको अपेक्षा गर्ने पात्रको रूपमा चित्रण गरिएको छ । यति मात्र नभइ कविताले नीलिमालाई हतारमा विवाहको निर्णय नलिन आग्रह गरेबाट कविताको दूरदर्शीता झल्किन्छ । यसका साथै विवाह पश्चात् नारकीय जीवन भोग्नु परेकी नीलिमालाई नयाँ जीवनको सुरूवात गर्न कविताले सहयोग गरेकी छिन् । त्यस्तै साथीहरूले मन नपराएकी शोभालाई आफ्नो साथीहरूको समूहमा सहज रूपमा घुलिमल हुने वातावरण कविताले निर्माण

गरेको देखिन्छ । जसबाट कविताको मिलनसार स्वभाव झल्किन्छ । श्यामलालले दुर्व्यव्यवहार गरे पनि कविताले श्यामलाललाई शत्रुका रूपमा नलिएको कुरा अमेरिका पुगेपछि श्यामलालको बारे शोभाबाट जानकारी पाए पछि श्यामलाल प्रति देखाएको सद्भावबाट प्रष्ट हुन्छ । तसर्थ दुई सन्तानकी आमा बनेकी कविता खुला र पवित्र हृदयकी मिलनसार र सहयोगी स्वभावकी पात्र हुन भन्न सकिन्छ ।

प्रस्तुत उपन्यासमा कवितालाई एक सचेत, बुद्धिमानी, दूरदर्शी, प्रगतिशील र प्रभावशाली पात्रको रूपमा चित्रण गरिएको छ । कविता मानवीय सद्गुणले भरिपूर्ण मात्र नभइ रूप सौन्दर्यमा पनि त्यति नै सम्पन्न रहेको कुरा उपन्यासमा उल्लेखित यस दृष्टान्तबाट स्पष्ट हुन्छ :"ऊ पहाडे फुल थिई, लालुपाते थिई र लालिगुँरास थिई ।"[५] त्यस्तै गरी "कञ्चनजङ्गा जस्तो सङ्लो थियो उसको मन, कञ्चनजङ्गा जस्तो थियो उच्च थियो आकाङ्क्षा र कञ्चनजङ्गा जस्तो शुभ्र, स्वच्छ, र सफा थियो उसको चरित्र पनि ।"[६] भन्ने दृष्टान्तले कविता एक सद्चरित्र भएकी नारी पात्र हो भन्ने कुरा स्पष्ट हुन्छ । रूप सौर्न्दय र चारित्रिक सद्गुणले सम्पन्न कविता उपन्यासकी प्रमुख स्त्री पात्र हुन् । कविता उपन्यासबाट अलग्याउन नमिल्ने बद्ध, अनुकूल चरित्र भएकी मञ्चीय र आर्दश पात्र हुन् भन्न सकिन्छ ।

**ख) देवमणि**

देवमणि विवेच्य उपन्यासको प्रमुख पात्र हो । बेलायतबाट अङ्ग्रेजी विषयमा एम.ए. को पढाइ पूरा गरेको देवमणि यथास्थितिवादी सोचलाई परिवर्तन गर्न खोज्ने आधुनिक युगको शिक्षित युवक हो । बेलायतबाट नेपाल फर्केपछि देवमणिले फुर्सदको समय विना काम व्यतित गर्न उपयुक्त ठानेनन् । फलस्वरूप देवमणिले कीर्तिपुरको विश्वविद्यालयमा निःशुल्क पढाउन उपयुक्त ठानी अध्यापन कार्यमा लागेको देखिन्छ । यसरी समयको महत्त्वलाई बुझ्ने देवमणिलाई उपन्यासमा एक कर्मठ र मेहिनती युवा पात्रका रूपमा चित्रण गरिएको छ ।

---

५ तारानाथ शर्मा, नेपालदेखि अमेरिकासम्म, (ललितपुर : साझा प्रकाशन, २०४९), पृ. २१ ।

६ ऐजन, पृ. ३ ।

देवमणि तत्कालीन पञ्चायत शासन कालमा अञ्चलाधिस भएको विश्वमणि बरालको कान्छो छोरो हो । अञ्चलाधिसको छोरो भएर पनि देवमणिले पञ्चायत सरकारको कुकृत्यलाई समर्थन गरेको छैन । पञ्चायत सरकारले लागू गर्न खोजेको नयाँ शिक्षाको देवमणिले खुलेर विरोध गरेको देखिन्छ । विरोध सभामा नयाँ शिक्षाबारे आफ्नो मत अभिव्यक्त गर्ने क्रममा देशद्रोहको आरोपमा देवमणि जेलमा समेत परेको छ । जेलमुक्त हुनका लागि पञ्चायत शासन राम्रो हो भनी कागज गराए पनि एकतन्त्रीय पञ्चायत शासन देशका लागि देवमणिले उपयुक्त ठानेको छैन । तसर्थ पञ्चायत कालको चाकरी चाप्लुसीको घोर विरोध गर्ने देवमणि परिवर्तनको चाहाना राख्ने नवपुस्ताको प्रीतिनधि पात्रका रूपमा देखा परेको छ । मेहिनतलाई सफलताको कडी ठान्ने देवमणि राज्यले आफू जस्तो युवावर्गको योग्यतालाई कदर गर्न नसक्दा देशको विकास हुन नसकेको ठान्दछ । पञ्चायत शासनमा चाकरीबाजले बढावा पाएको देख्दा देवमणि केही हतोत्साहित भएको देखिए पनि पुरै विचलित भएको देखिँदैन । देवमणि एक दिन न एक दिन नेपालमा पनि परिवर्तनको शङ्खघोष हुने कुरामा विश्वास राख्दछ । यस अर्थमा देवमणिलाई आशावादी पात्रको रूपमा लिन सकिन्छ ।

भाग्यभन्दा कर्ममा विश्वास गर्ने देवमणिले बहिनी नीलिमालाई शेखरको क्रुर र नारकीय व्यवहारबाट छुट्कारा दिलाएको छ । शेखरसँग पाचुके गर्न लगाएर देवमणिले नीलिमालाई नयाँ जीवन सुरूवात गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । त्यस्तै, श्यामलालले जबरजस्ती सिन्दुरपोते पहिऱ्याएका कवितालाई जीवनसाथीको रूपमा अपनाएर देवमणिले आफ्नो उदारपन देखाएको छ । परम्परित समाजले अन्तर जातीय विवाहलाई सहजै स्वीकार नगर्ने भएपनि नेवारी समाजकी कवितालाई विवाह गरी देवमणिले परम्परावादी समाजलाई चुनौती दिएको देखिन्छ । देवमणिले बहिनी नीलिमालाई नयाँ जीवन सुरूवात गर्न सहयोग गर्नुका साथै कवितालाई आफ्नो अर्धाङ्गिनीका रूपमा स्वीकार गरेर नारी स्वतन्त्रता र अस्मिताको रक्षाको पक्षमा वकालत गरेको देखिन्छ । देवमणि स्वावलम्बी, परम्परित मान्यतामा परिवर्तन गर्न खोज्ने र देशप्रेमलाई मुटुमा साँचेर राख्ने बहिर्मुखि पात्र हो । देवमणि आधुनिक युगको शिक्षित युवक हो, जो आफ्नो विचारमा दृढ रहेको देखिन्छ । भाषाविज्ञान विषयमा पी.एच.डी. गर्नका लागि अमेरिका पुगेको देवमणिले आफ्नो मातृभूमिको धरोहरालाई बिर्सेको देखिँदैन । देवमणिले आफ्नो राष्ट्रप्रेमको अगाडि अमेरिकाको

भौतिक सुख सम्पन्नतालाई गौण ठानेको देखिन्छ । भौतिक सुखलाई तिन कौडि नठान्ने देवमणिको नसा-नसामा देशप्रेम र संस्कृति प्रेम सल्बलाएको देखिन्छ । देवमणिको मुटुभित्र सदैव जीवित रहेको मातृभूमिप्रेमले नीलिमा र अशेषलाई समेत नेपाल फर्किन प्रेरित गरेको देखिन्छ । अन्तमा आफ्नै देशमा फर्कने अठोट गरेको देवमणिले आफ्नो मुटुभित्र रहेको राष्ट्रप्रेमलाई यसरी व्यक्त गरेको देखिन्छ -"गुन्द्रुकले देवमणिलाई बोलाइरहेछ, फिलुङ्गले कवितालाई बोलाइरहेछ र सेलरोटीले हामी दुवैलाई बोलाइरहेछ ।"[७]

शेखरको क्रुरताबाट बहिनी नीलिमालाई छुट्कारा दिलाउने देवमणिले नारी स्वतन्त्रतालाई विकसित र सभ्य समाजको गहना ठानेको छ । कतिपय अवस्थामा विचलित भएको देखिए पनि समग्रमा देवमणिलाई आशावादी चरित्रकै रूपमा लिन सकिन्छ । देशप्रेमलाई आफ्नो जीवनको महत्वपूर्ण सम्पत्ति ठान्ने देवमणि विवेच्य उपन्यासको अनुकूल र आदर्श पात्र हो । एक शिष्ट, शिक्षित, परिवर्तनको चाहना राख्ने र आधुनिक विचारधारालाई व्यवहारमा उतार्ने देवमणि उपन्यासको नायक हो र उपन्यासबाट अलग्याउन नमिल्ने बद्ध र मञ्चीय पात्र हो ।

**ग) श्यामलाल**

श्यामलाल विवेच्य उपन्यासको प्रमुख खल पात्र हो । केही सद्गुण भएर पनि श्यामलालको प्रतिकूल चरित्र हाबी भएको देखिन्छ । सानैमा आमा मरेकाले श्यामलालले मातृस्नेह समेत नपाएको देखिन्छ । बाबुले सौतनी आमा ल्याएर हेला गरेकाले श्यामलालले आफ्नो पढाइका लागि धरै सङ्घर्ष गरेको देखिन्छ । टुहुरी बहिनीलाई लालनपालनका साथै शिक्षा-दीक्षा दिएर श्यामलालले अभिभावकको भूमिका निर्वाह गरेको छ । यस अर्थमा श्यामलाललाई परिश्रमी र सङ्घर्षशील पात्रका रूपमा लिन सकिन्छ । यति हुँदा-हुँदै पनि आफूले मन पराएको केटीले आफ्नो प्रेमको याचनालाई अस्वीकार गरेपछि श्यामलालको मन विक्षिप्त भएको देखिन्छ । जसले गर्दा श्यामलालको मन मष्तिस्कमा नकारात्मक सोचाइको विकास भएको देखिन्छ ।

---

७ ऐजन, पृ. ३२४ ।

अध्ययनका सिलसिलामा अमेरिका पुगेको श्यामलाल नेपाल नफर्कदै बहिनी शोभाले कविताका तस्वीरहरूका साथै कविताको रूप सौन्दर्यको वयान गरी पठाएको चिठी प्राप्त गरेपछि श्यामलालले कवितालाई एकतर्फी प्रेम गरेको देखिन्छ । शोधकार्यका सिलसिलामा नेपाल आउँदा कवितालाई भेटेपछि श्यामलाल कविताप्रति झन आकर्षित भएको देखिन्छ । यसरी एकोहोरो रूपमा बढ्दै गएको एकतर्फी प्रेमको पागलपनले श्यामलाल प्रतिकूल बन्न गएको देखिन्छ । श्यामलालले कवितालाई आफ्नो बनाउन जति प्रयास गरे पनि कवितालाई आफ्नो बनाउन सक्दैन । कविताले श्यामलालको प्रेमलाई अस्वीकार गरेपछि एकतर्फि प्रेममा पागल बनेको श्यामलालले कवितालाई बलजफतीपूर्वक सिन्दुरपोते पहिऱ्याएर आफ्नो बनाउन खोजेको छ । जसले गर्दा श्यामलालको चरित्रमा प्रतिकूल गुण हावी भएको देखिन्छ । श्यामलालको दूर्व्यवहारले कविता टाढा मात्र भइन कविताको कटु वचनले श्यामलाललाई भित्री रुपमा घायल बनाएको देखिन्छ । जसले गर्दा श्यामलालको मनस्थिति विकृत बनेको छ ।

कविताले आफ्नो प्रेमलाई अस्वीकार गरेपछि श्यामलालमा सारा नेपाली जातिप्रति नै अविश्वास पैदा भएको देखिन्छ । अमेरिका उड्नु अघि श्यामलालले काठमाडौंको भोटाहिटी निवास गर्ने  नानुहिरालाई विवाह गर्दछ । अमेरिका पुगेपछि श्यामलालले नानुहिरालाई त्यहाँको विकसित समाज सुहाउँदो परिवर्तन गर्न हरप्रयास गरे पनि सफल हुन सक्दैन । सरसफाइमा समेत ध्यान नदिने नानुहिराको हरव्यवहारले श्यामलाल आजित बनेको देखिन्छ । छोरी जन्मिएपछि पनि नानुहिरामा कुनै बदलाव नआए पछि श्यामलालले बाध्य भएर छोरीसगैं नानुहिरालाई नेपाल फर्काएको देखिन्छ । छोरी दुई वर्षकी भएपछि छोरीको संरक्षक भएर अमेरिका सधैका लागि बस्न पाउने भएकाले श्यामलालले छोरीलाई पुनः अमेरिका झिकाउने काम गर्दछ । केही समय पछि नानुहिरालाई पनि अमेरिका झिकाउने वाचा गरेर पत्राचार गरेको भए पनि छोरी अमेरिका पुगेपछि श्यामलालले नानुहिरासँग पाचुके गरेको देखिन्छ । नानुहिराको फोहोरीपन र अमेरिकाको वातावरण सुहाउँदो परिवर्तन हुन नसक्ने व्यवहारले गर्दा बाध्य भएर श्यामलालले नानुहिरालाई त्यागेको देखिन्छ । यसरी एक पछि अर्को चोट सहनु परेको श्यामलालको वैवाहिक जीवन समेत असफल भएको देखिन्छ । नानुहिरासँगको वैवाहिक जीवन असफल भएपछि श्यामलालले शिला नामकी अमेरिकन केटीसँग विवाह गर्दछ । दोस्रो विवाहबाट सुख प्राप्त गर्नुको साटो श्यामलाल फेरि

पत्नी शिलाको ज्यादतीमा फस्न पुगेको छ । यसरी जीवनको हर घडीमा पीडा सिवाय केही पाउन नसकेको श्यामलाललाई नियतीको दुष्चक्रमा परेको पात्रका रूपमा लिन सकिन्छ ।

श्यामलालले कविताप्रति दूर्व्यवहार गरे पनि नियत नै खराब भएको पात्रको रूपमा भने लिन सकिदैन । टुहुरी बहिनीलाई पढाउनुका साथै बहिनी र ज्वाइँ दुवैलाई अमेरिका झिकाइ बस्ने व्यवस्था मिलाउने काम श्यामलालले गरेको छ । श्यामलालमा सद्‌गुण चरित्र भएर पनि एकतर्फी प्रेमको पागलनपनले प्रतिकूल बनाएको देखिन्छ । समग्रमा भन्नु पर्दा श्यामलाल सत् र असत् दुबै खालको गुण भएको पात्र हो । श्यामलालको यिनै चारित्रिक विशेषताले गर्दा उपन्यास बढी सङ्घर्षपूर्ण बन्न पुगेको छ । हर कुराबाट असफलता प्राप्त गरेको श्यामलालले आफ्नो अस्तित्वलाई समेत अमेरिकाको भौतिक सुख र व्यवस्ततामा विलयन गरेको देखिन्छ । यसरी नियतीले ठगेको श्यामलाल पलायनवादी बन्न पुगेको छ । श्यामलालको हरेक सङ्घर्षशील क्रियाकलापबाट उपन्यासको कथावस्तु गतिशील बनेको छ । तसर्थ श्यामलाललाई उपन्यासमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने मञ्चीय र बद्ध पात्रका रूपमा लिन सकिन्छ ।

**घ) नीलिमा**

नीलिमा विवेच्य उपन्यासको सशक्त सहायक स्त्री पात्र हो । नीलिमाको भूमिका उपन्यासमा महत्वपूर्ण रहेको छ । चञ्चले र चुलबुले स्वभावकी नीलिमाको विवाह शेखरसँग भएको छ । नीलिमा र शेखरको वैवाहिक जीवनबाट नै उपन्यासमा सङ्घर्षको बीजारोपण भएको देखिन्छ । अमेरिका भनेपछि भुतुक्कै हुने नीलिमाले छ वर्ष रूसमा अध्ययन गरेर फर्केको शेखरसँग कुनै सोचविचार नै नगरी विवाह गरेपछि उनको स्वतन्त्र जीवनमा एकाएक गरी बज्रपात पर्दछ । स्वच्छ, सफा र कल्पषरहित हृदयकी नीलिमा स्त्रीलाई केवल यौनप्यास मेट्ने साधन ठान्ने शेखरको कामाग्निमा जल्न पुगेको देखिन्छ । नीलिमाले विवाह पश्चात् पढाइलाई गौण ठानी पढाइ समेत छोडेको देखिन्छ । पढाइलाई भन्दा शेखरलाई महत्त्व दिएकी नीलिमा शेखरको पाशविक व्यवहारले पश्चतापको अग्निमा जल्न पुग्दछ । शिघ्र निर्णय लिनाले शारीरिक र मानसिक पीडाको सिकार बनेकी नीलिमामा अदूरदर्शीपन रहेको देखिन्छ ।

नीलिमाले शेखरलाई जति सुध्रने मौका दिए पनि सुध्रिदैन । नीलिमाले शेखरको यौनप्यासको कठपुतली बन्नु आफ्नो कायरता हो भन्ने सोच्दछिन् । अन्ततः नीलिमाले आफ्नो दाजु देवमणि र साथीहरूको सल्लाह लिएर शेखरसँग पाचुके गर्दछ । पुनः नीलिमाले स्वतन्त्र जीवन बाँच्न थालेको देखिन्छ । जसबाट नीलिमा अन्याय सहेर नबस्ने आधुनिक नारी पात्र हो भन्ने स्पष्ट हुन्छ । शेखरसँग पाचुके गरेपछि फेरि नीलिमाले पढाइलाई निरन्तरता दिएकी छिन् । आत्मबललाई दरो पारिसकेकी नीलिमा नयाँ शिक्षाको विरोधमा निस्केको आन्दोलनमा समेत सक्रिय रूपमा लागी परेको देखिन्छ । आन्दोलनका सिलसिलामा थुनामा समेत परेकी नीलिमालाई परिवर्तनको पक्षधर तथा साहसी नारीको रूपमा लिन सकिन्छ । शेखरसँगको वैवाहिक जीवन असफल भएपछि नीलिमाको व्यवहार र सोचाइमा परिपक्वता आएको देखिन्छ । साथीहरूमाझ पनि उचित सल्लाह दिनुका साथै श्यामलालको दूर्व्यव्यहारबाट व्यथित भएकी कवितालाई सम्झाउन नीलिमाले महत्त्वपूर्ण भूमिका निर्वाह गरेकी छिन् । यसका साथै कविता र देवमणिलाई एक अर्कामा नजिक हुन नीलिमाले सहयोगी भूमिका निर्वाह गरेको देखिन्छ । तसर्थ नीलिमालाई उपन्यासको गतिशील सहायक पात्रको रूपमा लिन सकिन्छ ।

शेखरसँग पाचुके गरेपछि पुनः पढाइलाई निरन्तरता दिएकी नीलिमाले विश्वविद्यालयको सर्वोकृष्ट अङ्क ल्याएर आफ्नो छुट्टै पहिचान बनाउन सफल भएकी छिन् । शेखरसँगको तीतो अतीतलाई बिर्सेर नीलिमाले अशेषसँग दोस्रो विवाह गरेको देखिन्छ । अशेष जस्तो समझदार पति पाएर नीलिमाले जीवनमा नयाँ उमङ्ग आएको अनुभव गरेकी छिन् । दुई छोरा र एक छोरीको आमा समेत बनेकी नीलिमालाई साहसी, लगनशील, समझदार, सहयोगी पात्रका रूपमा चित्रण गरिएको छ । यस अर्थमा नीलिमालाई उपन्यासको प्रमुख सहायक पात्रका रूपमा लिन सकिन्छ ।

**ङ) शेखर**

शेखर विवेच्य उपन्यासको सहायक प्रतिकूल पात्र हो । शेखरको आगमनबाट नै उपन्यासमा सङ्घर्षको बीजारोपण भएको छ । छ वर्ष रूसमा अध्ययन गरी फर्केका शेखर नारीलाई यौनप्यास मेट्ने साधन सिवाय अरू ठान्दैन । नीलिमालाई विवाह अघि न्यानो स्नेहको लोभ देखाएको शेखरले नीलिमाको स्वतन्त्रतालाई धुजा-धुजा पारेको देखिन्छ ।

नीलिमालाई अरू केटाहरूसँग बोल्नै नदिने र बोलेको देखेमा शारीरिक यातना समेत दिने शेखरले नारी स्वतन्त्रता र अस्मितालाई सम्मान गर्न सकेको छैन । त्यस्तै, नीलिमाको साथीहरूलाई समेत शेखरले कुदृष्टि राखेको देखिन्छ । आफ्नो श्रीमती घर नभएको बेला नोकर्नी कान्छीसँग अवैध सम्बन्ध राख्ने शेखरको चरित्र पाशविक रहेको देखिन्छ । नीलिमाले बारम्बार सुध्रने मौका दिए पनि सुध्रनुको साटो शेखरले नीलिमामाथि झन् ज्यादति गरेको देखिन्छ । शेखरको हर क्रियाकलाप यौनभन्दा माथि उठ्न सकेको छैन । उपन्यासमा शेखरको चरित्रमा कुनै परिवर्तन आएको देखिँदैन । तसर्थ शेखर उपन्यासको गतिहीन पात्र हो । यौन विकृत व्यवहारले गर्दा शेखर प्रतिकूल बनेको देखिन्छ । शेखरको हर क्रियाकलापले उपन्यासमा सङ्घर्ष सिर्जना गरेकाले शेखरलाई आपसी अन्तर द्वन्द्वलाई घनिभूत गराउने बद्ध पात्रको रूपमा लिन सकिन्छ ।

**च) कामिनी**

कामिनी विवेच्य उपन्यासको सहायक स्त्री पात्र हो । कामिनी नीलिमा र कविताको घनिष्ट मित्र हो । कामिनी साथीहरूसँग घुम्न र रमाइलो गर्न मन पराउने खुला हृदयकी नारी पात्र हो । साथीहरूलाई हसाउन सिपालु कामिनी बहिर्मुखि स्वभावको देखिन्छ । हेर्दा उताउलिने खालको जस्तो देखिने कामिनीलाई शेखरले आफ्नो पञ्जामा पार्न खोजे पनि कामिनी शेखरको मोहमा परेकी छैन । घरपरिवारले मन पराएको रत्नप्रकाशसँग विवाह गरी कामिनी अमेरिका गएको देखिन्छ । अमेरिका पुगेपछि कामिनी त्यहाँको रहनसहन र वातावरणमा सहजसँग घुलिमिल भएको देखिन्छ । परिस्थिति अनुसार परिवर्तन हुन नसक्ने कामिनी विवेच्य उपन्यासको गतिशील पात्र हो । घुम्न काँही नजाने, साथीहरूसँग भेटघाट नगर्ने, धुम्म परेर बस्ने र कुनै काम पनि नगर्ने रत्नप्रकाशको व्यवहारबाट कामिनी आजित भएको देखिन्छ । जति प्रयास गरे पनि आफ्नो पतिलाई अमेरिकाको रहनसहन सुहाउँदो बनाउन नसकेपछि कामिनी पूर्वप्रेमी मणिरत्नसँग निकट भएको देखिन्छ । अन्ततः आफ्नो अस्तित्वलाई रत्नप्रकाशको एकलकाटेपनमा विलयन गर्नुभन्दा स्वतन्त्रपूर्वक जीवन बिताउनु उचित ठानी कामिनीले पूर्वप्रेमी मणिरत्नसँग विवाह गरेको देखिन्छ । यसरी हेर्दा कामिनीलाई अस्तित्ववादीका साथै स्वनिर्णय क्षमता भएको र स्वतन्त्र जीवन जिउन चाहने पात्रका रूपमा लिन सकिन्छ । परिस्थिति अनुकूल परिवर्तन हुन सक्ने कामिनी उपन्यासको गतिशील, बद्ध र मञ्चीय पात्र हो ।

**छ) शिशिर**

शिशिर राणा विवेच्य उपन्यासको सहायक पुरुष पात्र हो । शिशिरले कविताको साथी छायाँसग विवाह गरेको छ । विद्यार्थी आन्दोलनका सिलसिलामा जेल परेका विद्यार्थीहरुलाई थुनामुक्त गराउन शिशिरको महत्वपूर्ण भूमिका रहेको छ । आफ्नो प्राणभन्दा प्यारो छाया जेल परेको खबरले शिशिर व्यथित बनेको देखिन्छ । शिशिरले छाया लगायतका अन्य छात्राहरू र नीलिमाको दाजु देवमणिलाई समेत जेलमुक्त गराउने काम गरेको छ । राणा खानदानमा जन्मेको भए पनि शिशिर परिवर्तनको पक्षधर रहेको स्पष्ट देखिन्छ । परराष्ट्र मन्त्रालयमा जागिरे भएको शिशिर सहयोगी र मिलनसार स्वभाव भएको गतिहीन पात्र हो । विद्यार्थी आन्दोलनका क्रममा थुनामा परेका छात्राहरूलाई थुनामुक्त गराउन सक्रिय भएर लागी परेको शिशिर उपन्यासको बद्ध, मञ्चीय र अनुकूल चरित्र हो ।

**ज) शोभा**

शोभा उपन्यासको सहायक स्त्री पात्र हो । शोभाले श्यामलालको बहिनीको भूमिका निर्वाह गरेकी छिन् । सानैमा आमा मरेर टुहुरी भएकी शोभाले धेरै दुःख भोगेको देखिन्छ । दाजुको सहायताले पढाइलाई निरन्तरता दिइरहेकी शोभाले छात्रावृत्तिको पैसा समेत खर्च नगरी जम्मा गरेर राखेको देखिन्छ । जसले गर्दा शोभा साथीहरूमाझ लोभी र आवश्यक खर्च पनि नगर्ने चुँइकटको रूपमा परिचित भएकी छिन् । कविताको रूप गुण देखेर शोभाले कवितालाई भावी भाउजूको रूपमा लिएको देखिन्छ । यति मात्र नभइ कविताले श्यामलाललाई मन पराउछे भनेर आफ्नो दाजुलाई झुटो कुरा सुनाइ उक्साएको देखिन्छ । अनावश्यक र हुँदै नभएको कुरा गरेर शोभाले श्यामलाललाई एकतर्फी प्रेमको पागलपनमा फस्न सहायता गरेकी छिन् । यति मात्र नभएर पञ्चायत शासनको चाकरी गर्ने मोहनमुनिको पछि लागेर नयाँ शिक्षा राम्रो हो भन्दै शोभाले पञ्चायत शासनको कुकृत्यलाई समेत समर्थन गरेकी छिन् । मोहनमुनिको इसारामा नाच्ने शोभा प्रतिकूल चरित्र हो । उपन्यासमा ठूलो भूमिका नदेखिए पनि कविता र श्यामलालबीच द्वन्द्वको सिर्जना गर्नमा शोभाको महत्वपूर्ण भूमिका रहेको छ । तसर्थ शोभा विवेच्य उपन्यासको बद्ध, मञ्चीय र गतिशील पात्र हो भन्न सकिन्छ ।

**झ) मोहनमुनि**

मोहनमुनि विवेच्य उपन्यासको सहायक पुरुष पात्र हो । संस्कृति विभागमा प्रोफेसर भएको मोहनमुनिले कक्षामा पढाउने भन्दा पनि अनावश्यक गफ छाँटेर जागिर पकाएको देखिन्छ । एउटा खुट्टा खोच्याएर हिड्ने मोहनमुनि लङ्गडे भएकाले जहाँ जाँदा पनि मोटरसाइकलमा हुँइकिने गर्दछ । बाटोमा केटीहरू एक्लै भेटेमा मोटरसाइकलमा बसाएर हिड्ने मोहनमुनि कुनै केटाले मोटरसाइकलमा चढ्ने अनुरोध गरेमा आफ्नो खुट्टाले गर्दा बोक्न नसक्ने कुरा गर्दछ । तसर्थ मोहनमुनिको नियत खराब रहेको देखिन्छ । गाउँमा आमा, बुबा, श्रीमती, छोराछोरी भए पनि आफ्नो भन्ने कोही नभएको र आफूले अझसम्म पनि बिहे नगरेको बताउने मोहनमुनि स्वार्थी स्वभावको पात्र हो भन्न सकिन्छ । मोहनमुनिले श्यामलाललाई कविताले सहजै विवाह गर्न नमाने जबरजस्ती गरेर भए पनि आफ्नो बनाउनु पर्छ भनेर उक्साएको देखिन्छ । त्यस्तै, पञ्चायत शासनको चाकडी गरेर जागिर टिकाइ राख्ने मोहनमुनि पञ्चायत शासनको चाकरी चाप्लुसी गर्ने वर्गको प्रतिनिधि पात्र हो । आफ्नो स्थार्थ पूर्तिका लागि जस्तो झुट पनि बोल्न सक्ने मोहनमुनि उपन्यासको प्रतिकूल र स्थीर स्वभावको पात्र हो ।

**ञ) विश्वमणि बराल**

विश्वमणि बराल विवेच्य उपन्यासको सहायक पुरुष पात्र हो । पञ्चायत शासन कालको अञ्चलाधिस विश्वमणि पञ्चायत शासनको प्रतिनिधि पात्र हो । पञ्चायतले लागू गर्न खोजेको नयाँ शिक्षाको विरोधमा निस्केको विद्यार्थी आन्दोलनमा विश्वमणिले निर्मम दमन गरेको देखिन्छ । आफ्नो मातहतको क्षेत्रमा शसस्त्र प्रहरीलाई निर्देशन दिई जनआन्दोलनको दमन गर्ने विश्वमणि वर्गीय पात्र हो । विश्वमणिले पञ्चायत शासन कालमा शक्ति र शासनलाई दुरूपयोग गर्ने वर्गको प्रतिनिधित्व गरेको छ । आन्दोलनको क्रममा छोरा देवमणि र छोरी नीलिमा जेल परेको खबर पाएपछि व्यथित भएको देखिने विश्वमणि समग्र पञ्चायत शासनको प्रतिबिम्ब हो । उपन्यासमा विश्वमणिको उपस्थिति ज्यादै कम भए पनि उपन्यासको उल्लेखनीय पात्र हो । कार्य भूमिका अति न्युन देखिए पनि विश्वमणि उपन्यासको घटनाक्रमलाई गतिशील बनाउने बद्ध, मञ्चीय र स्थीर स्वभावको प्रतिकूल पात्र हो ।

उपर्युक्त पात्रहरूका अतिरिक्त विवेच्य उपन्यासमा अन्य थुप्रै न्युनाधिक महत्व भएका स्त्री तथा पुरुष पात्रहरू पनि छन् । छाया र सम्पा कविताको साथीहरू हुन् । यी दुवैले कविता, नीलिमा र कामिनीलाई हर कुरामा सहयोग गरेका छन् । यसका साथै विद्यार्थी आन्दोलनमा समेत सक्रियताका साथ सामेल भई थुनामा समेत परेका छाया र सम्पा विवेच्य उपन्यासको अनुकूल पात्र हुन् । त्यस्तै, अशेष देवमणिको साथी र नीलिमाको पति हो । विवाह गरेर पाचुके गरेकी नीलिमालाई विवाह गरी उदारपन देखाउने अशेष उपन्यासको सकरात्मक भूमिका निर्वाह गर्ने पात्र हो । त्यस्तै, परराष्ट्र मन्त्रालयमा कार्यरत प्रसन्न सम्पाको पति हो । काठमाडौ भोटाहिटीमा जन्मे हुर्केकी नानुहिरा श्यामलालको पत्नी हो । सरसफाइमा ध्यान नदिने नानुहिरा काठमाडौँको नेवारी समाजको प्र्रीतिनधित्व गर्ने स्थीर स्वभावको पात्र हो । त्यस्तै, अमेरिकन बुढोको सहायतामा अमेरिका गएर आफूभन्दा कम उमेरको अमेरिकन केटासँग विवाह गरेकी चर्चा श्रेष्ठ गतिशील पात्र हो । चर्चाले श्यामलालले कविताप्रति गरेको दुर्व्यवहारको समर्थन गरेकी छिन् । श्यामलाल र नानुहिराको विवाह समेत गराइ दिने चर्चा उपन्यासको प्रतिकूल पात्र हो । साथीहरूसँग भेटघाट नगर्ने, घुम्न मन नपराउने र आफूलाई मल्ल राजाको सन्तति ठान्ने रत्नप्रकाश कामिनीको पति हो । रत्नप्रकाश उपन्यासको यथास्थितिवादी चरित्रको रूपमा चित्रण गरिएको छ । मिलनसार र सहयोगी मणिरत्न कामिनीको प्रेमी र दोस्रो पति हो । यसैगरी, कृष्णहरि काफ्ले, किशोरचन्द्र उपाध्याय, बरालनी बुढी, माइली, कान्छी, अच्युत सुवेदी, शिखा, शिला, आन्दोलनका सहभागीहरू लगायतका अन्य पात्रहरू गौण भए पनि उपन्यासको कथानकीय आवश्यकता अनुसार प्रयोग भएको देखिन्छ ।

समग्रतामा भन्नु पर्दा **नेपालदेखि अमेरिकासम्म** घटनाप्रधान उपन्यास भएर पनि चरित्रचित्रण उत्तिकै सबल बनेर आएको छ । बहुल पात्रको प्रयोग भएको विवेच्य उपन्यासमा प्रत्येक पात्रको कार्यभूमिका जीवन्त बनेको देखिन्छ । केही पात्रहरू आदर्श किसिमको देखिए पनि ती पात्रहरू यथार्थकै परिचायक हुन् भन्ने कुरा स्पष्ट देखिन्छ ।

## ३.४ उपन्यासमा दृष्टिविन्दु सम्बन्धी अवधारणा

दृष्टिविन्दु उपन्यासको प्रस्तुतिकरणसँग सम्बन्धित महत्वपूर्ण तत्त्व हो । उपन्यासमा कथायिताले कथावाचनका लागि उभिन वा बस्नलाई रोजेको ठाउँ नै दृष्टिविन्दु हो ।[८] उपन्यास मूलतःआख्यानात्मक विधा भएकाले यसमा कथावाचकको महत्वपूर्ण स्थान हुन्छ । निश्चित विषयवस्तुको परिकल्पना गरिसकेपछि कथायिताले कथावाचन कथानकको सीमाभित्रै बसेर दर्शकको रूपमा प्रस्तुत गर्ने कि कथानकको सीमाभन्दा बाहिर बसेर प्रस्तुतगर्ने भन्ने कुरा उसको रोजाइमा भर पर्दछ । दृष्टिविन्दुकै माध्यमबाट उपन्यासको घटना, परिवेश, चरित्र, आदि पक्षहरू स्पष्टिन्छन् । दृष्टिविन्दुले कथावाचन कसले गरेको छ ? कथा कसरी भनिरहको छ ? भन्ने कुरा बुझाउँछ । कुनै उपन्यासमा कथायिता स्वयम् सहभागी भएको हुन्छ भने कुनैमा अरूलाई पात्रका रूपमा प्रस्तुत गरिएको हुन्छ । तसर्थ दृष्टिविन्दुको प्रत्यक्ष सम्बन्ध पात्रहरूसँग रहन्छ । दृष्टिविन्दु दुई प्रकारको हुन्छ : १)आन्तरिक दृष्टिविन्दु र २) बाह्य दृष्टिविन्दु । आन्तरिक दृष्टिविन्दु पनि केन्द्रीय र परिधीय गरेर दुई प्रकारको हुन्छ भने बाह्य दृष्टिविन्दु चाँहि सर्वदर्शी, सीमित र वस्तुपरक गरी तिन प्रकारको हुन्छ ।

उपन्यासमा कथावाचक 'म' पात्रका रूपमा उपस्थित भई अन्य पात्र तथा घटनाका बारे वर्णन गर्दछ भने त्यो आन्तरिक दृष्टिविन्दु हो । यसलाई प्रथम पुरुष दृष्टिविन्दु पनि भनिन्छ । यस्तो दृष्टिविन्दु प्रयोग भएको कुनै उपन्यासमा 'म' पात्रको भूमिका प्रमुख वा महत्वपूर्ण हुन्छ भने कुनै उपन्यासमा गौण हुन्छ । 'म' पात्रको भूमिका प्रमुख रहेको छ भन्ने केन्द्रीय दृष्टिविन्दु हुन्छ र म पात्रको भूमिका गौण भई अन्य पात्रको भूमिका प्रमुख भएमा परिधीय दृष्टिविन्दु हुन्छ ।

कथायिता कथानकभित्र सहभागी नभई बाहिर बसेर अन्य पात्रहरूको उपस्थितिमा घटना घटाउँदै त्यसको वर्णन गरेको हुन्छ भने त्यो बाह्य दृष्टिविन्दु हो । यसलाई तृतीय पुरुष दृष्टिविन्दु पनि भनिन्छ । यसमा समाख्याता कथाको पात्र हुँदैन । समाख्याताले कथाभन्दा बाहिरैबाट घटनाको वर्णन गरिरहेको हुन्छ ।[९] औपन्यासिक घटनाक्रमलाई आफ्नै

८ कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. ३ ।

९ कृष्णहरि बराल, कथा सिद्धान्त, (काठमाडौं : एकता बुक्स, २०६९), पृ. ७४ ।

नियन्त्रणमा लिई उपन्यासकारले आफू सर्वज्ञ बनेर प्रायः सबै पात्रका भावना, विचार, प्रतिक्रिया, आदिबारे वर्णन र टिप्पणी गर्दै जाने सर्वदर्शी दष्टिविन्दु हो । त्यस्तै सीमित दृष्टिविन्दु भएको उपन्यासमा कथावाचकको भूमिका सीमित हुन्छ। यसमा कथावाचकले सबै चरित्रहरूको वयान नगरी कुनै खास पात्रको पक्षमा कथावाचन गरिरहेको हुन्छ । [१०] वस्तुपरक दृष्टिविन्दुमा कथावाचकले पात्रका बारेमा आफू प्रत्यक्षदर्शी भएर विवरण नदिई संवाद, कार्यव्यापार आदिका माध्यमबाट जानकारी दिएको हुन्छ।

## ३.५ नेपालदेखि अमेरिकासम्म उपन्यासमा आयोजित दृष्टिविन्दुको विश्लेषण

दृष्टिविन्दुको यिनै सैद्धान्तिक मान्यताका आधारमा **नेपालदेखि अमेरिकासम्म** उपन्यासको विश्लेषण गर्दा विवेच्य उपन्यासमा बाह्य र आन्तरिक दुबै प्रकारको दृष्टिविन्दु सबल रूपमा प्रयोग भएको देखिन्छ । उपन्यासकार स्वयम्ले सम्पूर्ण घटनाहरूको विस्तार गरेका छन् । चरित्रहरूको विचार र व्यवहारको साथै घटनाहरूको परिवेश चित्रणमा उपन्यासकारको निजीपन देख्न सकिन्छ । विवेच्य उपन्यासको सम्पूर्ण घटनाक्रम र पात्रहरूको क्रियाकलाप तथा तिनीहरूको चारित्रिक विशेषताहरू उपन्यासकारले सर्वदर्शी बनेर वर्णन गरेका छन्। तसर्थ यस उपन्यासमा बाह्य सर्वदर्शी दृष्टिविन्दुको अधिक प्रयोग भएको देखिन्छ । उपन्यासकारले कविताको चारित्रिक विशेषता र एकतर्फी प्रेमले श्यामलालको मानसपटलमा जन्मेको पागलपनलाई यसरी उल्लेख गरेका छन् :

> “कञ्चनजङ्घा जस्तो थियो उसको मन, कञ्चनजङ्घा जस्तो उच्च थियो उसको आकांक्षा र कञ्चनजङ्घा जस्तो शुभ्र, स्वच्छ र सफा थियो उसको चरित्र पनि।”[११]

> “ऊ दिनभरि कीर्तिपुरको बतासमा कवितालाई मनाउने जुक्ति सोच्दै र मौका खोज्दै र उता भौतारिरहन्थ्यो र रातभरि घट्टेकुलोमा छट्पटाएर मडारिएर र रन्थनिएर तड्पिरहन्थ्यो । दुईतिरका पाटा छोपेर एकोहोरो अघिल्तिर मात्र हेर्न सक्ने तुल्याइएको गाडीमा नारेको घोडा जस्तो कविताकै सम्झनामा, कविताकै प्रेममा, कविताकै कल्पनामा मात्र ऊ जेलिरहन्थ्यो।”[१२]

---

१० ऐजन, पृ. ७६।

११ तारानाथ शर्मा, पूर्ववत्, पृ. ३।

१२ ऐजन, पृ. १९६।

यसैगरी, उपन्यासकारले विवेच्य उपन्यासमा प्रयुक्त अन्य पात्रहरूको चरित्रचित्रणमा पनि आफ्नो सर्वदर्शीता देखाएकै छन् । जस्तै :

“शोभा सुईखुट्टी मात्र थिइन, निकै होची पनि थिई । अनुहार हिस्सी परेको भए पनि पछाडिबाट हेर्दा पुष्ट र आकर्षक नितम्ब भएकी युवती हो भन्ने चिनिए पनि ऊ चिटिक्क परेका लुगा लगाउदिनथी । भ्याम्लङ्ग लुगाले ऊ जीउ छोप्थी मात्र ।” [१३]

“मोहनमुनि दाहाल लङ्गडे थियो । कल्चौडे थियो र स्वार्थी थियो । संस्कृत विभागमा ऊ जति बाठो प्रोफेसर कोही थिएन । हो, ऊ औधि बाठो थियो, तर पढाउने काममा होइन ।” [१४]

यसैगरी, श्यामलालले कवितालाई जबरजस्ती सिन्दुरपोते पहिऱ्याइएको घटनालाई उपन्यासकारले द्रष्टा पात्रका रूपमा उभिएर यसरी वर्णन गरेका छन् :

“बघिनी जस्ती कामिनी बुलुर्क्क उफ्रेर श्यामलालको जगल्टा समाउन पुगी । यसरी कामिनीले कपाल समातेर निघुरमुन्टी भएको श्यामलालको मध्य भागमा पछिल्तिरबाट छायाले जुत्तैजुताले ठटाई । छुट्याउन अघि बढेको लङ्गडे मोहनमुनिको दाहिने घुँडामा सम्पाको जुत्ताको चुच्चे कुकुच्चो बस्र्यो । घुँडा सुम्सुम्याउँदै मोहनमुनि खर्ल्याङ्खुट्टी भएर चर्चातिर भागेपछि नीलिमा कवितालाई सम्हाल्न र उसका पोते झिकिदिन पुगी ।” [१५]

**नेपालदेखि अमेरिकासम्म** उपन्यासमा आन्तरिक दृष्टिविन्दु पनि प्रयोग भएको छ । पात्रहरूद्धारा गरिएको संवाद उपन्यासमा उत्तिकै महत्वका साथ आएको छ । चौरासी परिच्छेदमा संरचित विवेच्य उपन्यासको अधिकांश परिच्छेदमा संवादको प्रयोग भएको छ । पात्रहरू संवादका माध्यमबाट आफ्ना भनाइ व्यक्त गर्ने क्रममा आन्तरिक दृष्टिविन्दुको प्रयोग भएको देखिन्छ । विवेच्य उपन्यासमा पात्रहरूका माध्यमबाट प्रथम पुरुष ढाँचामा व्यक्त गरिएका अभिव्यक्तिहरूलाई उदाहरणार्थ अगाडि सार्न सकिन्छ । यस क्रममा

---

१३ ऐजन, पृ. ४ ।

१४ ऐजन, पृ. १०५ ।

१५ ऐजन, पृ. २०९ ।

श्यामलालले कविताको अगाडि आफ्नो मनको अभिव्यक्ति यसरी दिन्छ :

> "तपाई साँच्चै पाइ नसक्नुकी हुनुहुदो रहेछ । लालिगुँरासको आभा गालामा बटुलेर कञ्चन कोशीको गहिराइ आँखामा छचल्काएर र सग्लो सगरमाथाको स्वच्छता शरीरमा सँगालेर कस्तुरी झैँ कुमारीत्वको नेपाली सुवास फैलाइरहनु भएको रहेछ तपाई । शुम्भ, निशुम्भ र रक्तबीज जस्ता राक्षसहरूको संहार गर्ने साक्षात, दुर्गा देवीकी आधुनिक संस्करण हुनुहुँदो रहेछ तपाई । अब मलाई पूरै विश्वास छ । तपाईलाई पाएँ भने मेरो दाम्पत्य जीवन गरिमय हुनेछ ।" [१६]

त्यस्तै, श्यामलालको अभिव्यक्तिको प्रत्युत्तरमा कविताले यस प्रकारको अभिव्यक्त दिन्छिन् :

> "हामी नारी हौँ, गुँरास होइनौँ । तर पनि गुँरासका लालीको उपमा सम्झदा किन ओइलिएको, खुइलिएको वा कुहिएको गुँरास चाँहि मनमा आउँदैन तपाईहरूको ? हाम्रा आँखा कुनै दिव्यता, कुनै अद्वितीयता वा कुनै अप्रायप्ताबाट बनेका हुँदैनन् । यी आँखा पनि पुरुषकै जस्ता अवयवहरूले बनिएका हुन्छन् । यिनमा पनि आकाङ्क्षाहरू हुन्छन् , तर स्थार्थ पनि त पाइन्छ तिनमा । कोशीमा स्वच्छ पानीको गहिराइलाई केटीका नेत्रको तुलना गर्दा किन कोशीमा आउने मैलो बाढी चाहिँ सम्झनामा आउँदैन तपाईहरूको ?" [१७]

यसरी यस उपन्यासमा बाह्य र आन्तरिक दुवै दृष्टिविन्दुको प्रयोग भएको छ । यस उपन्यासमा बाह्य र आन्तरिक दृष्टिविन्दुको प्रयोग कतिपय ठाउँमा एउटै अनुच्छेदमा गरिएको छ भने कतिपय ठाउँमा अलग्गै अनुच्छेदमा पनि प्रयोग गरिएको छ । यसैगरी कतिपय घटनाको वर्णन उपन्यासकार स्वयम् सर्वज्ञ बनेर प्रस्तुत गरेका छन् भने कतिपय घटनाहरू पात्रहरूको संवादात्मक अभिव्यक्तिबाट घटित गराएका छन् । यसरी कुनै ठाउँमा उपन्यासकार सर्वदर्शी भएर प्रस्तुत भएकाले र कतै पात्रहरूको मुखबाट व्यक्त भएका अभिव्यक्तिबाट घटनाहरू गतिशील भएकाले उपन्यासमा बाह्य र आन्तरिक दुबै दृष्टिविन्दुको प्रयोग  भएको छ ।

---

१६ ऐजन, पृ. १५२ ।

१७ ऐजन, पृ. १५२

## ३.६ निष्कर्ष

**नेपालदेखि अमेरिकासम्म** घटनाप्रधान उपन्यास भए पनि चरित्र चित्रण उत्तिकै सबल बनेर आएको छ । बहुल पात्र प्रयोग भएको विवेच्य उपन्यासको प्रत्येक पात्रको आ-आफ्नै चारित्रिक विशेषता रहेको छ । केही पात्रमा आदर्शवादी चरित्र देखिए पनि अधिकांश पात्रहरू यथार्थ धरातलकै परिचायक बनेर आएको देखिन्छ । उपन्यासकारको वैयक्तिक रोजाइको पात्रहरू प्रयोग भएको विवेच्य उपन्यासको चरित्रहरू जीवन्त बनेको देखिन्छ । दृष्टिविन्दुको सैद्धान्तिक मान्यताका आधारमा **नेपालदेखि अमेरिकासम्म** उपन्यासलाई दृष्टिगत गर्दा यसमा आन्तरिक र बाह्य दुवै प्रकारको दृष्टिविन्दु प्रयोग भएको देखिन्छ । कथायिताले आफू सर्वदर्शी बनेर उपन्यासको घटनाक्रम वर्णन गरेकाले बाह्य दृष्टिविन्दुको अधिक प्रयोग भएको देखिन्छ । यसका साथै पात्रहरूबीच संवाद हुँदा आन्तरिक दृष्टिविन्दुको पनि प्रयोग भएको छ । यसरी आन्तरिक र बाह्य दुबै दृष्टिविन्दु प्रयोग भएकोले विवेच्य उपन्यासमा मिश्रित दृष्टिविन्दुको प्रयोग भएको छ भन्न सकिन्छ ।

# अध्याय-चार

# नेपालदेखि अमेरिकासम्म उपन्यासको परिवेश विधान

## ४.१ उपन्यासमा परिवेश विधान सम्बन्धी अवधारणा

उपन्यासको परिवेश भन्नाले त्यस उपन्यासले ओगटेको भौगलिक क्षेत्र, समय र परिस्थितिलाई बुझ्न सकिन्छ । अर्को शब्दमा भन्नु पर्दा उपन्यासको कथावस्तुमा घट्ना घट्ने स्थान, घटना घटेको समय र त्यसको मानसिक प्रभाव नै परिवेश हो । परिवेश भित्र देशकाल र वातावरण पर्दछ । उपन्यासमा पात्रहरूले कार्यकलाप गर्ने स्थान र उक्त कार्यकलाप सम्पन्न हुने समय देशकाल हो भने घटित कार्यकलापले छोड्ने प्रभाव वातावरण हो । औपन्यासिक कथावस्तुलाई यथार्थ, विश्वसनीय र प्रभावपूर्ण ढङ्गले विकास गराउन र पात्रलाई सजीव र जीवन्त रूपमा चित्रण गर्न सार्थक वातावरण, परिवेश तथा परिस्थितिले आवश्यक पृष्ठभूमि निर्माण गर्दछ । वातावरणको सफल प्रस्तुतिले उपन्यास विश्वसनीय र संवेद्य हुन्छ । यसबाट उपन्यास सशक्त र जीवन्त बन्दछ । उपन्यासले जीवन जगतको यथार्थ चित्रण गर्ने भए तापनि एउटै उपन्यासमा सम्पूर्ण जीवनजगत्को चित्रण हुनु असम्भव हुन्छ । त्यसैले उपन्यासले कुनै खास स्थानविशेष र कालखण्डको चित्रण गर्दछ ।

परिवेशले देशको सामाजिक, चालचलनहरूलाई बुझाउँछ, समाजका असल-खराब, व्यवहारिक र वैचारिक पक्षहरूलाई इङ्गित गर्दछ ।[१] तसर्थ उपन्यासमा वर्णित भूगोल, संस्कृति, जाति, समय, रीतिरिवाज, चालचलन, परम्परा, रहनसहन, व्यवहार, भेषभुषा, बोलिचाली आदिका माध्यमबाट उपन्यासको परिवेश विधान निर्माण भएको हुन्छ भन्न सकिन्छ । आञ्चलिक उपन्यासमा परिवेश विधानको विशेष महत्व हुन्छ । तर आजको उत्तर आधुनिक युगमा यसको महत्व कम हुँदै गएको देखिन्छ । विश्वजनीन प्रवृत्तिका आधारमा उपन्यास लेखिने आजको युगमा परिवेशको भूमिका गौण देखिए पनि परिवेशविना उपन्यासको रचना असम्भव रहेको छ । तसर्थ परिवेश विधान उपन्यासको अनिवार्य संरचक तत्त्व हो ।

---

१ कृष्णचन्द्रसिंह प्रधान, नेपाली उपन्यास र उपन्यासकार, ते.सं. (काठमाडौँ : साझा प्रकाशन, २०५२), पृ .१३ ।

## ४.२ नेपालदेखि अमेरिकासम्म उपन्यासमा आयोजित परिवेश विधानको विश्लेषण

परिवेश विधानको सैद्धान्तिक मान्यताबाट दृष्टिगत गरी **नेपालदेखि अमेरिकासम्म** उपन्यासको परिवेश विधानको विश्लेषण गर्न सकिन्छ । विवेच्य उपन्यासमा प्रयोग भएका परिवेशलाई निम्न शीर्षकमा विभाजन गरी अध्ययन गर्न सकिन्छ :

### ४.२.१ कालगत परिवेश

यस उपन्यासमा वि.सं. २०३५ साल तिरको तत्कालीन पञ्चायत शासन कालको परिवेशलाई समेटेको देखिन्छ । वि.सं. २०३५ साल तिर तत्कालीन पञ्चायत शासनले नयाँ शिक्षा लागू गराउन खोज्दा नयाँ शिक्षाको विरोधमा विद्यार्थी आन्दोलन भएको सन्दर्भ उपन्यासमा आएको छ । यस सन्दर्भबाट पनि उपन्यासको कालगत परिवेश २०३५ साल तिरको पञ्चायत शासन कालको पेरिफेरि हो भन्ने बुझिन्छ । त्यसैगरी, उपन्यासमा पाकिस्तानको एकाउन्न वर्षीय प्रजातन्त्रवादी नेता जुल्फिकार अलि भुट्टोलाई जेलभित्रै फाँसी दिएर मृत्युदण्ड दिएको सन्दर्भले पनि उपन्यासको कालगत परिवेशलाई प्रष्ट पारेको छ । उक्त मृत्युदण्डको विरोधमा नेपालमा समेत आन्दोलन चर्केर नेपालमा पञ्चायत शासनको तत्कालीन स्वरूपमा सुधार गर्ने वा बहुदलिय संसदीय व्यवस्था चाहिने हो भन्ने कुरा जनमत सङ्ग्रहद्वारा निर्णय गर्ने कुराको घोषणा भएको सन्दर्भबाट पनि विवेच्य उपन्यासको कालगत परिवेश २०३५/०३६ साल तिरको पञ्चायत शासनकाल हो भन्ने स्पष्ट हुन्छ ।

### ४.२.२ राजनैतिक परिवेश

विवेच्य उपन्यासमा तत्कालीन समयको राजनैतिक परिवेशलाई समेटिएको छ । वि.सं. २०३५/३६ साल तिरको पञ्चायत शासनको राजनैतिक परिवेशलाई विवेच्य उपन्यासमा सजीव रूपमा चित्रण गरिएको छ । तत्कालीन समयमा नयाँ शिक्षाको विरोधमा विभिन्न स्थानमा विद्यार्थी आन्दोलन चर्केको देखिन्छ । उक्त आन्दोलनमा प्रहरीले निर्मम दमन गर्नुका साथै अस्कल काण्डमा थुप्रैले रगत बगाएको सन्दर्भले उपन्यासमा द्वन्द्वमय परिवेशको सिर्जना भएको देखिन्छ । जुन तत्कालीन समयको राजनैतिक प्रतिबिम्ब हो । उपन्यासमा पञ्चायत शासनको निरङ्कुशतालाई जीवन्त रूपमा चित्रण गरिएको छ । आन्दोलनमा भाग लिएका विद्यार्थीहरूलाई थुनामा हाल्नुका साथै नयाँ शिक्षाको विरोध गर्ने प्रध्यापकहरूलाई सेवाबाट निस्कासन गर्ने, टाढा-टाढा सरुवा गर्ने जस्ता कुकृत्य तत्कालीन

पञ्चायत व्यवस्थाले गरेको देखिन्छ । जसलाई उपन्यासमा सजीवताका साथ चित्रण गरिएको छ । मोहनमुनिजस्तो अदक्ष व्यक्तिले पनि चाकडीको भरमा जागिर पकाएको सन्दर्भलाई हेर्दा तत्कालीन पञ्चायत कालको राजनैतिक व्यवस्थामा चाकडीबाजले प्रश्रय पाएको देखिन्छ । जसले गर्दा दक्ष र सक्षम व्यक्तिहरू बरोजगार भई दक्ष युवापिडी विदेसिनु परेको यथार्थ उपन्यासमा उल्लेख भएको छ । पञ्चायत शासनको चाकडीबाजको परिपाटीले गर्दा नयाँ जोश र जाँगर भएका युवापुस्तामा पलायनवादी सोचको विकास भएको देखाउनु विवेच्य उपन्यासको कथानकीय परिवेश हो । राजनैतिक बागडोर सम्हाल्न बसेका सीमित व्यक्तिले शक्तिको दुरुपयोग गर्नु र चाकडीबाजको भरमा जागिर पकाउनु तत्कालीन समयको राजनैतिक परिवेश हो ।

### ४.२.३ स्थानगत परिवेश

विवेच्य उपन्यासको स्थानगत परिवेशलाई हेर्दा उपन्यासमा नेपालको विभिन्न स्थानका साथै अमेरिकाको केही स्थान चित्रण भएको देखिन्छ । नेपालको राजधानी काठमाडौं, अस्कल कलेजको परिसर, भोटाहिटी, कीर्तिपुरको विश्वविद्यालय परिसर, पुस्तकालय तथा छात्रावास परिसर, कन्या क्याम्पस, पुतली सडक, घण्टाघर, बाग्मती नदी परिसर, त्रिभुवन विमानस्थल, असन, विराटनगर, अछाम आदि स्थान विवेच्य उपन्यासको स्थानगत परिवेश हो । त्यस्तै गरी बाघ चुचुरो र बाघ चुचुरोबाट देखिने मनोरम सूर्योदय तथा हिमशृङ्खलाहरू, बाघ चुचुराका बुथुर्के झारहरू, डाँडाभन्दा मुन्तिरको पाखाको धुपी र सल्लाका वृक्षहरू आदि दार्जिलिङ्गको प्राकृतिक परिवेश हो । अमेरिकाको न्यूयोर्क शहर, म्यान्ह्याटनका गगनचुम्बी चारपाटे र गोलाकार भवनहरू, वासिङ्टन डी.सी., अमेरिकाको स्वतन्त्र र स्वच्छन्द जीवनशैली, क्यानडाको सुन्दर शहरहरू उपन्यासको स्थानगत परिवेश हो । उपन्यासमा भौतिक सुख सुविधा सम्पन्नताको प्रतीक अमेरिकाको परिवेशदेखि नेपाल जस्तो अविकसित राष्ट्रको परिवेश चित्रण गरिएको छ । जुन विवेच्य उपन्यासको स्थानगत परिवेश हो ।

### ४.२.४ सामाजिक तथा साँस्कृतिक परिवेश

**नेपालदेखि अमेरिकासम्म** उपन्यासमा नेपाली सामाजिक तथा साँस्कृतिक परिवेशलाई चित्रण गरिएको छ । नेवारी समुदायमा रजस्वला हुनुभन्दा अगाडि वेलसँग विवाह गरेपछि वेललाई नै पति मानेर विवाह भएको ठान्ने र वेलविवाह पश्चात् सिन्दुरपोते लगाउन हुने चलनको सन्दर्भबाट नेवारी साँस्कृतिक परिवेशको झल्किन्छ । सरसफाइमा ध्यान नदिने

नानुहिराको चरित्रबाट उपन्यासमा काठामाडौंको नेवारी समुदायको परिवेशलाई समेट्न खोजिएको छ । उपन्यासमा वर्णित नाकमा बुलाकी लाएकी, जीउमा चौबन्दी चोलो र फरिया लगाएकी र नेपाली पाराले खास्टो ओढेकी, नेपाली भाषी दार्जिलिङ्गे बुढी आमाले नेपाली साँस्कृतिक तथा भाषिक परिवेशलाई जीवन्त पारेको छ । यसरी उपन्यासमा साँस्कृतिक परिवेश समेत सजीव रूपमा आएको छ । त्यस्तै, उपन्यासमा कविता र देवमणिको अन्तर जातीय विवाह र नीलिमाले शेखरसँग पाचुके गर्नुका साथै अशेषसँग विवाह गरी नारी अस्तित्व र स्वतन्त्रताको पक्षमा वकालत गरेको सन्दर्भबाट उपन्यासले नेपाली समाजको आधुनिक परिवेशलाई समेत समेटेको देखिन्छ । त्यस्तै, उपन्यासका अधिकांश पात्रहरू अमेरिकालाई उज्ज्वल भविष्यको गन्तव्य स्थान मानेर अमेरिका पलायन भएको सन्दर्भलाई हेर्दा तत्कालीन समयको युवापिडीमा देखिएको वैदेसिक मोहको परिवेशलाई उपन्यासले सफल चित्रण गरेको देखिन्छ । जुन तत्कालीन नेपाली समाजको यथार्थिक प्रतिबिम्ब हो । त्यस्तै, भौतिक सुख सम्पन्नताको मोहमा आफ्नो अस्तित्व समेत विदेशमा विलयन गरेको श्यामलाल जस्तो नेपाली युवाको विवशता समेत उपन्यासमा जीवन्त बनेर आएको छ । यसका साथै श्यामलालको एकतर्फी प्रेमलाई चित्रण गरी उपन्यासमा अप्राप्य प्रेमका कारण नैराश्यतामा परेको युवावर्गको मानसिक परिवेशलाई समेत समेटिएको छ । यसरी विवेच्य उपन्यासमा नेपाली सामाजिक तथा साँस्कृतिक परिवेशको चित्रण गरिएको छ ।

## ४.३ निष्कर्ष

समग्रमा भन्नु पर्दा, विवेच्य उपन्यासमा वि.सं. २०३५/३६ साल तिरको पञ्चायती शासन कालको चित्रण गरिएको छ । जुन उपन्यासको कालगत परिवेश हो । एकतन्त्रीय पञ्चायत शासनको यथार्थिक चित्रण गरी उपन्यासमा तत्कालीन समयको राजनैतिक परिवेशलाई समेट्न खोजेको छ । यस उपन्यासमा चाकडीबाजका कारण युवावर्ग बेरोजगार भई विदेसिनु पर्ने र अन्तर जातिय विवाहलाई सहज रूपमा स्वीकार गर्न नसक्ने तत्कालीन नेपाली समाजको चित्रण गरिएको छ । यसका साथै नेवारी समाजमा प्रचलित वेल विवाह र नाकमा बुलाकी, जीउमा चौबन्दी चोलो र फरिया लाएकी, खास्टो ओढेकी बुढी आमाको प्रसङ्गले विवेच्य उपन्यासको साँस्कृतिक परिवेश निर्माण भएको छ । यसरी तत्कालीन समयको सामाजिक तथा राजनैतिक परिवेश र नेपालदेखि अमेरिकासम्मको भौगोलिक तथा साँस्कृतिक परिवेशले उपन्यासको समग्र परिवेश विधान  निर्माण भएको देखिन्छ ।

# अध्याय-पाँच

# नेपालदेखि अमेरिकासम्म उपन्यासको उद्देश्य र भाषाशैली

## ५.१ उपन्यासमा उद्देश्य र भाषाशैली सम्बन्धी अवधारणा

उपन्यासले वहन गरेको वैचारिक पक्ष नै उद्देश्य हो । अर्थात कनै कृति पढिसकेपछि समग्रतामा जुन भावार्थ वा अभिप्राय प्राप्त हुन्छ त्यही उद्देश्य हो । [१] यसलाई सारवस्तु, विचार, जीवनदृष्टि तथा सन्देश पनि भनिन्छ । कुनै पनि साहित्यिक रचना उद्देश्यविहिन हुन सक्दैन । हरेक उपन्यासमा उपन्यासकारले आफ्नो विचार तथा जीवनदृष्टि अभिव्यक्त गरेको हुन्छ । यही अभिव्यक्ति नै उपन्यासको उद्देश्य हो । उपन्यासमा के छ ? वा उपन्यासले समग्रतामा के भन्न चाहन्छ, त्यसैको निचोड नै उद्देश्य हो । [२] उद्देश्य कुनै पात्रको भनाइ वा अभिव्यक्तिको आधारमा नभइ कथावस्तुको समग्रतामा देखा पर्दछ । उपन्यासमा विचार वा उद्देश्यकै सेरोफेरोमा अन्य पक्षहरू गतिशील हुन्छन् ।

उपन्यासले निचोडमा भन्न खोजेको अर्थात समाख्याताबाट सम्प्रेषण गर्न खोजको विचार नै उद्देश्य हो । यसले लेखकको जीवनदर्शनको भारवहन गरेको हुन्छ । जीवनदृष्टिविनाको लेखक र विचार वा उद्देश्यविहिन उपन्यासको कल्पनासम्म गर्न सकिदैन । तसर्थ उद्देश्य उपन्यासको आत्म हो भन्न सकिन्छ । विचार सम्प्रेषण गर्ने नाममा उपन्यास नै औपदेशिक आचारशास्त्र भएर आयो भने कला नभएर सिद्धान्त बन्दछ, साहित्य नभएर विचारको दस्तावेज बन्दछ । [३] तसर्थ उपन्यासमा उद्देश्य वा विचार उपदेशात्मक रूपमा भन्दा कलात्मक रूपमा आएको हुन्छ । उपन्यासमा विचारको अभिव्यक्ति कृतिको समग्र सारवस्तुको रूपमा व्यक्त भएको हुन्छ ।

भाषा विचार सम्प्रेषणको माध्यम हो । भाषिक माध्यमबाट नै उपन्यासले मूर्तरूप प्राप्त गर्दछ । उपन्यास पाठ्यप्रधान साहित्यिक विधा भएकाले यसमा भाषाको सर्वोपरी

---

१ दयाराम श्रेष्ठ (सम्पा), नेपाली कथा भाग-४, चौ.सं. (काठमाडौं : साझा प्रकाशन, २०६३) , पृ. १३ ।

२ ऋषिराज बराल, पूर्ववत, पृ. २७ ।

३ राजेन्द्र सुवेदी, नेपाली उपन्यास : परम्परा र प्रवृत्ति, दो.सं. (काठमाडौं : साझा प्रकाशन, २०६४), पृ. २६

स्थान रहन्छ । उपन्यास यथार्थलाई आत्मसात गर्ने विधा भएकाले यसमा गद्य भाषाको प्रयोग हुन्छ । उपन्यासमा कथ्य र लेख्य दुवै भाषाको प्रयोग गरिएको हुन्छ । उपन्यासमा पात्र, घटना, परिवेश अनुकूल स्वाभाविक भाषाको प्रयोग गरिएको हुन्छ । उपन्यासको कथावस्तुलाई प्रभावकारी र रोचक बनाउन भाषिक कलात्मताको आवश्यक पर्दछ । साहित्यिक कृतिमा सौन्दर्यचेतना भाषिक कलाको आधारमा खडा भएको हुन्छ ।[४] व्याकरणिक विचलन, बिम्ब, प्रतीक, लक्षणा आदिबाट उपन्यासको भाषिक सौन्दर्य झल्किन्छ । भाषिक कलासँगै शैली पनि जोडिएर आउँछ । शैली भाषालाई प्रस्तुत गर्ने तौरतरिका वा विधि हो । शैलीले भाषालाई सजीव र कलात्मक बनाउँछ । तसर्थ भाषा शरीर हो भन्न शैली आभूषण हो । वर्णनात्मक, विश्लेषणात्मक, पत्रात्मक, आदि जस्ता शैलीहरू उपन्यासमा प्रयोग भएको हुन्छ । जसबाट भाषिक सौन्दर्य झल्किन्छ । हरेक उपन्यासकारको आ-आफ्नो प्रस्तुति शैली हुन्छ । जसले गर्दा प्रत्येक उपन्यासको शैलीमा पृथकता देखिन्छ ।

## ५.२ नेपालदेखि अमेरिकासम्म उपन्यासको उद्देश्यको विश्लेषण

**नेपालदेखि अमेरिकासम्म** उपन्यास यथार्थमूलक अनुभवमा आधारित कृति हो । तारानाथ शर्माले यस उपन्यासमा तत्कालीन पञ्चायत शासनको यथार्थिक विषयमा आफ्नो काल्पनिक विषयवस्तुलाई समेत मिश्रण गरेका छन् । उपन्यासमा उल्लेखित विषयवस्तुमार्फत उपन्यासकारले आफ्नो वैचारिक दर्शनका साथै तत्कालीन राजनैतिक परिवेशप्रति आफ्नो धारणा प्रस्तुत गरेका छन् । उपन्यासमा व्यक्त भएका उद्देश्य वैचारिक अभिव्यक्तिलाई बुँदागत रूपमा यसप्रकार प्रस्तुत गर्न सकिन्छ ।

### क) देशप्रेम र संस्कृतिप्रेमको प्रस्फुटन

विवेच्य उपन्यासको प्रमुख उद्देश्य नै देशप्रेम र संस्कृतिप्रेम दर्शाउनु रहेको देखिन्छ । उपन्यासकारले प्रमुख पात्र देवमणि र कवितामार्फत देशप्रेमको भावना अभिव्यक्त गरेका छन् । उपन्यासका पात्रहरूको अन्तर हृदयमा चलेको नेपाल र अमेरिकाको साँस्कृतिक द्वन्द्वमा नेपाली राष्ट्रिय संस्कृतिको विजय भएको देखाएको छ । भौतिक सुख सुविधाको मोहले उपन्यासका पात्रहरू अमेरिका प्रस्थान गरे पनि यी पात्रहरूको मुटुभित्र देशप्रेम र

---

४ कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. ४०

संस्कृति प्रेम जीवित रहेको देखिन्छ । जसका कारण उपन्यासका पात्रहरू भोकै मर्नु परे पनि आफ्नै मातृभूमिमा मर्ने प्रण गरी नेपाल फर्कने तयारीमा जुटेको देखिन्छ । उपन्यासको प्रमुख पात्र देवमणि र कविताले आफ्नो मातृभूमिको मायाको अगाडि विदेशमा पाइने भौतिक सुखलाई तिन कौडिको वस्तु नमानेको सन्दर्भले पनि देशप्रेमलाई दर्शाएको छ । भौतिक सुखले जति नै सम्पन्न भए पनि कविताले अमेरिकामा आत्मीयताको महसुस गर्न सकेकी छैन । परदेशमा समुन्द्रको नगण्य थोपो भएर, बालुवाको तुच्छ कण भएर र रूखबाट झरेको असहाय पात भएर जीवनको अमूल्य अस्तित्वलाई नष्ट पार्नु भनेको आफ्नो मातृभूमिको राष्ट्रियतालाई समेत सङ्कटमा पार्नु हो भन्ने ठान्ने देवमणिको मुटुमा देशप्रेम भुलभुलाएको देखिन्छ । देशप्रेम र संस्कृतिप्रेमको उजागर गर्नु उपन्यासको प्रमुख उद्देश्य हो भन्ने कुरा उपन्यासमा उल्लेखित निम्न उद्‌गारले पनि प्रष्ट हुन्छ :

> “आँखै चिम्लनु परे पनि अन्तिम पल्ट हिमालको एक टुक्रालाई हेरेर चिम्लनुपरोस् । माटामुनि गाडिनु परे पनि नेपाली लाशले स्वदेशी चपरीमुनि नै थिचिनुपरोस् । खरानी नै बनेर बग्नु परे पनि नेपाली नदीमै बग्नुपरोस । आफ्नो देहको माटाले विदेश किटाणु ढाडिनुभन्दा राष्ट्रिय कीरै मोटाऊन् । आफ्नो देहको खरानीबाट विदेशी रूखपातले मल पाउनु भन्दा आफ्नै बरविरूवा सप्रून । रुखिदै गएको राष्ट्रमा जीवन अर्पन नसके पनि अलिकति हरियाली नै छाडेर मर्नु पो मुर्न ।” [५]

त्यस्तै नाकमा बुलाकी लाएकी, जीउमा चौबन्दी चोलो र फरिया लगाएकी, नेपाली खास्टो ओढेकी र नेपाली भाषी दार्जिलिङ्गे बुढी आमाको रहनसहनले नेपाली संस्कृति र भाषाप्रतिको प्रेम र आस्थालाई दर्शाएको छ । त्यसैगरी, पञ्चायत शासनको नराम्रा पक्षको भण्डाफोर गरी प्रजातन्त्रको पक्षमा वकालत गर्न निस्केको विद्यार्थी आन्दोलन पनि देशप्रेमकै प्रतीक हो । यसरी देशप्रेम र संस्कृतिप्रेमको उजागर गर्नु उपन्यासको मूल मर्म भएकाले उपन्यासको प्रमुख उद्देश्य पनि देशप्रेम र संस्कृतिप्रेमको प्रस्फुटन गर्नु हो भन्ने स्पष्ट हुन्छ ।

**ख) अस्तित्ववादी जीवन दर्शन**

अस्तित्ववादी जीवनदृष्टिका अनुसार जन्मसँगै मृत्यु पनि लिएर आएको मान्छेको जीवन अत्यन्त विसङ्गत छ र यस्तो विसङ्गतिका बीचमा पनि सङ्गति खोज्न मान्छे सदा

---

५ तारानाथ शर्मा, पूर्ववत्, पृ. ३२६ ।

अग्रसर भइरहन्छ । उसले स्वतन्त्र रूपमा चुन्ने, वरण गर्ने, सोच्ने, विचार गर्ने गर्दछ, जसबाट ऊ दुःख वा पिडामा पनि पर्न सक्छ । निर्णय गर्दै जानुबाहेक उसँग कुनै अर्को उपाय हुँदैन । प्रत्येक निर्णयबाट व्यक्तिको स्वत्व स्थापित हुन्छ । मान्छे स्वभावैले अस्तित्वप्रेमी हुन्छ भन्ने यही अस्तित्ववादी मान्यता विवेच्य **नेपालदेखि अमेरिकासम्म** उपन्यासका पात्रहरूको चरित्रमा देख्न सकिन्छ ।

विवेच्य उपन्यासका पात्रहरू कविता, नीलिमा, कामिनी र श्यामलालको चरित्रमा अस्तित्ववादी प्रवृत्ति पाइन्छ । उपन्यासको प्रमुख पात्र कविताले एकतर्फी प्रेममा पागल भएको श्यामलालको दूर्व्यवहार सहनु परे पनि श्यामलाललाई प्रेमीको रूपमा स्वीकार गरेकी छैनन् । श्यामलालले अमेरिका लैजाने मोह देखाए पनि, धम्काए पनि र जबरजस्ती सार्वजनिक स्थानमा सिन्दुरपोते पहिर्‍याएर पनि कविताले श्यामलाललाई आफ्नो जीवनमा कुनै स्थान दिएकी छैन । यी विविध विसङ्गत परिस्थितिका बीचमा पनि कविताले आफ्नो अस्तित्वका लागि सङ्घर्ष गरेको देखिन्छ । त्यस्तै, जीवनका रङ्गीन सपना बुनेर पढाइ समेत छोडी शेखरसँग विवाह गरेकी नीलिमाले शेखरको न्यानो स्नेहको सट्टा शारीरिक र मानसिक पीडा सहनु परेको देखिन्छ । नारीलाई केवल यौनप्यास मेट्ने साधन ठान्ने शेखरको हातमा आफ्नो जीवन सुम्पनु कायरता हो भन्ने ठानेर नीलिमाले शेखरसँग पाचुके गरी स्वतन्त्र जीवन बाँचेकी छिन् । नीलिमाले आफ्नो अस्तित्व रक्षाकै निम्ति शेखरसँग पाचुके गरेको देखिन्छ । त्यसैगरी, घुम्न तथा साथीहरू सँग भेटघाट गर्न मन नपराउने, आफूलाई मल्ल राजाको सन्तान ठान्ने रत्नप्रकाशलाई अमेरिकाको रहनसहन अनुरूप परिवर्तन गर्न कामिनीले जति प्रयास गरे पनि सफल हुन सकिनन् । फलस्वरूप कामिनीले पति रत्नप्रकाशलाई छाडेर पूर्वप्रेमी मणिरत्नसँग विवाह गरेको देखिन्छ । यसलाई कामिनीले आफ्नो स्वअस्तित्वका लागि लिएको निर्णय हो भन्न सकिन्छ ।

सानैमा आमा मरेकाले सौतेनी आमाको हेला खप्नु पर्नु, सानैमा दुःखको दलदलमा पर्नुका साथै कवितासँग प्रेमको याचना गर्दा प्रेमको सट्टा अपमान सहनु परेको श्यामलालको व्यक्ति अस्मितामा चोट पुगेको देखिन्छ । मातृवात्सल्य समेत नपाएको श्यामलालले सङ्घर्ष गरी अमेरिकाबाट विद्यावारिधि गर्नु, कवितालाई हरप्रयासलाई आफ्नो बनाउन खोज्नु, कवितालाई आफ्नो बनाउन नसकेपछि नानुहिरासँग विवाह गरेर जीवनयापन गर्न खोज्नु जस्ता कार्यकलाप श्यामलालले आफ्नो अस्तित्व रक्षाकै लागि गरेका हुन् । नानुहिरासँग

पाचुके गरी श्यमलालले अमेरिकन केटी शिलासँग विवाह गरेको छ । यसरी एक पछि अर्को नियतिको दुष्चक्रमा परेको श्यामलालले जीवनको विसङ्गतिमा पनि आफ्नो अस्तित्वको लागि सङ्घर्ष गर्न भने छोडेको छैन ।

यसरी उपन्यासकार शर्माले प्रस्तुत उपन्यासमा व्यक्ति अस्मिताको कुरा उठाएका छन् । मान्छेले जस्तोसुकै विसङ्गत परिस्थितिका बीचमा पनि आफ्नो व्यक्ति अस्तित्व स्थापित गर्न सङ्घर्षरत हुन्छ भन्ने जीवनदर्शन विवेच्य उपन्यासमा व्यक्त भएको छ ।

**ग) तत्कालीन राजनैतिक व्यवस्थाको विरोध**

तत्कालीन पञ्चायत शासनकालको राजनैतिक व्यवस्था उपन्यासको कथानकीय आधारभूमि बनेर आएको छ । पञ्चायत कालको एकतन्त्रीय शासन, चाकडीबाज, सीमित व्यक्तिको हातमा रहने राजनैतिक शक्ति र उक्त शक्तिको दुरूपयोग जस्ता कुकृत्यलाई उपन्यासमा विरोध गरेको छ । नेपाली समाज तथा नेपाली शैक्षिक प्रणालीलाई संवर्द्धन गर्न नसकिने खालको नयाँ शैक्षिक प्रणाली पञ्चायत सरकारले लागू गर्न खोजेको छ । उक्त नयाँ शिक्षाको विरोधमा देशभरका शैक्षिक संस्थाहरूमा विरोध जुलुस तथा सभा, सेमिनार समेत भएको देखिन्छ । उपन्यासमा नयाँ शिक्षाका विरूद्धमा उठेको विद्यार्थी आन्दोलनमाथि निर्मम दमन गर्ने पञ्चायत शासनको घोर विरोध गरेको छ । असक्षम व्यक्तिहरूले चाकडीको भरमा जागीर खाएको र नयाँ, जोश जाँगर तथा दक्षता हासील गरेका प्रतिभाशाली युवावर्ग विदेसिनु परेको सन्दर्भलाई उल्लेख गरी उपन्यासकारले तत्कालीन राजनैतिक व्यवस्थाप्रति असहमति जनाएका छन् । पञ्चायत शासन प्रणालीले देशको आर्थिक, सामाजिक तथा शैक्षिक क्षेत्रको विकास हुन नसकेको र राज्यको सम्पतिलाई राजनैतिक सत्ताको बागडोर सम्हाल्ने सीमित व्यक्तिले आफ्नो स्वार्थको लागि प्रयोग गरेको यथार्थलाई उपन्यासमा प्रस्तुत गरिएको छ । नयाँ शिक्षाको बारेमा आफ्नो अभिव्यक्ति दिने क्रममा प्रहरीले हस्तक्षेप गरी देवमणिलाई राज्यको विरूद्धमा बोलेको भन्दै थुनामा राख्नुले तत्कालीन राजनैतिक व्यवस्थामा सर्वसाधारणलाई वाक्स्वतन्त्रता नभएको देखिन्छ । जुन कुराको उपन्यासमा विरोध गरिएको छ । समग्रतामा भन्नु पर्दा उपन्यासमा पञ्चायत कालको चाकडीबाज, निरङ्कुशता, अन्याय, अत्याचार जस्ता विकृतिलाई विरोध गरिएको छ ।

### छ) युवावर्गको यथार्थिक चित्रण

**नेपालदेखि अमेरिकासम्म** उपन्यासमा तत्कालीन पञ्चायत शासन कालमा युवावर्गले भोग्नुपरेको यथार्थलाई चित्रण गरिएको छ । तत्कालीन राजनैतिक व्यवस्थाका साथै युवापिडीमा देखिएको भौतिक सुखको मोहका कारण नेपाली युवाहरू अमेरिका पलायन भएको यथार्थ उपन्यासमा चित्रण गरिएको छ । तत्कालीन समयमा केवल चाकडीको भरमा जागीर खाने परिपाटीले गर्दा नयाँ जोश भएका क्षमतावान् युवावर्ग बेरोजगार भएको देखिन्छ । आफ्नो प्रतिभाको कदर नभएपछि देशको मेरूदण्ड मानिने युवावर्ग विदेश पलायन हुनुपर्ने बाध्यतालाई उपन्यासमा चित्रण गरिएको छ । मुटुभरि देशप्रेम भएर पनि आफ्नो मातृभूमिका लागि केही गर्न सक्ने अवसर नपाउनु तत्कालीन समयको युवावर्गको यथार्थ हो । देशको अव्यवस्थित राजनीतिक प्रणाली, गरिबी, बेरोजगारी, आदिका कारण उपन्यासका अधिकांश पात्र भौतिक सुख सुविधाको खोजीमा अमेरिका प्रस्थान गरेको देखिन्छ । त्यसैगरी, अमेरिका पुगेर पनि आफ्नो योग्यता अनुसारको काम पाउन नसक्नु, आत्मसम्मानका साथ बाँच्ने वातावरण नहुनु प्रवासी नेपाली युवावर्गको अर्को यथार्थ हो । त्यस्तै, एकतर्फी प्रेममा पागल बनेको श्यामलालले कवितालाई आफ्नो जीवनसाथी बनाउन नसकेपछि कविताप्रति गरेको दुर्व्यवहारलाई पनि युवावर्गमाझ घट्ने गरेको यथार्थ घटनाका रूपमा लिन सकिन्छ । यसरी उपन्यासमा तत्कालीन समयको युवावर्गको यथार्थ चित्रण गरिएको छ ।

समग्रमा भन्नुपर्दा, देशप्रेम र संस्कृतिप्रेमको प्रस्फुटन, अस्तित्ववादी, जीवनदर्शन, तत्कालीन राजनैतिक व्यवस्थाको विरोध, युवावर्गको यथार्थ चित्रण नै विवेच्य उपन्यासको मूलभूत उद्देश्यहरू हुन् भन्न सकिन्छ ।

## ५.३ नेपालदेखि अमेरिकासम्म उपन्यासको भाषाशैलीको विश्लेषण

**नेपालदेखि अमेरिकासम्म** उपन्यासको भाषा सामान्य बोलीचाली र व्यवहारमा प्रयोग हुने खालको रहेको छ । उपन्यासमा सरल र सरस भाषाको प्रयोग गरिएको छ । उपन्यासमा सरल भाषामा मिठासपूर्ण साहित्यिक अभिव्यक्ति व्यक्त भएको छ । जुन उपन्यासकारको निजी वैशिष्ट्य हो । वर्णनात्मक शैली अधिक मात्रामा प्रयोग भएको यस उपन्यासको भाषा सर्वसाधारणले बुझ्न सकिने खालको देखिन्छ । उपन्यासमा प्रयोग भएका आलङ्कारिक अभिव्यक्ति समेत सरल र सुबोध्य शैलीमा व्यक्त गरिएको छ । तसर्थ उपन्यासको भाषा

सरल भएर पनि आलङ्कारिक र कलात्मक देखिनु विवेच्य उपन्यासको भाषिक वैशिष्ट्य हो भन्न सकिन्छ । विवेच्य उपन्यासको भाषाशैलीलाई निम्नानुसार विश्लेषण गर्न सकिन्छ ।

### ५.३.१ शाब्दिक प्रयोग

शब्द भण्डारका दृष्टिले हेर्दा विवेच्य उपन्यासमा विभिन्न स्रोतका शब्दहरू प्रयोग भएको देखिन्छ । यस उपन्यासमा नेपाली भाषामा प्रचलित तद्भव शब्दका साथै तत्सम, आगन्तुक र झर्रा शब्दहरू पनि प्रयोग भएका छन् । उपन्यासमा प्रयुक्त तत्सम, आगन्तुक र झर्रा गरी तिनवटा स्रोतका शब्दहरूलाई उदाहरणार्थ निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**क) तत्सम शब्द :**

शास्त्र, उत्सुक, नितम्ब, इच्छा, शुभ्र, दरिद्रता, आकाश, शुल्क, प्रकृति, केश, अनुपम, अदृश्य, सौन्दर्य, ईर्ष्या, साहित्य, द्रष्टा, शान्ति, नीति, प्रस्ताव, शिष्ट, कृत्रिम, मुक्ति, स्वर, अमृत, सम्भोग, नारी, क्षणिक, मनुष्य, स्वच्छन्द, तपस्या, सङ्कीर्ण, व्यथित, अद्वितीय, पार्थिव, आवासीय, स्वाद, स्वर्गीय, पीडा, शिशु, दूरदर्शिता, दुष्ट, कर्तव्यनिष्ट, गम्भीर, क्रोध, हृदय, यौवन, तारुण्य, प्रतिज्ञा, संस्कृति, प्रतीक, विधि, धृष्टता, क्षितिज, महत्ता, रणभूमि, छात्रवृत्ति, आवेग, विरह, वेदना, वैराग्य, स्नानकक्ष, प्रथम, हितैषी, पति, उत्सव, उत्कण्ठा, शरद, नगर, आक्रोश, नयन, गगनचुम्बी, तृप्त, स्वास्थ्य, मस्तिष्क, बालिका, कार्यालय, स्वर्ग, वैभव, प्रतिष्ठा, रहस्य, उपहास, मिथ्या, निर्निमेष, शोषण, निर्दिष्ट, प्रतीत, तुष्टि, प्रलय, शासन, मेला, निर्वाचन, पामर, आदेश, खग्रास, चिकित्सा, पङ्गु, अग्निकुण्ड आदि ।

**ख) आगन्तुक शब्द :**

रवाफ, असुल, गजब, ग्लास, स्पेनियाँ, कलेज, रेफ्रिजरेटर, भ्याकुम क्लिनर, मेसिन, रेल, मेट्रो, नम्बर, डाक्टर, सिमेन्ट, टिकट, फैसला, अदालत, भिसा, माइल, इन्जिनियर, ग्रीनकार्ड, टि.भी. बियर, ह्वस्की, वकिल, मार्ट, डलर, बर्गर, स्कर्ट, स्टेसन, बालिग, ट्याक्सी, टेलिफोन, चस्मा, रुबल, सबा, सवारी, ड्राइभर, युनिभर्सिटी, जागिर, जेल, मेहिनत, कफी, साबुन, मगज, कानुन, हुर्मत, फत्तुर, अम्लेट, आदि ।

**ग) झर्रा शब्द :**

चपक्क, तनक्क, सलक्क, फुत्त, लमकलमक, झमट, भूँइचालो, कल्कलाउँदो, चटक्क,सुक्सुकाउँदो, ठिटो, झुत्री, भ्वार्लाङ्ग, चेपऱ्याइँ, चिम्सी, रेला, झिमिकझिमिक, पुड्के, खिनाउरे,चाउरिक्क, खम्म्याङ्-खुम्रुङ, खोल्च्याङ, सुलुल्ल, ह्वार्लाङ, ढेब्रे, बल्डेङ्ग्रा, ठेडी, भ्याप्भ्याप्ती, खुँजेली, बाङ्गे, फनक्क, कुइँक्क, टनटन, झमक्क, घऱ्याकघुरूक, गर्ल्यामगुर्लुम, हारालुछ, हुरुक्क, टनटन, घुँक्कघुँक्क, झमक्क, फुरूङ्ग, चुच्चे, बुथुर्क्के, स्वाँठ, ध्वाप्प, ग्याँची, च्याक्से, ताहुरमाहुर, वाल्ल, खुइय, ढिँडो, हिरिक्क, गुन्द्रुक काठे, छर्लङ्ग, च्वास्स, जुरुक्क, ङिच्च, ढाँटढुँट, च्वाँट, खुचिङ, पितुर्के, रिट्ठो, फोकट, झट्केला, झझल्को, चुइँकट, स्याउँस्याउती, झम्पल, टपर्टुइँया, सुईखुट्टी, बुकुर्सी, चोलो, गुन्यु, धोक्नु, राईफाँडो, मुन्टिनु, पोल्टा, टाँसो, कटेरो, खलपत्रे, खास्टो, घनटाउके, कठिनी, अड्बाङ्गे, मारमुङ्ग्री आदि ।

यसरी **नेपालदेखि अमेरिकासम्म** उपन्यासमा तत्सम, आगन्तुक, तद्भव र झर्रा स्रोतका शब्दहरू प्रयोग भएका छन् । यस उपन्यासमा तुलानात्मक रूपमा झर्रा शब्दको प्रयोग बढी नै रहेको देखिन्छ ।

**५.३.२ वाक्य संरचना**

**नेपालदेखि अमेरिकासम्म** उपन्यासमा प्रयुक्त भाषाशैलीलाई वाक्यका तहमा हेर्दा उपन्यासमा सरल, सयुंक्त र मिश्र तिनै प्रकारका वाक्य संरचना प्रयोग भएको देखिन्छ । तुलानात्मक रूपमा हेर्दा विवेच्य उपन्यासमा मिश्र वाक्य कम र सरल तथा संयुक्त वाक्यको बढी प्रयोग भएको पाइन्छ । उपन्यासमा मिश्र र संयुक्त वाक्यको प्रयोग भए पनि ती वाक्यहरू नेपाली पाठकले बुझ्न नसक्ने क्लिष्ट र जटिल नभइ सामान्य खालका छन् । उपन्यासमा प्रयुक्त वाक्य ढाँचालाई उदाहरणार्थ निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

) **सरल वाक्य :** "गुलाफको फूललाई सर्काइरहनु पर्दैन । डाँफेको रङ्गलाई फुर्क्याइरहनु पर्दैन । नेपालका हिमालहरूलाई उचालिरहनु पर्दैन ।" (पृ.४८)

- **संयुक्त वाक्य** : "अमेरिका पनि अजिङ्गर नै त रहेछ हेर्दा रङ्गीन, रमाइलो र राम्रो तर छुँदा स्नेहहीन र परको ।" ( पृ ३४२)
- **मिश्र वाक्य** : "कुन यस्तो पुरुष होला जसको छाती कविताको शारीरिक गठनले नहल्लेला ? कुन यस्तो मर्द होला जसको मुटु कविताको हिस्सी देखेर ढुकढुकी नबढ्ला ? कुन यस्तो नर होला जसका नसा-नसामा कविताको अतुलनीय सुन्दरताले रगत नसन्सनाउला ?"( पृ. २०६)

**५.३.३ विचलन**

भाषिक सौन्दर्यका लागि हरेक साहित्यकारहरूले आफ्नो कृतिहरूमा कर्ता, कर्म र क्रियाको श्रृङ्खलित प्रयोगलाई भङ्ग गरी विचलनयुक्त भाषाको प्रयोग गर्ने गर्दछ । वाक्यका तहमा देखिने व्याकरणगत र अर्थगत विशृङ्खला नै भााषिक विचलन हो । विचलन पनि व्याकरणिक र अर्थतात्त्विक गरी दुई वर्गमा विभाजन गर्न सकिन्छ । जसलाई छुट्टाछुट्टै गरी निम्नानुसार प्रस्तुत गरिन्छ :

**क) व्याकरणिक विचलन**

प्रत्येक भाषा आ-आफ्नै नियममा बाँधिएर व्यवस्थित भएको हुन्छ । भाषालाई व्यवस्थित गर्ने नियम नै व्याकरणिक व्यवस्था हो । साहित्यकारले सधैं भाषाका प्रचलित नियम र व्यवस्थाको पूर्ण रूपमा पालन गरेको हुँदैन । आफ्नो अभिव्यक्तिलाई विशिष्ट रूपमा व्यक्त गर्नका लागि साहित्यकारले कहिलेकाँही त्यस्ता व्याकरणिक नियमहरूलाई अतिक्रमण गर्न सक्दछ । यस्तो अतिक्रमणलाई नै व्याकरणिक विचलन भनिन्छ । विवेच्य उपन्यासमा व्याकरणिक विचलनका उदाहरणहरू प्रशस्तै भेटिन्छन् । त्यस्त केही उदाहरण यस प्रकारका छन् :

- लाखमा एक छे नानुहिरा, आँखामा टल्कने नानी जस्ती, रत्नमा झल्कने हीरा जस्ती । (पृ. २१८)
- मेरो शिरकी सिउर हौ तिमी । मुटुकी ढुकढुकी हौ तिमी र मेरो शरीरकी आत्मा हौ तिमी । (पृ. ३१५)

) अमेरिका पनि अजिङ्गर नै त रहेछ रङ्गीन, रमाइलो र राम्रो तर छुँदा स्नेहहीन र परको । (पृ. ३४२)

माथि उदाहरणार्थ प्रस्तुत भएका वाक्यहरूमा व्याकरणिक व्यवस्था अनुरूप कर्ता, कर्म र क्रियाको व्यवस्थित शृङ्खला रहेको छैन । कर्ता, कर्म, र क्रियाको विश्रृङ्खलताले गर्दा माथिका वाक्यहरूमा व्याकरणिक विचलन देखिएको हो ।

**ख) अर्थतात्त्विक विचलन**

अर्थतात्त्विक विचलन भन्नाले भाषामा अर्थका दृष्टिले हुने विचलन भन्ने बुझिन्छ । यस प्रकारको विचलनमा वाक्यका सामान्य वाच्यार्थमा सङ्गति नभएर अन्य विशिष्ट अर्थ आएको हुन्छ । यस प्रकारको विचलनले विशिष्ट अर्थ प्रदान गर्ने हुनाले अन्य किसिमका विचलनभन्दा अर्थतात्त्विक विचलन साहित्यमा बढी महत्वपूर्ण मानिन्छ । विवेच्य उपन्यासमा प्रयुक्त केही अर्थतात्त्विक विचलनलाई निम्नानुसार प्रस्तुत गरिन्छ :

अ) रूखले यहाँ झ्याँगिन पाउँछ, फुलले यहाँ फक्रिन पाउँछ र फलले यहाँ पाक्न पाउँछ ।

आ) अब तपाई डुबेको तारा रुँगेर वा अस्ताचलको पल्लापट्टि पुगिसकेको सूर्यको पछि दगुरेर किन समय खेर फाल्नुहुन्छ ? ( पृ. ३१२)

इ) गुन्द्रुकले देवमणिलाई बोलाइरहेछ, फिलुङ्गले कवितलाई बोलाइरहेछ र सेलरोटीले हामी दुवैलाई बोलाइरहेछ । (पृ ३२४)

ई) सूर्य  र पृथ्वीलाई शत्रु बनाउने दिशातिर यो राहु र केतुहरू लागिरहेका छन् । (पृ.३३४)

उ) जनकपुर जोशियो, धनकुटा ध्वनित भयो र धरान त धपक्कै बल्यो । विराटनगर बिथोलियो, बाँउडियो र बिच्कियो । ( पृ १४२)

माथि प्रस्तुत वाक्यहरूमा अर्थतात्त्विक विचलन भएको देखिन्छ । उदाहरण (अ) को वाक्य छात्रवृत्ति पाएर अमेरिकामा विद्यावारिधि गर्दै गरेको श्यामलालले कवितालाई लेखेको चिठीको दृष्टान्त हो । यस दृष्टान्तले बोटविरूवा भ्याँगिने, फुल्ने र फल्ने उर्वर भूमिलाई इङ्गित गरेको देखिन्छ । तर उक्त कथन अमेरिकामा वैयक्तिक स्वतन्त्रताका साथै प्रतिभाको सम्मान तथा योग्यता अनुसार अवसर पाउने सन्दर्भलाई पुष्टि पार्न आएको हो । त्यस्तै, उदाहरण (आ) को वाक्य कविताले रत्नप्रकाशलाई सम्झाउने क्रममा व्यक्त गरिएको कथन हो । प्रस्तुत वाक्यले आकाशको डुब्न लागेको तारा हेरेर अस्ताउन लागेको सूर्यको पछि लागेर समय खेर फाल्नु व्यर्थको कसरत हो भन्ने सामान्य अर्थ दिएको छ । तर उपन्यासमा श्रीमती कामिनीले आफूलाई छाडेर गएपछि रत्नप्रकाशले कविता र देवमणि समक्ष कामिनीको खोजीका लागि आग्रह गर्दा कवितामार्फत उक्त कथन व्यक्त भएको हो । उपन्यासमा उक्त वाक्य पोइल गएको श्रीमतीको खोजी गरेर पछि लाग्दै जानु व्यर्थ र मूर्खतापूर्ण कसरत हो भन्ने अर्थमा प्रयोग भएको देखिन्छ ।

त्यस्तै, उदाहरण (इ) को वाक्य अध्ययनका सिलसिलामा अमेरिका पुगेको देवमणिको कथन हो । अमेरिका भौतिक सुख सुविधाले भन्दा आफ्नो मातृभूमिको प्रेमले तानिरहेको कुरा व्यक्त गर्ने क्रममा माथिको अभिव्यक्ति व्यक्त भएको हो । त्यस्तै, उदाहरण (ई) को वाक्य नेपालको तत्कालीन राजनैतिक व्यवस्थाबारे कृष्णहरि काफ्लेद्वारा व्यक्त गरिएको अभिव्यक्ति हो । तत्कालीन पञ्चायत कालमा राजा र रानीलाई कुनै सूचना नै नदिई राजआदेश विपरित जनतामाथि पञ्चायत सरकारका अगुवाहरूले दमन गरेको प्रसङ्गमा उक्त कथन व्यक्त भएको हो । राजा र रानीको स्वच्छ छविलाई पञ्चायतका अगुवाहरूले कलङ्कित पारेको भन्ने अर्थ उक्त कथनबाट व्यञ्जित भएको । त्यस्तै, उदाहरण (उ) को वाक्य तत्कालीन पञ्चायत शासनले लागू गर्न खोजेको नयाँ शिक्षाको विरोधमा निस्केको विद्यार्थी आन्दोलनको सन्दर्भमा व्यक्त भएको हो । आन्दोनलका क्रममा जनकपुर, धनकुटा, धरान र विराटनगरमा समेत आन्दोलन चर्केको भन्ने अर्थ उक्त कथनले दिएको छ । यसरी उपन्यासमा अर्थका तहमा विचलन गरी विशिष्ट अभिव्यक्ति प्रस्तुत गरेको देखिन्छ ।

### ५.३.४) उखान-टुक्काको प्रयोग

लोकजीवनमा प्रचलित सारपूर्ण उक्ति उखान हो भने लोकजीवनमा प्रचलित लाक्षणिक

अर्थ दिने पदावली टुक्का हो । सुक्तिमय अभिव्यक्ति व्यक्त गर्नुका साथै मीठासपूर्ण तरिकाले प्रतीकात्मक अर्थ व्यञ्जित गर्नका लागि साहित्यकारहरूले आफ्नो कृतिमा उखान-टुक्काको प्रयोग गर्ने गरिन्छ । थोरै शब्दमा धरै भन्न सकिने र श्रुतिमधुर हुने भएकाले साहित्यिक कृतिहरूमा उखान-टुक्काको छुट्टै महत्व रहेको छ । विवेच्य **नेपालदेखि अमेरिकासम्म** उपन्यासमा उखान-टुक्का पनि अधिक रूपमा प्रयोग भएको छ । जसले गर्दा उपन्यासको भाषा सुक्तिमय र प्रतीकात्मक बनेको छ । उपन्यासमा प्रयोग भएका केही उखान-टुक्का उदाहणार्थ निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**क) उखान**

- घुम्दै फिर्दै रुम्जाटार (पृ.५)
- बाँदरको हातमा नरिवल (पृ.४६)
- पढीगुनी के काम हलो जोती खायो माम (पृ.७१)
- लाटाको खट्टो बाटामा पर्नु (पृ.१३१)
- साँढेको जुधाइ बाछाको मिचाइ (पृ.१३८)
- हर्रो नपाउने जोगी जाइफलको भोगी (पृ.२०२)
- हेर्दाको डाल ढिँडाको काल (पृ.२२१)
- मामाको धन फुपुको श्राद्ध (पृ.२९०)
- मण्डले चेला मेलामा भेला (पृ.३२०) आदि

**ख) टुक्का**

- छात्ती चस्कनु (पृ.१६)
- तेल घस्नु (पृ.५)
- घैँटोमा घाम लाग्नु (पृ.१३९)
- बलिको बोको हुनु (पृ.१५६)
- तालुमा आलु फल्नु (पृ.११०)
- तोरीको फुल देख्नु (पृ.३०३)

) थुक निल्नु (पृ.६५) आदि ।

प्रस्तुत उपन्यासमा गरिएको भाषिक चयन, विचलन, विभिन्न स्रोतबाट ग्रहण गरिएको शब्दहरू र प्रयुक्त उखान-टुक्काको प्रयोगबाट उपन्यासको भाषिक शैली कस्तो छ भन्ने कुरा स्पष्ट हुन्छ । उपन्यासकार शर्माले विवेच्य उपन्यासमा वर्णनात्मक भाषा शैलीको बढी प्रयोग गरेका छन् । सरल किसिमले थोरै शब्दमा धेरै अभिव्यक्ति व्यक्त गर्न सक्ने साहित्यिक खुबी उपन्यासकार शर्माको औपन्यासिक वैशिष्ट्य हो । जसको कारण विवेच्य उपन्यासको भाषशैली सरल भइकन पनि कलात्मक र रोचक बन्न पुगेको छ । तत्सम, तद्भव, झर्रा र आगन्तुक शब्दहरूको समुचित प्रयोग र उखान टुक्काको सार्थक प्रयोगले विवेच्य कृतिको भाषाशैली सबल बनेको देखिन्छ । उपन्यासमा प्रयुक्त छेकानुप्रास युक्त वाक्यका साथै उपमा र रूपक अलङ्कारले उपन्यासको भाषालाई अझ मीठासपूर्ण, श्रुतिमधुर र कलात्मक बनाएको देखिन्छ । वर्णानात्मक र संवादात्मक भाषिक शैली प्रयोग भएको विवेच्य उपन्यासमा पात्र अनुकूलको सरल र सरस भाषाको प्रयोग भएको छ । जसले गर्दा संवादात्मक शैली पनि सबल बनेको देखिन्छ । उपन्यासमा प्रयुक्त कतिपय संवाद लामो र एकोहोरो प्रवचन जस्तो लागे पनि बोधगम्य र स्वाभाविक नै देखिन्छ ।

## ५.४ निष्कर्ष

निष्कर्षमा भन्नुपर्दा, पञ्चायत व्यवस्थाको नराम्रा कुराहरुको भण्डाफोर गर्नुका साथै राष्ट्रप्रेम र संस्कृतिप्रेमलाई उजागर गर्नु विवेच्य उपन्यासको प्रमुख उद्देश्य हो । तत्कालीन युवावर्गको यथार्थिक चित्रण, अस्तित्ववादी जीवन दर्शनको प्रक्षेपण, नारी स्वतन्त्रताको वकालत आदि पनि विवेच्य उपन्यासको उद्देश्यका रूपमा आएको छ । राष्ट्रप्रेमलाई प्रमुख उद्देश्य बनाएको प्रस्तुत उपन्यासमा वर्णनात्मक र संवादात्मक भाषिक शैलीको प्रयोग भएको छ । तत्सम, तद्भव, आगन्तुक र झर्रा शब्दको समुचित प्रयोगका साथै अनुप्रासयुक्त वाक्य, व्याकरण र अर्थका तहमा देखिएको विचलन तथा उखान टुक्काको प्रयोगले विवेच्य उपन्यासको भाषा सरल र कलात्मक बनेको देखिन्छ । सर्वसाधारणका लागि पनि बोधगम्य हुनु विवेच्य उपन्यासको भाषाशैलीगत विशेषता हो । आख्यानात्मक विधामा पनि काव्यात्मकता देखिनु उपन्यासकारको शैलीगत वैशिष्ट्य हो भन्न सकिन्छ ।

# अध्याय -छ

# सारांश तथा निष्कर्ष

## ६.१ सारांश

उपन्यासार तारानाथ शर्मा नेपाली उपन्यास परम्पराको आलोचनात्मक यथार्थवादी धाराका उपन्यासकार हुन् । वि.सं १९९१ आषाढ ९ गते इलाममा जन्मेका शर्माले नेपाली साहित्यको विविध विधामा योगदान दिएका छन् । वि.स. २००८ सालको 'साथी' साप्ताहिक पत्रिकामा प्रकाशित 'इलाम' शीर्षकको प्रबन्धबाट शर्माको साहित्यिक यात्रा प्रारम्भ भएको हो । कथा, उपन्यास, निबन्ध, कविता र समालोचना विधामा कलम चलाएका शर्मा निबन्ध विधामा बढी चर्चित र सिद्धहस्त देखिन्छ । दार्जिलिङ्गबाट शिक्षा–दीक्षा आरम्भ गरेका शर्माको औपन्यासिक यात्रा भने वि.स. २०२३ सालमा प्रकाशित 'ओझेल पर्दा' उपन्यासबाट सुरू भएको हो । उनका 'ओझेल पर्दा ' (२०२३), 'मेरो कथा' (२०२३), 'सुली' (२०३०), 'झझल्को' (२०४५) र 'नेपालदेखि अमेरिकसम्म' (२०४९) जस्ता औपन्यासिक कृतिहरू प्रकाशित छन् । नेपाली भाषा प्रवर्द्धनका लागि अनवरत रूपमा लागी परेका शर्मा 'झर्रोवाद' नामक भाषिक आन्दोलनको प्रवर्तक समेत हुन् ।

उपन्यासकार तारानाथ शर्माको **नेपालदेखि अमेरिकासम्म** उपन्यास वि.सं. २०४९ सालमा प्रकाशित भएको हो । यो कृति पञ्चायत कालको नराम्रा कुराहरूको भण्डाफोर गर्दै प्रजातन्त्रको पक्षमा वकालत गरेको यथार्थपरक उपन्यास हो । कीर्तिपुरको छात्रावासमा बस्ने छ जना छात्राहरू विवाह पश्चात् अध्ययनका लागि श्रीमान्हरूसँग अमेरिका गएको कुरालाई कथानकको मूल आधार बनाइएको छ । वि.सं. २०३५ सालतिरको पञ्चायत शासनको राजनैतिक घटनाक्रमलाई समेटिएको यस उपन्यासमा देशप्रेम, संस्कृतिप्रेम र नेपाली जातीय प्रेम सशक्त र जीवन्त बनेर आएको छ । आदि, मध्य र अन्त्यको अवस्थितिमा बाँधिएको यस उपन्यासको कथावस्तु कार्य-कारण शृङ्खलामा संरचित रहेको छ । मूल कथानकमा सहायक कथानकको मिश्रण समेत भएको विवेच्य उपन्यासको कथानक बोधगम्य नै रहेको छ । घटनाहरूको तारतम्य एकपछि अर्को मिलेर गएको कथावस्तुमा कहीँकतै व्यवधान देखिए पनि उपन्यासको कथानक ढाँचा

पूर्णतः रैखिक रहेको छ ।

उपन्यासको प्रमुख पात्र कविताको परिचयबाट सुरू भएको विवेच्य उपन्यासमा नीलिमा र शेखरको वैवाहिक जीवन, श्यामलालको एकतर्फी प्रेमको पागलपन, पञ्चायत कालको राजनैतिक व्यवस्थाको विरोध आन्दोलन, कामिनीको दोस्रो विवाह, श्यामलालको वैवाहिक जीवनको प्रसङ्ग आदि जस्ता घटनाक्रम उनिएको छ । प्रमुख पात्र कविताको परिचय, विश्वविद्यालयको साथीहरूसँगको कविताको चिनजान, कविताको साथी नीलिमाको शेखरसँग विवाह भएको प्रसङ्ग र विवाह पश्चात् नीलिमाको पीडादायी वैवाहिक जीवनको प्रसङ्ग उपन्यासको आदि भाग हो । नीलिमाले शेखरसँग पाचुके गरेको प्रसङ्ग, नयाँ शिक्षाको विरोधमा चर्केको विद्यार्थी आन्दोलन र श्यामलालको एकतर्फी पागल प्रेमका कारण श्यामलालले कविताप्रति गरेको दूर्व्यव्यवहारको प्रसङ्ग उपन्यासको मध्य भाग हो । त्यसैगरी, कविता र उसका साथीहरू विवाह पश्चात् आ-आफ्ना पतिका साथ अमेरिका जानु, फेरि नेपालमा विद्यार्थी आन्दोलन चर्केर जनमत सङ्ग्रहको घोषणा हुनु, मातृभुमिको प्रेमले गर्दा उपन्यासका पात्रहरू नेपाल फर्कने तयारीमा जुट्नु जस्ता प्रसङ्ग उपन्यासको अन्त्य भाग हो । यिनै घटनाक्रमबाट विवेच्य उपन्यासको वस्तुविधान निर्माण भएको देखिन्छ ।

**नेपालदेखि अमेरिकासम्म** उपन्यास घटनाप्रधान उपन्यास भएपनि यसमा चरित्रचित्रण उत्तिकै सशक्त बनेर आएको छ । पात्रहरू आ-आफ्नै विशेषता अनुसार क्रियाशील भई उपन्यासको कथानक संरचना तयार भएको छ । विवेच्य उपन्यासका पात्रहरूलाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ । लिङ्गका आधारमा स्त्री र पुरुष गरी दुई वर्गमा वर्गीकरण गर्न सकिन्छ । कार्यका आधारमा विवेच्य उपन्यासका पात्रहरूलाई प्रमुख, सहायक, र गौण गरी वर्गीकरण गर्न सकिन्छ । कविता, देवमणि र श्यामलाल, विवेच्य उपन्यासको प्रमुख पात्र हुन् भने नीलिमा, शेखर, कामिनी, तत्कालीन पञ्चायत व्यवस्थाको अगुवाहरू; विश्वमणि बराल आदि सहायक पात्रहरू हुन् । यी बाहेकका अन्य पात्रहरू गौण पात्रहरू हुन् । प्रवृत्तिका आधारमा कविता, देवमणि, नीलिमा, छाया, सम्पा, शिशिर, अशेष आदि अनुकूल पात्रहरू हुन् । श्यामलाल, शेखर, मोहनमुनि, शोभा, विश्वमणि बराल, पञ्चायत सरकारका अगुवाहरू प्रतिकूल पात्रहरू हुन् । स्वभावका आधारमा कविता, देवमणि, श्यामलाल, शेखर, छाया, सम्पा, मोहनमुनि, गतिहीन र नीलिमा कामिनी, विश्वमणि बराल र नानुहिरा वर्गीय र यी बाहेकका कविता, नीलिमा, कामिनी,

श्यामलाल, शोभा तथा अन्य पात्रहरूलाई व्यक्तिगत पात्र अन्तर्गत राख्न सकिन्छ । यसका साथै आसन्नताका आधारमा मञ्चीय र नेपथ्य गरी पात्रहरूलाई वर्गीकरण गर्न सकिन्छ भने आवद्धताका आधारमा बद्ध र मुक्त गरी वर्गीकरण गर्न सकिन्छ ।

कविता र देवमणि विवेच्य उपन्यासको प्रमुख पात्रहरू हुन् । उपन्यासमा कवितालाई रूप र गुणले सम्पन्न आँटिली दृढ, निर्भीक, शिष्ट, दूरदर्शी र राष्ट्रप्रेमी नारीपात्रको रूपमा चित्रण गरिएको छ । सुखमा नमातिने र दुःखमा नआतिने कविताको चारित्रिक विशेषता हो । देवमणि विवेच्य उपन्यासको आदर्शवान् पुरुष पात्र हो । उपन्यासमा देवमणिलाई यथास्थितिवादी सोचमा परिवर्तन गर्न खोज्ने आधुनिक युगको शिक्षित युवकको रूपमा चित्रण गरिएको छ । भौतिक सुख सुविधालाई गौण ठान्ने देवमणिलाई राष्ट्रभक्त पात्रका रूपमा खडा गरिएको छ । त्यस्तै, श्यामलाल विवेच्य उपन्यासको खल पात्र हो । श्यामलाललाई उपन्यासमा नियतीको दुष्चक्रमा फसेको पात्रका रूपमा चित्रण गरिएको छ । एकतर्फी पागल प्रेमका कारण सद्‌गुण भएर पनि श्यामलाल प्रतिकूल बन्न पुगेको देखिन्छ । नीलिमा उपन्यासको सहायक नारी हो । सुरूमा अदूरदर्शी र अपरिपक्व देखिने नीलिमा शेखरसँगको वैवाहिक जीवन असफल भएपछि परिपक्व र धैर्यशील नारी पात्रको रूपमा देखा परेको छ । त्यस्तै, नारीलाई केवल यौनप्यास मेट्‌ने साधन ठान्ने शेखरलाई उपन्यासमा गतिहीन र प्रतिकूल पात्रको रूपमा चित्रण गरिएको छ । त्यस्तै, कामिनी आफ्नो अस्तित्व रक्षाका साथै आफ्नो खुसीका लागि स्वनिर्णय लिन सक्ने गतिशील पात्र हो । शोभा श्यामलालकी बहिनी हुन् । शोभाले कविताको बारेमा अनावश्यक बयान गरी दाजु श्यामलाललाई एकतर्फी प्रेमको पागलपनको सिकार बनाएकी छिन् । त्यस्तै, मोहनमुनि पञ्चायतको चाकडी गरी चाकडीको भरमा जागिर पकाउने पात्र हो । विश्वमणि बराल तत्कालीन पञ्चायत व्यवस्थाको प्रीतिनधि पात्र हुन् । विश्वमणिले विद्यार्थी आन्दोलनमा निर्मम दमन गर्ने काम गरेको छ । तसर्थ ऊ प्रतिकूल चरित्र हो । त्यसैगरी, छाया, सम्पा, अशेष, शिशिर, नानुहिरा, शिला, चर्चा, कृष्णहरि काफ्ले लगायतका अन्य पात्रहरू गौण पात्रहरू हुन् ।

**नेपालदेखि अमेरिकासम्म** उपन्यासमा प्रयुक्त घटना र चरित्रलाई विश्वसनीय बनाउन देशकाल उपयुक्त वातावरणको चित्रण गरिएको छ । उपन्यासको कालगत परिवेशका रूपमा वि.सं. २०३५ सालतिरको पञ्चायत शासन काललाई लिन सकिन्छ ।

उपन्यासमा उल्लेखित विद्यार्थी आन्दोलनका साथै जनमत सङ्ग्रहको घोषणाको प्रसङ्गले उपन्यासको कालगत परिवेश वि.सं. २०३५/०३६ सालतिरको घटनाक्रम हो भन्न सकिन्छ । विवेच्य उपन्यासमा स्थानगत परिवेशका रूपमा कीर्तिपुरको विश्वविद्यालय परिसर, छात्रावास र पुस्तकालय परिसर, कन्या क्याम्पस, त्रिभुवन विमानस्थल, असनको गल्ली, भोटाहिटी, काठमाडौँको विभिन्न स्थान, विराटनगर, अछाम, दार्जिलिङ्ग, अमेरिकाको न्यूर्योक शहर, हड्सन नदी, क्यानडाको सुन्दर शहरहरू आदि स्थानहरू रहेको छन् । त्यस्तै, विवेच्य उपन्यासमा साँस्कृतिक परिवेशको रूपमा नेवारी समुदायको वेल विवाहको कुरालाई लिन सकिन्छ । नाकमा बुलाकी र गुन्यू, चोलो लाएकी, खास्टो ओढेकी, नेपाली भाषा बोल्ने दार्जिलिङ्गे बुढी आमाले नेपाली साँस्कृतिक र भाषिक परिवेशलाई जीवन्त पारेको देखिन्छ । यसरी परिवेशका विधानका दृष्टिले पनि विवेच्य उपन्यास उत्कृष्ट रहेको देखिन्छ ।

तत्कालीन पञ्चायत व्यवस्थाको नराम्रा कुराको भण्डाफोर गर्नुका साथै देशप्रेम र संस्कृतिप्रेमलाई उजागर गर्नु उद्देश्य रहेको विवेच्य उपन्यासको भाषाशैली अत्यन्त सरल र कलात्मक रहेको छ । तत्सम र तद्भव शब्दको अधिक प्रयोग भए पनि झर्रा शब्द समेत अपेक्षाकृत धेरै नै प्रयोग भएको देखिन्छ । आगन्तुक शब्दको कम प्रयोग भएको विवेच्य उपन्यासमा तत्सम, तद्भव, झर्रा र आगन्तुक शब्दको समुचित प्रयोग देख्न सकिन्छ । सरल, संयुक्त र मिश्र गरी तिनै प्रकारका वाक्यहरूको प्रयोग भए पनि सरल र संयुक्त वाक्यको प्रयोग ज्यादा देखिन्छ । भनाइलाई विशिष्ट र आलङ्कारिक बनाउन व्याकरणिक र अर्थतात्विक विचलन, उखान-टुक्काको प्रयोग, उपमा र रूपक अलङ्कारको प्रयोग गरिएकाले उपन्यासको भाषाशैली सुक्तिमय र कलात्मक बनेको छ । पात्रहरूबीच भएको संवादात्मक शैली समेत सशक्त बनेर आएको देखिन्छ । कतिपय संवाद एकोहोरो र लामो भए पनि सुबोध्य र स्वाभाविक नै देखिन्छ । वर्णनात्मक शैली अधिक प्रयोग भएको यस उपन्यासको भाषिक र साहित्यिक दुवै शैली उत्कृष्ट रहेको छ ।

## ६.२ समग्र निष्कर्ष

यस शोधपत्रमा उपन्यासकार तारानाथ शर्माको **नेपालदेखि अमेरिकासम्म** उपन्यासको विधातात्त्विक मान्यताका आधारमा अध्ययन विश्लेषण गरिएको छ ।

शोधसमस्यासँग सम्बन्धित प्रश्नहरूमा केन्द्रीत रही समग्र निष्कर्षलाई निम्न अनुसार बुँदागत रूपमा प्रस्तुत गर्न सकिन्छ :

१) तत्कालीन पञ्चायत व्यवस्थाको राजनैतिक घटनाक्रमका साथै कीर्तिपुरको छात्रावासमा बस्ने छ जना छात्राहरू विवाह पश्चात् आ-आफ्ना पतिका साथ अमेरिका प्रस्थान गरेको घटनाक्रमले उपन्यासको वस्तुविधान निर्माण भएको छ । आदि, मध्य र अन्त्यको अवस्थितिमा बाँधिएको यस उपन्यासको कथावस्तु कार्य-कारण शृङ्खलामा संरचित रहेको छ । रैखिक ढाँचालाई आत्मसात् गरेको विवेच्य उपन्यासको वस्तुविधान सबल बनेको छ ।

२) विवेच्य उपन्यासमा राष्ट्रभक्त, पलायनवादी, अस्तित्ववादी, आशावादी, यथास्थितिवादी जस्ता विविध चारित्रिक गुणले युक्त बहुल पात्रहरूको प्रयोग भएको छ । आन्तरिक र बाह्य दुवै दृष्टिविन्दुको प्रयोग भएकोले विवेच्य उपन्यासमा मिश्रित दृष्टिविन्दु रहेको छ ।

३) वि.सं. २०३५ साल तिरको पञ्चायती राजनैतिक परिवेशलाई समेटिएको विवेच्य उपन्यासमा नेपालको विभिन्न स्थान, दार्जिलिङ, अमेरिका, र क्यानडाका सुन्दर शहरहरू स्थानगत परिवेशका रूपमा आएको छ भने नेपालको साँस्कृतिक तथा सामाजिक परिवेशलाई समेत उपन्यासमा समेटिएको छ ।

४) तत्कालीन पञ्चायत शासन व्यवस्थाको नराम्रा कुराको भण्डाफोर गरी देशप्रेम र संस्कृतिप्रेमलाई उजागर गर्नु विवेच्य उपन्यासको प्रमुख उद्देश्य हो । यसका साथै तत्कालीन समयको युवावर्गको यथार्थिक चित्रण गर्नु, नारी स्वतन्त्रताको वकालत गर्नु, अस्तित्ववादी जीवन दर्शन अभिव्यक्त गर्नु पनि विवेच्य उपन्यासको उद्देश्य हो ।

५) तत्सम, तद्भव, झर्रा र आगन्तुक शब्दको समुचित प्रयोगका साथै उखान-टुक्का, अनुप्रासयुक्त शब्दहरू र विचलनयुक्त वाक्यको प्रयोगले विवेच्य उपन्यासको भाषाशैली विशिष्ट र कलात्मक बन्न पुगेको छ ।

यी माथि उल्लेखित निष्कर्ष नै यस शोधकार्यको प्राप्ति हो ।

# सन्दर्भग्रन्थ सूची


आचार्य, रोमनाथ, **तारानाथ शर्माको निजात्मक निबन्धको कृतिपरक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, २०५९ ।

प्रधान, कृष्णचन्द्रसिंह, **नेपाली उपन्यास र उपन्यासकार**, ते.सं., काठमाडौ : साझा प्रकाशन, २०५२ ।

प्रसाई, नरेन्द्रराज, **डा. तारानाथ शर्मा - मेरो अनुभूति**, मधुपर्क, (वर्ष २०, अङ्क ५, पूर्णाङ्क २२० : २०४४, आश्विन), पृ. १०२-१०५ ।

बराल, ऋषिराज, **उपन्यासको सौन्दर्यशास्त्र**, दो. सं., काठमाडौ : साझा प्रकाशन, २०६३ ।

बराल, कृष्णहरि, **कथा सिद्धान्त**, काठमाडौं : एकता बुक्स डिस्ट्रिब्युटर्स, २०६९ ।

बराल, कृष्णहरि र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, दो. सं. काठमाडौं : साझा प्रकाशन,२०५८

भटराई , घट्टराज, **प्रतिभैप्रतिभा र नेपाली साहित्य**, काठमाडौं : नेसनल रिसर्च एसोसिएट्स, २०४० ।

........................, **नेपाली साहित्य परिचय कोश**, काठमाडौं : नेसनल रिसर्च एसोसिएट्स, २०५१ ।

भटराई, मदनराज, **मेरो नजरमा : तारानाथ**, रत्नश्री, (वर्ष ३, अङ्क ३, २०२२), पृ. २२-३९ ।

भण्डारी, जगदीशचन्द्र, **तारानाथ शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, २०४० ।

शर्मा, तारानाथ, **नेपालदेखि अमेरिकासम्म**, ललितपुर : साझा प्रकाशन, २०५९ ।

शर्मा, मोहनराज र खगेन्द्र लुइटेल, **शोधविधि**, चौ. सं., काठमाडौं : साझा प्रकाशन, २०६६ ।

श्रेष्ठ, दयाराम (सम्पा.), **नेपाली कथा भाग - ४**, चौ. सं., काठमाडौं : साझा प्रकाशन, २०६७ ।

सुवेदी, राजेन्द्र, **नेपाली उपन्यास पराम्परा र प्रवृत्ति**, दो. सं., काठमाडौं : साझा प्रकाशन, २०६४ ।